# राप्ती गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## मसुरिया, दाङ, लुम्बिनी प्रदेश




# राजश्व सुधार कार्ययोजना
## (Revenue Improvement Action Plan-RIAP)

## अन्तिम प्रतिवेदन


पेश गर्ने संस्था

डाइनामिक रिसोसेज म्यानेजमेन्ट सर्भिसेज प्रा. लि.

काठमाडौं ।

# विषय सूची


**परिच्छेद – एक: परिचय** १

१.१ **पृष्ठभूमि** १

१.२ **राजश्व सुधार योजनाको औचित्य** १

१.३ **कार्ययोजनाका सोच, लक्ष्य तथा उद्देश्यहरू** २

१.४ **कार्ययोजना तर्जुमा विधि र प्रक्रिया** २

*१.४.१ सन्दर्भ सामग्री सङ्कलन तथा अध्ययन* २

*१.४.२ तथ्याङ्क/सूचना सङ्कलन फारम तथा सूची विकास* ३

*१.४.३ अभिमुखीकरण तथा तालिम सामग्री तयारी* ३

*१.४.४ पदाधिकारी तथा कर्मचारी अभिमुखीकरण कार्यक्रम* ३

*१.४.५ तथ्याङ्क/सूचना सङ्कलन तथा विश्लेषण* ३

*१.४.६ तथ्याङ्क विश्लेषण तथा मस्यौदा तयारी* ४

*१.४.७ मस्यौदा प्रस्तुती तथा छलफल* ४

*१.४.८ राजश्व सुधार कार्यायोजना अन्तिम दस्तावेज तयारी* ४

१.५ **अध्ययनको सीमा** ४

**परिच्छेद – दुई : राजश्व परिचालन सम्बन्धी गाउँपालिकाको विद्यमान अवस्था** ५

२.१ **गाउँपालिकाको संक्षिप्त परिचय** ५

*२.१.१ राजनीतिक तथा प्रशासनिक अवस्थिति* ५

*२.१.२ भौतिक, भौगोलिक अवस्थिति* ५

*२.१.३ ऐतिहासिक चिनारी र नामाकरण* ६

*२.१.४ क्षेत्रफल, भूबनौट तथा भूउपयोग* ६

*२.१.५ जनसंख्या तथा घरपरिवार संख्या* ६

*२.१.६ नदीनाला र ताल, पोखरी* ७

*२.१.७ वन तथा जैविक विविधता* ७

*२.१.८ ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, माटो* ७

*२.१.९ उपयोगको वर्तमान अवस्था* ८

*२.१.१० साँस्कृतिक तथा पर्यटकीय स्थल र सम्पदाहरू* ८

*२.१.११ प्रमुख विशेषता* ८

२.२ **गाउँपालिकाको मानव संशाधनको अवस्था** ८

*२.२.१ राजश्व परिचालन सम्बन्धी स्थानीय नीति तथा कानून* ८

*२.२.२ संगठन संरचना (महाशाखा, शाखा, उपशाखा र इकाई)* ९

*२.२.३ राजश्व सुधार कार्ययोजना तर्जुमा कार्यदलको विवरण* ९

*२.२.४ कर्मचारीको विवरण* १०

*२.२.५ सवारी तथा निर्माण साधन (जीप, जेसिबी, ट्रिपर, ट्र्याक्टर आदि)* १२

*२.२.६ खानेपानी आयोजना, सुविधा र धारा* १२

*२.२.७ बसपार्क, पार्किङ्गस्थल* १३

*२.२.८ हाटबजार, पशुवधशाला* १३

*२.२.९ पार्क तथा मनोरञ्जन स्थल, भ्युटावर* १३

*२.२.१० सार्वजनिक शौचालय* १४

*२.२.११ ल्याण्डफिल साइट* १४

२.३ **आर्थिक अवस्था** १४

*२.३.१ उद्योग तथा कलकरखाना* १४

*२.३.२ व्यापार तथा व्यवसाय* १४

*२.३.३ बैंक तथा वित्तीय संस्था* *१६*
*२.३.४ बजार* *१७*
*२.३.५ नीजि अस्पताल, विद्यालय तथा कलेज* *१७*
**परिच्छेद - तीन : गाउँपालिकाको राजश्व अधिकार तथा आय सम्भाव्यता** **१८**
**३.१ स्थानीय तहको राजश्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था** **१८**
*३.१.१ संवैधानिक व्यवस्था* *१८*
*३.१.२ कानुनी व्यवस्था* *१८*
**३.२ आन्तरिक आय सङ्कलनका प्रमुख क्षेत्रहरूको विद्यमान अवस्था** **२४**
**३.३ आन्तरिक आय उठाउन सक्ने तर हालसम्म नउठाएका शीर्षकहरू तथा परिचालनका उपाय :** **२५**
**३.४ आन्तरिक आय सङ्कलनका प्रमुख क्षेत्रहरूको विद्यमान अवस्था र सम्भावना विश्लेषण** **२६**
*३.४.१ स्थानीय कर राजश्व* *२६*
*३.४.२ गैर कर राजश्व* *३२*
**परिच्छेद – चार : आय सङ्कलनको संस्थागत क्षमता तथा सङ्कलन अवस्था** **४०**
**४.१ राजश्व परिचालन संस्थागत तथा नीति विश्लेषण** **४०**
**४.२ राजश्व सुधारका लागि गर्नुपर्ने कार्यको पहिचान** **४०**
**४.३ आय सङ्कलनको संस्थागत क्षमता** **४१**
*४.३.१ राजश्व प्रशासन तथा परिचालनको व्यवस्था* *४१*
*४.३.२ आन्तरिक राजश्व संरचनाको अवस्था* *४६*
**४.४ राजश्व परिचालनमा रहेका सवालहरू** **४६**
**परिच्छेद - पाँच : राजश्व सुधार कार्ययोजना** **४७**
**५.१ राजश्व सुधारका क्षेत्रहरू** **४७**
**५.२ राजश्व सुधार कार्ययोजना तर्जुमा** **४८**
**५.३ बजेट अनुमान** **५०**
**परिच्छेद-छ : आगामी ३ वर्षको आय प्रक्षेपण** **५१**
**६.१ राजश्व प्रक्षेपणका विधिहरू** **५१**
**६.२ राजश्व सङ्कलनमा पर्ने असरको प्रारम्भिक आँकलन** **५१**
**६.३ राजश्व सुधार कार्ययोजनाका आधारमा राजश्व प्रक्षेपण** **५२**
**६.४ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण** **५६**
**परिच्छेद-सात : अपेक्षित नतिजा** **५९**
**७.१ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण शारांश** **५९**
**७.२ आय प्रक्षेपणको तुलनात्मक विश्लेषण** **५९**
**७.३ नतिजा तालिका** **६०**
**परिच्छेद आठ : कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन** **६२**
**८.१ राजश्व सुधार कार्ययोजनाको कार्यान्वयन** **६२**
**८.२ श्रोत व्यवस्थापन** **६२**
**८.३ कार्ययोजनाको अनुगमन तथा मूल्याङ्कन** **६२**
**अनुसूचीहरू** **६५**
**अनुसूची १ : सन्दर्भ सामग्रीहरू** **६५**
**अनुसूची २ : तथ्याङ्क र सूचना सङ्कलनका लागि प्रयोग गरिएको सूची तथा फारम** **६६**
**अनुसूची ३ : अभिमुखीकरण कार्यक्रमका सहभागीहरूको उपस्थिति** **७१**
**अनुसूची ३ : मस्यौदा प्रतिवेदन प्रस्तुतीकरण कार्यक्रमको सहभागीहरूको उपस्थिति** **७४**

# तालिका सूची


**तालिका नं. १ :** गाउपालिकाको वडागत विवरण ५

**तालिका नं. २ :** गाउपालिकाको भूउपयोग सम्बन्धी विवरण ६

**तालिका नं. ३ :** गाउपालिकाको जनसंख्या तथा घरधुरी सम्बन्धी विवरण ७

**तालिका नं. ४ :** राजश्व परामर्श समितिको नामावली ९

**तालिका नं. ५ :** कर्मचारी सम्बन्धी विवरण १०

**तालिका नं. ६ :** गाउपालिकामा रहेका निर्माण तथा सवारी साधन सम्बन्धी विवरण १२

**तालिका नं. ७ :** खानेपानी आयोजना सम्बन्धी विवरण १२

**तालिका नं. ८ :** धार्मिक तथा पर्यकीय क्षेत्रहरू सम्बन्धी विवरण १३

**तालिका नं. ९ :** उद्योग सम्बन्धी विवरण १४

*तालिका नं. १० :* व्यवसाय सम्बन्धी विवरण १५

**तालिका नं. ११ :** बैक तथा वित्तीय संस्थाहरूको विवरण १६

**तालिका नं. १२ :** स्थानीय बजार तथा व्यापारिक केन्द्रहरूको विवरण १७

**तालिका नं. १३ :** प्राकृतिक श्रोतको रोयल्टी बाँडफाँड (प्रतिशतमा) २१

**तालिका नं. १४ :** स्थानीय र प्रदेश तह बीचको राजश्व बाँडफाँड २२

**तालिका नं. १५ :** मूल्य अभिवृद्धि कर, अन्तशुल्कको बाँडफाँड २२

**तालिका नं. १६ :** आन्तरिक आय सङ्कलनको विद्यमान अवस्था विवरण २४

**तालिका नं. १७ :** आन्तरिक आय शीर्षकहरू तथा परिचालनका उपाय २५

**तालिका नं. १८ :** सम्पत्ति कर सम्बन्धी सम्भाव्यता विश्लेषण २६

**तालिका नं. १९ :** मालपोत कर सम्बन्धी सम्भाव्यता विश्लेषण २७

**तालिका नं. २० :** ३रबहाल कर सम्बन्धी सम्भाव्यता विश्लेषण २८

**तालिका नं. २१ :** व्यवसाय कर सम्बन्धी सम्भाव्यता विश्लेषण २९

**तालिका नं. २२ :** विज्ञापन कर सम्बन्धी सम्भाव्यता विश्लेषण ३१

**तालिका नं. २३ :** साना सवारी कर सम्बन्धी सम्भाव्यता विश्लेषण ३२

**तालिका नं. २४ :** वातावरणीय अध्ययन गरिएका उत्खनन स्थलहरू नदीजन्य पदार्थ बिक्री सम्भावना ३३

**तालिका नं. २५ :** नक्सा पास दस्तुरको सम्भाव्यता विश्लेषण ३४

**तालिका नं. २६ :** व्यवसाय रजिष्ट्रेशन दस्तुरको सम्भाव्यता विश्लेषण ३५

**तालिका नं. २७ :** सिफारिश तथा प्रमाणित दस्तुरको सम्भाव्यता विश्लेषण ३६

**तालिका नं. २८ :** पार्किङ शुल्कको सम्भाव्यता विवरण ३७

**तालिका नं. २९ :** खानेपानी महशुलको सम्भाव्यता विवरण ३८

**तालिका नं. ३० :** विगतको ३ आ.व.को यथार्थ र चालु आ.व.को अनुमान र प्राप्तिको अवस्था ४३

**तालिका नं. ३१ :** कूल राजश्वमा शीर्षकगत योगदान (रु. हजारमा) ४६

**तालिका नं. ३२ :** राजश्व सुधार कार्ययोजना ४८

**तालिका नं. ३३ :** आगामी आ.व.हरूका लागि राजश्व प्रक्षेपाका आधारहरू (रु. हजारमा) ५३

**तालिका नं. ३४ :** आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण (रु. हजारमा) ५६

**तालिका नं. ३५ :** आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण शारांश (रु. हजारमा) ५९

# परिच्छेद – एक : परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान अनुसार राज्यलाई संघ, प्रदेश र स्थानीय गरी तीन तहमा विभाजन गरेको छ । तीन तहमा विभाजित सरकारले संविधान र कानून बमोजिम राज्यशक्तिलाई समन्वय, सहकार्य र सहअस्तित्वको आधारमा चल्ने गरी व्यवस्था गरेको छ। नेपालको संविधानको अनुसूची-८ मा स्थानीय तहको एकल अधिकार र अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको बारेमा स्पष्ट व्यवस्था गरेको छ । जस अनुसार स्थानीय सरकारलाई विभिन्न कर तथा गैर करहरू लगाउने र उठाउने अधिकार दिएको छ। स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ को दफा ५५ देखि ६८ सम्म स्थानीय तहले प्रयोग गर्न पाउने आर्थिक अधिकार एवं यसका लागि कानूनी सिमा समेत निर्धारण गरेको छ। अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहले लगाउन पाउने कर, सङ्कलन गर्न सक्ने राजश्व, संघ तथा प्रदेशबाट प्राप्त गर्ने अनुदान तथा राजश्व बबाँडफाँट र आर्थिक सहयोग सम्बन्धमा स्पष्ट व्यवस्था गरेको छ । यी संवैधानिक र कानूनी प्रावधान अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र राजश्व सङ्कलन, बजेट तर्जुमा र कार्यान्वयन गर्न सक्ने हुँदा यसलाई थप व्यवस्थित र पारदर्शी ढंगबाट अधिकारको प्रयोग हुन आवश्यक पर्दछ।

राज्य पूनर्संरचना पश्चात स्थानीय सरकारलाई जनताको सबैभन्दा नजिकको सरकारको रुपमा भएकाले जनताका आकांक्षा र चाहनाहरूको सम्बोधन गर्नुपर्ने हुन्छ । यस अवस्थामा स्थानीय तहले आ-आफ्नो जिम्मेवारी पुरा गर्न र जनचाहना अनुरुप सेवा प्रवाहलाई प्रभावकारी बनाउन आवश्यक छ। स्थानीय सरकारको विकास र प्रशासनिक खर्च धान्नका लागि र स्थानीय तहको आन्तरिक राजश्व सङ्कलनको क्षमता वृद्धि गर्न अपरिहार्य भएको छ। यसका लागि स्थानीय तहको राजश्व अधिकारका संभावित क्षेत्रहरूको खोजी गरी परिचालनका लागि अवलम्वन गर्नुपर्ने नीतिगत, कानूनी र व्यवस्थापकिय सुधारका उपायहरू पहिचान गरी कार्यान्वयनमा ल्याउनुपर्ने हुन्छ । मध्यमकालिन खर्च संरचना तर्जुमा गर्दा तीन वर्षमा खर्च गरिने क्षेत्र, कार्यक्रम, आयोजना र क्रियाकलापहरूमा प्रति एकाई लागतसहितको खर्चको प्रक्षेपण गर्न, खर्च गरिने क्षेत्रहरूको प्राथमिकीकरण गर्न खर्चका स्रोतहरूको उल्लेख गर्नुपर्ने हुन्छ। यसका लागि राजश्व परिचालन गर्न सकिने क्षेत्रहरूको पहिचान गरी वास्तविक आन्तरिक आयको प्रक्षेपण गर्न स्थानीय तहको राजश्व सुधार कार्ययोजनाको आवश्यकता पर्दछ।

यसै सन्दर्भमा दाङ जिल्लाको राप्ती गाउँपालिकाले प्रदेश प्रशिक्षण प्रतिष्ठान लुम्बिनी प्रदेशको स्थानीय शासन सहयोग कार्यक्रमको आर्थिक सहयोग तथा डाइनामिक रिसोर्स म्यानेजमेन्ट सर्भिस प्रा.लि.को प्राविधिक सहयोगमा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष सहित निर्वाचित पदाधिकारीहरू, प्रमुख प्रशासकीय अधिकृत, राजश्व शाखा तथा आर्थिक प्रशासन शाखाका कर्मचारीहरूको सहभागितामा आगामी तीन वर्षको लागि यो राजश्व सुधार कार्ययोजना, २०७८ तयार पारिएको हो ।

## १.२ राजश्व सुधार योजनाको औचित्य

नेपालको संविधान र विभिन्न संघीय कानूनहरूमा स्थानीय तहको वित्तीय अधिकार सम्बन्धी प्रावधानहरूको व्यवस्था गरिएका छन् । गाउँपालिकाका निर्वाचित जनप्रतिनिधिहरू लगायत राजश्व सङ्कलनमा संलग्न रहने कर्मचारीहरू समेतका लागि गाउँपालिकाको वित्तीय अधिकार सम्बन्धी संवैधानिक र कानुनी प्रावधानका बारेमा थप स्पष्ट पार्न, राजश्वका संभावित क्षेत्र पहिचान गर्नु जरुरी हुन्छ। राजश्वका क्षेत्र र दायरा विस्तार गरी आन्तरिक आय वृद्धि गर्ने दिशामा राजश्व सुधार कार्ययोजनाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ। यस अध्ययनबाट तयार गरिएको राजश्व सुधार कार्ययोजना नेपाल सरकार र राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको लागि स्थानीय तहहरूलाई उपलव्ध गराउने विभिन्न प्रकारका अनुदान सम्बन्धी मापदण्ड र आधारहरू तयार गर्न, आवधिक योजना तथा मध्यमकालिन खर्च संरचना तयार पार्न सन्दर्भ सामग्रीको रुपमा उपयोगी हुनेछ। आवधिक योजना तथा मध्यमकालिन खर्च संरचनामा तयार पार्दा तीन वर्षकालागि आन्तरिक आयको समेत प्रक्षेपण गर्न यसले सहयोग पुऱ्याउने छ। अन्तर सरकारी वित्त

व्यवस्थापन ऐन, २०७४ को दफा १८ बमोजिम स्थानीय तहले आयको अनुमान अर्थ मन्त्रालयमा पेश गर्न तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ को उपदफा (६) बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले आगामी तीन वर्षको आय प्रक्षेपण गर्नकालागि यो दस्तावेज उपयोगी हुनेछ ।

## १.३ कार्ययोजनाका सोच, लक्ष्य तथा उद्देश्यहरू

### सोच

गाउँपालिकाको आन्तरिक आय प्रक्षेपण सहितको राजश्व सुधार कार्ययोजना तयार गर्ने

### लक्ष्य

गाउँपालिकाको आन्तरिक राजश्वको प्रमुख स्रोतहरूको पहिचान भई राजश्व सुधारका क्रियाकलापहरू तय भएको हुने ।

### उद्देश्यहरू

राजश्व सुधार कार्ययोजनाको सर्वोपरि उद्देश्य राप्ती गाउँपालिकाको आन्तरिक आयमा वृद्धि गर्न योगदान पुऱ्याउनु हो । तत्कालिन उद्देश्य गाउँपालिकाको आन्तरिक राजश्वको परिचालनको विद्यमान अवस्थाको समीक्षा गर्ने र आन्तरिक स्रोतका सम्भावनाहरूको विश्लेषण गरी आगामी तीन आ.व.को आन्तरिक आयको प्रक्षेपण सहितको राजश्व सुधार कार्ययोजना तयार गर्नु रहेको छ । यो योजनाको विशिष्ट उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :

- स्थानीय तहको आर्थिक अधिकार तथा राजश्व सुधार कार्ययोजना सम्बन्धमा गाउँकार्यपालिकाका पदाधिकारीहरू, शाखा प्रमुखहरू, कर्मचारीहरू तथा राजश्व प्रशासनमा संलग्न कर्मचारीहरूलाई स्थानीय तहको राजश्व अधिकार बारेमा अभिमुखिकरण गरी क्षमता विकास गर्ने ।
- गाउँपालिकाको विगत तीन वर्षको शीर्षकगत रुपमा आन्तरिक आयको अवस्था र प्रवृत्तिको विश्लेषण गर्ने र राजश्वको प्रक्षेपण गर्ने
- गाउँपालिकाको आन्तरिक आय बृद्धिका लागि आयका प्रमुख स्रोतहरूको सम्भावना र यथार्थ असुलीमा भएको फरकको पहिचान गर्ने ।
- राजश्व प्रशासनको नीतिगत, संस्थागत व्यवस्था, विलिङ्ग तथा आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गर्ने ।
- गाउँपालिकाको आन्तरिक आय वृद्धिका सम्भावनाहरू पहिचान गरी राजश्व सुधार कार्ययोजना र प्रक्षेपण सहितको राजश्व सुदृढिकरण कार्ययोजना तयार गर्ने ।
- गाउँपालिकाको विद्यमान आर्थिक ऐन पुनरावलोकन गरी आवश्यक सुधारका लागि सुझाव उपलब्ध गराउने ।

## १.४ कार्ययोजना तर्जुमा विधि र प्रक्रिया

गाउँपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमा गर्नकालागि अनुसूची १ मा दिइएका सन्दर्भ सामग्रीहरूको अध्ययन आवश्यक फाराम तथा चेकलिष्ट तयारी, तथ्याङ्क तथा सूचना सङ्कलन र विश्लेषण, समावेशी र सहभागितामूलक छलफल, राजश्वको क्षेत्राधिकार सम्बन्धी अभिमुखीकरण एवं कार्यशाला गोष्ठीको आयोजना जस्ता राजश्व सुधार कार्ययोजना तर्जुमा दिग्दर्शनमा उल्लेख गरिएका तपशिलका विधि र प्रक्रियाहरू अवलम्बन गरिएको थियो ।

### १.४.१ सन्दर्भ सामग्री सङ्कलन तथा अध्ययन

कार्ययोजना तर्जुमा कार्यको प्रथम चरणमा विभिन्न स्रोतहरूबाट सन्दर्भ सामग्रीहरू सङ्कलन तथा पुनरावलोकन गरिएको थियो । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएको मूख्य सामग्रीहरू अनुसूची १ मा दिइएको छ ।

### १.४.२ तथ्याङ्क/सूचना सङ्कलन फारम तथा सूची विकास

सन्दर्भ सामग्रीको अध्ययन तथा विश्लेषण पश्चात तथ्याङ्क तथा सूचना सङ्कलनका लागि आवश्यक फारमहरूको विकास गरिएको थियो । गाउँपालिकाको राजश्व सुधार कार्यक्रमको सन्दर्भमा तथ्याङ्क सङ्कलनको लागि प्रयोग गरिएको फारम **अनुसूची २** मा प्रस्तुत गरिएको छ ।

### १.४.३ अभिमुखीकरण तथा तालिम सामग्री तयारी

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प्रकाशित गाउँपालिका तथा नगरपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन २०७६ मा दिइएको विषयवस्तुको आधारमा गाउँपालिकाको पदाधिकारी तथा कर्मचारीहरूलाई राजश्व सुधार सम्बन्धी अभिमुखीकरणकालागि सामग्री तयारी गरियो । अभिमुखीकरणमा समावेश गरिएका विषयवस्तुहरू तपशिलमा उल्लेख गरिए बमोजिम छन् ।

१. राजश्व सुधार कार्ययोजनाको उद्देश्य
२. कर शुल्क दस्तुर बीचको भिन्नता
३. स्थानीय तहको एकल तथा संयुक्त राजश्व अधिकार,
४. करका दर निर्धारण गर्ने आधारहरू
५. आर्थिक ऐनको आवश्यकता र यसको विश्लेषण
६. राजश्व परामर्श समितिका कार्यहरू
७. राजश्व प्रशासन अन्तर्गतका कार्यहरू तथा अनुभव आदान प्रदान
८. राजश्व परिचालन सम्बन्धी अनुभव आदान प्रदान,
९. राजश्व सुधार कार्ययोजना तर्जुमा प्रक्रिया
१०. राजश्व सुधार कार्ययोजनाको औचित्य तथा तर्जुमा प्रक्रिया

### १.४.४ पदाधिकारी तथा कर्मचारी अभिमुखीकरण कार्यक्रम

राजश्व सुधार कार्ययोजना तर्जुमा कार्यमा गाउँपालिकाको प्रमुख पदाधिकारी तथा कर्मचारीहरूलाई मिति २०७८ पौष ८ गते १ दिवसीय अभिमुखीकरण कार्यक्रम संचालन गरियो । कार्यक्रममा यस गाउँपालिका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत र राजश्व शाखाका प्रमुखको सहभागिता रहेको थियो । अभिमुखीकरण कार्यक्रमको उद्देश्य देहायअनुसार प्रस्तुत गरिएको छ :



- राजश्व सुधार कार्ययोजना तर्जुमाको आवश्यकता र तर्जुमा प्रक्रिया,
- स्थानीय तहको राजश्व अधिकार, परिमार्जित व्यवस्था र हालको अभ्यास,
- स्थानीय तहको राजश्व परिचालनमा गाउँपालिकाले भोगेका मुख्य समस्या तथा अनुभव ।

### १.४.५ तथ्याङ्क/सूचना सङ्कलन तथा विश्लेषण

अभिमुखीकरण कार्यक्रम पश्चात राजश्व परिचालनको विद्यमान अवस्था, उपलब्ध सूचनाको आधारमा राजश्वको शीर्षकगत संभाव्यता विश्लेषण, राजश्व परिचालन देखिएका समस्या र ती समस्याको समाधानका लागि गर्नुपर्ने

कार्यहरू र राजश्व प्रक्षेपणको प्रारम्भिक दस्तावेज तयार गरियो । यसरी तयार पारिएको प्रारम्भिक दस्तावेजमा नपुग सूचना सङ्कलन गर्न राजश्वसंग सम्बन्धित कर्मचारी र गाउँपालिकाको वेवसाईट, आर्थिक ऐन, गाउँपालिकाको वस्तुस्थिति विवरण, आर्थिक विवरण तथा अन्य सम्बन्धित दस्तावेजबाट थप तथ्याङ्क सङ्कलन गरियो । यसैगरी प्रत्यक्ष रुपमा कार्यपालिका कार्यालयका राजश्वसंग सम्बन्धित कर्मचारी एवं अन्य सरोकारवाला निकायका प्रतिनिधिसँग राय परामर्श र स्थलगत अवलोकन समेत गरी तथ्याङ्क सङ्कलन तथा अन्य श्रोतबाट उपलब्ध तथ्याङ्क रुजु समेत गरियो । यस प्रक्रियामा देहाय बमोजिमका क्षेत्रगत तथ्याङ्क एवं सूचनाहरू सङ्कलन गरिएको थियो :

- विगतका आ.व.हरूको यथार्थ आय विवरण,
- चालु आ.व.को अनुमानीत आय विवरण तथा मंसिरमसान्त सम्मको सङ्कलनको अवस्था
- आर्थिक ऐनमा तोकिएका दरहरूको अध्ययन,
- आन्तरिक आय सङ्कलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण,
- कर तथा गैर कर क्षेत्रहरूको शीर्षकगत दायरा, दर तथा कूल सङ्कलनको सम्भावना,
- आन्तरिक आय सङ्कलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्याङ्क तथा सूचना ।

### १.४.६ तथ्याङ्क विश्लेषण तथा मस्यौदा तयारी

विभिन्न स्रोतहरूको पुनरावलोकन, गाउँपालिकाबाट प्राप्त अभिलेखहरूको अध्ययन र गाउँपालिकामा आयोजना गरिएको कार्यशाला गोष्ठीबाट प्राप्त सुझाव र सल्लाहका आधारमा मस्यौदा प्रतिवेदन तयार पारी लुम्बिनी प्रदेश प्रतिष्ठानमा सुझावकालागि पेश गरिएको थियो ।

### १.४.७ मस्यौदा प्रस्तुती तथा छलफल

यसरी तयार गरिएको राजश्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदनलाई २०७९ बैशाख ८ गते सम्बन्धित पक्षहरू गाउँकार्यपालिकाको कार्यालय, गाउँपालिकाका पदाधिकारीहरू समक्ष प्रस्तुत गरी आवश्यक सुझावहरू तथा पृष्ठपोषण सङ्कलन गरिएको थियो । त्यहाँबाट प्राप्त सुझावहरूलाई मस्यौदा राजश्व सुधार कार्ययोजनामा समावेश गरिएको थियो ।

### १.४.८ राजश्व सुधार कार्यायोजना अन्तिम दस्तावेज तयारी

लुम्बिनी प्रदेश प्रतिष्ठान, गाउँपालिकाका पदाधिकारीहरू, राजश्व परामर्श समितिका पदाधिकारीहरू, प्रमुख प्रशासकीय अधिकृत, राजश्वसँग सम्बन्धित कर्मचारी आदिबाट प्राप्त सुझावहरू समावेश गरी प्रतिवेदनलाई अन्तिम रुप दिइएको थियो ।

## १.५ अध्ययनको सीमा

राप्ती गाउँपालिकाको राजश्व सुधार कार्ययोजना निम्नानुसारका सीमामा रही तयार गरिएको छ :

- गाउँपालिकाको प्रमुख आयश्रोतको रुपमा रहेको सम्पत्ति कर अनुमानका लागि साविक मालपोत कार्यालयमा रहेको गाउँपालिका क्षेत्रभित्रको घर जग्गाको लगत गाउँपालिकामा उपलब्ध नभएकोले राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक प्रतिवेदनमा भएको जनगणना घरसंख्यालाई नै सम्पत्ति करदाता मानेर सोही आधारमा तयार गरिएको छ ।
- यस अध्ययन गाउँकार्यपालिकाको कार्यालयबाट प्राप्त अभिलेख तथा दस्तावेज, गाउँपालिकाका पदाधिकारीहरू तथा सम्बन्धित कर्मचारीहरू र अन्य सरोकारवाला पक्षहरूसँग गरिएको छलफल र कार्यशालाबाट प्राप्त सूचनाको आधारमा तयार गरिएको हो ।
- राजश्व प्रक्षेपण गर्ने क्रममा कतिपय स्रोतहरूका करदाताको संख्या सम्बन्धी आधिकारिक आधार तथ्याङ्क प्राप्त हुन नसकेकोले सहभागीहरूले दिएको सूचनालाई आधार मानिएको छ ।
- गाउँपालिकाको बस्तुगत विवरण तयार भई नसकेको र सहभागीहरूमा सम्पूर्ण गाउँपालिकास्तरीय तथ्याङ्क सम्बन्धी जानकारी हुन नसक्नुले पनि अध्ययनलाई सीमावद्ध गराएको छ ।

# परिच्छेद – दुई : राजश्व परिचालन सम्बन्धी गाउँपालिकाको विद्यमान अवस्था

गाउँपालिकाको राजश्व परिचालनसंग सम्बन्धित आन्तरिक तथा वाह्य पक्षहरूलाई यस परिच्छेद अन्तर्गत विश्लेषण गरिएको छ । विशेषत: गाउँपालिकाको परिचय, आन्तरिक आय परिचालनको विद्यमान अवस्था र हालका मुख्य सवालहरूलाई छोटकरीमा व्याख्या गरिएको छ । यसले गाउँपालिकाको आय सङ्कलनको लागि संस्थागत क्षमतामा सुधारका लागि गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्नेछ ।

## २.१ गाउँपालिकाको संक्षिप्त परिचय

### २.१.१ राजनीतिक तथा प्रशासनिक अवस्थिति

नेपालको मध्य पश्चिम क्षेत्रमा रहेका दाङ जिल्लाको पूर्वी भागमा अवस्थित राप्ती गाउँपालिका भित्री मधेश तथा चुरे क्षेत्रमा अवस्थित छ । राजनैतिक विभाजनको आधारमा दाङ जिल्लाको निर्वाचन क्षेत्र न १ (क) अर्न्तगत पर्ने राप्ती गाउँपालिका जम्मा ९ वटा वडाहरूमा विभाजन भएको छ । साविकको २ वटा गाउँविकास समितिहरू सिसहनिया र लालमटियाको सवै साविकका वडाहरू र हाँसिपुरको २ वटा वडाहरूलाई पुनर्सरचनामा गरी राप्ती गाउँपालिका कायम गरिएको छ । यस गाउँपालिकाको प्रशासनिक केन्द्र वडा न. ३ को मसुरीयामा रहेको छ । यो गाउँपालिका दाङ जिल्ला प्रतिनिधी सभा संसदीय निर्वाचन क्षेत्र नं १ र प्रदेश सभा निर्वाचन क्षेत्र 'क ' अन्तर्गत पर्दछ ।

**तालिका नं. १ :** गाउपालिकाको वडागत विवरण

| वडा नं | समावेश भएको गा.वि.स. | साविक वडा नं | क्षेत्रफल |
|---|---|---|---|
| १ | लालमटिया | ३ | २२.७ |
| २ | लालमटिया | ४ र ७ | २३.९ |
| ३ | लालमटिया | १, २ र ८ | ९ |
| ४ | लालमटिया | ५, ६ र ९ | १५.८ |
| ५ | सिसहनिया | ५ र ७ | ४२.२ |
| ६ | सिसहनिया | ८ र ९ | ९ |
| ७ | सिसहनिया | १, २ र ३ | ८.३ |
| ८ | सिसहनिया | ४ र ६ | ९.२ |
| ९ | हाँसीपुर | १ र २ | २१.६ |
| | जम्मा | | १६१.६ |

स्रोत : राप्ती गाउँपालिकाको कार्यालय २०७८

### २.१.२ भौतिक, भौगोलिक अवस्थिति

यो गाउँपालिका २७ डिग्री ४९ मिनेट ५ सेकेण्ड देखि २७ डिग्री ५५ मिनेट १५ सेकेण्ड उत्तरी अक्षांश सम्म र ८२ डिग्रि ३६ मिनेट ८ सेकेण्डदेखि ८२ डिग्री ४८ मिनेट २६ सेकेण्ड पूर्वी देशान्तरमा रहेको छ । कूल क्षेत्रफल १६१ वर्गकिलोमिटर रहेको छ । यस गाउँपालिकाको न्यूनतम उचाई २५३ मिटर र अधिकंतम उचाई ११९४ मिटर उत्तरी सिमानासम्म रहेको छ । यस गाउँपालिकाको पूर्वमा राप्ती नदी पारी अर्घाखाँची जिल्ला र दक्षिणमा राप्ती नदी तथा गढवा गाउँपालिका, उत्तरमा घोसखोला र वंगलाचुली गाउँपालिका तथा पश्चिममा लमही नगरपालिका पर्दछ । यस गाउँपालिकाको बीचवाट करीव १५ किलोमिटर पूर्व पश्चिम राजमार्ग पर्दछ । यस राप्ती गाउँपालिकाको भौगोलिक अवस्थति अनुसार क्रमश दक्षिणी तथा पूर्वी मोहडा क्षेत्रबाट उत्तरतर्फ भिरालोपना बढ्दै गएको छ । यस गाउँपालिकाका अधिकांश क्षेत्र चुरे भूभाग अर्न्तगत पर्दछन् । यस गाउँपालिकाको वडा नं. २, ४, ३, ६, ७ र ८ वडाहरू समथर जमिन पर्दछ । अन्य वडाहरू होचो चुरे क्षेत्रभित्र अवस्थित छन् । राप्ती नदीको किनार सिंचाईको सुविधा भएको भागहरू कृषिको लागि महत्वपूर्ण रहेको छ ।

### २.१.३ ऐतिहासिक चिनारी र नामाकरण

राप्ती गाउँपालिका दाङ जिल्लाको सदुरपूर्वी क्षेत्रमा रहेको गाउँपालिका हो । नेपालको संघीय शासन प्रणाली अन्तर्गत राज्य पुनर्संरचनामा स्थानीय तहको नयाँ सिमाङ्कन गर्दा यो गाउँपालिका साविकका ३ वटा गाविसहरू समावेश भई स्थापना भएको हो । यो गाउँपालिका जातिगत तथा सास्कृतिरुपमा बिशिष्टता र बिविधता बोकेको गाउँपालिका हो । आदिवासी थारु, मगर र क्षेत्री वाह्मणहरूको समेत यस गाउँपालिकामा बसोवास रहेको छ । यस गाउँपालिकाको पूर्वी तथा दक्षिणी भागबाट समग्र देउखुरीकै सम्पत्ति, प्रमुख ऐतिहासिक श्रोतको रुपमा रहेको र समुन्नत कृषि प्रणालीको आधार राप्ती नदीले यस गाउँपालिकालाई चिनाएको छ । ऐतिहासिक तथा पर्यटकीय महत्व तथा प्रसिद्ध धार्मिक आस्थाको केन्द्रको रुपमा रहेका प्रसिद्ध भद्राक्षी देवी मन्दिर यसै गाउँपालिकामा पर्छ । स्वस्थानी व्रत कथामा उल्लेख भए अनुसार महादेव पत्नी सतीदेविको देव्रे घुडा पतन भएको स्थान यो ऐतिहासिक तथा प्रसिद्ध ऐतिहासिक महत्वका स्थल यस गाउँपालिकाका भित्र पर्दछ ।

गाउँपालिकाको नामाकरणको सन्दर्भमा भन्नुपर्दा यो क्षेत्र देउखुरी उपत्यकाको जलभण्डारको रुपमा रहेको राप्ती नदीको सिंचित भूमि हो । यहाँ राप्ती र यसका सहायक नदीहरू पूर्वबाट क्रमशः पश्चिम तर्फ बहेका छन । यस क्षेत्र भएर राप्ती नदी बहने हुँनाले आदिकालदेखि यस क्षेत्रलाई राप्ती क्षेत्र नै भनिदै आएको हो । त्यसैले हाल राज्य पुनर्संरचनामा यस गाउँपालिकाको नाम राप्ती राखिएको हो ।

### २.१.४ क्षेत्रफल, भूबनौट तथा भूउपयोग

यस गाउँपालिकाको वर्तमान भू-उपयोगलाई हेर्दा ४३.२५ प्रतिशत कृषि क्षेत्रले ओगटेको छ । वन क्षेत्रले ५२.११ प्रतिशत क्षेत्र ओगटेको छ । बाँझो जमीन २.२८ प्रतिशत रहेको छ । यस सम्बन्धी विवरण देहायको तालिकामा दिइएको छ ।

**तालिका नं. २ :** गाउपालिकाको भूउपयोग सम्बन्धी विवरण

| क्र.सं. | जमिनको किसिम | क्षेत्रफल (वर्ग कि.मी.मा) | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि क्षेत्र | ६९.६२ | ४३.२५ |
| २ | चौर तथा चरन क्षेत्र | १.६५ | १.०२ |
| ३ | वन क्षेत्र | ८३.८८ | ५२.११ |
| ४ | सडकले ओगटेको क्षेत्र | ०.६६ | ०.४१ |
| ५ | नदीनालाले ओगटेको क्षेत्र | १.४१ | ०.८८ |
| ६ | बाँझो जमिन | ३.६७ | २.२८ |
| ७ | अन्य | ०.०९ | ०.०६ |
| **जम्मा** | | १६०.९८ | १००.०० |

*स्रोत: राप्ती प्रोफाइल २०७६*

### २.१.५ जनसंख्या तथा घरपरिवार संख्या

यस गाउँपालिकामा जम्मा ८७६३ घरधुरी र जम्मा जनसंख्या ४४४३३ रहेको छ । जनअनुसार पुरुष ५१.३ प्रतिशत र महिला ४७.७ प्रतिशत रहेको छ । त्यसैगरी प्रति परिवार औषत जनसंख्या ५.१ जना रहेको छ । वडागत आधारमा जनसंख्या वितरणको अवस्थालाई तालिकामा प्रस्तुत गरिएको छ । जसमा जम्मा जनसंख्या ४४४३३ (पुरुष २२७८३ जना, महिला २१६३७ जना र तेस्रो लिङ्गी १३) रहेको छ । राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक प्रतिवेदन अनुसार यस गाउँपालिकाको घर संख्या १०९४०, परिवार संख्या ११८३७ र जनसंख्या ५२१५८ रहेको छ । २०६८ र २०७८ को जनसंख्यालाई तुलना गर्दा जनसंख्या वृद्धिदर २.४७ प्रतिशत रहेको छ ।

**तालिका नं. ३ :** गाउपालिकाको जनसंख्या तथा घरधुरी सम्बन्धी विवरण

| वडा नं. | घरपरिवार संख्या | जनसंख्या | | | | परिवारको औषत आकार | लैङ्गिक अनुपात (प्रति १०० महिलामा पुरुष) | क्षेत्रफल (व.कि.मी.) | जनघनत्व (प्रति वर्ग कि.मी.) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | तेस्रो लिङ्गी | जम्मा | | | | |
| १ | ११६६ | २६७४ | २४२४ | ७ | ५१०५ | ४.४ | ११० | २२.७ | २२४.९ |
| २ | १३४२ | ३५११ | ३२८१ | ० | ६७९२ | ५.१ | १०७ | २३.९ | २८४.२ |
| ३ | १२४१ | ३४०२ | ३२३८ | १ | ६६४१ | ५.४ | १०५ | ९ | ७३७.९ |
| ४ | १२१५ | ३०७५ | २८८७ | ० | ५९६२ | ४.९ | १०७ | १५.८ | ३७७.३ |
| ५ | ७५६ | १९६३ | १९३९ | २ | ३९०४ | ५.२ | १०१ | ४२.२ | ९२.५१ |
| ६ | ९१८ | २६६७ | २५२३ | ० | ५१९० | ५.७ | १०६ | ९ | ५७६.७ |
| ७ | ८४५ | २२१९ | २३३३ | २ | ४५५४ | ५.४ | ९५ | ८.३ | ५४८.७ |
| ८ | ९२० | २३८० | २१८२ | ० | ४५६२ | ५.० | १०९ | ९.२ | ४९५.९ |
| ९ | ३६० | ८९२ | ८३० | १ | १७२३ | ४.८ | १०७ | २१.६ | ७९.७७ |
| **जम्मा** | ८७६३ | २२७८३ | २१६३७ | १३ | ४४४३३ | ५.१ | १०५ | १६१.७ | २७४.८ |

*स्रोत: गाउँपालिका वस्तुस्थिति विवरण २०७६*

## २.१.६ नदीनाला र ताल, पोखरी

यस गाउँपालिकामा राप्ती नदी , करम्दी खोला , दोलही खोला , कालापानी खोला , भूल्केखोला , टिसुवाखोला , मच्छिताल खोला , गनाहाखोला , गनाहाखोला, गोपीनाला, बगासोती खोला, राप्ती सानो नदी/हाँगा जस्ता सिाना ठूला गरी १२ वटा रहेका छन । ती मध्ये गाउँपालिकाले राप्ती सानो नदी, गनाह खोला, राप्ती नदीबाट ढुङ्गा, गिटट्टी वालुवाको उत्खनन तथा बिक्री गर्दै आएको छ ।

## २.१.७ वन तथा जैविक विविधता

यस गाउँपालिकामा भित्र रहेको वनको अस्थालाई यस शिर्षकमा विश्लेषण गरिएको छ । यस गाउँपालिकाको दक्षिणी भेगमा समथर भूमी रहेको हुदा यस क्षेत्रमा कृषि कार्यको बाहुल्यता रहेको छ । उत्तरी भेगमा पहाडी क्षेत्र समेत पर्ने भएकोले घना र कडा जातका रुखहरू भएको जंगल रहेको छ । यस गाउँपालिकामा १४ वटा सामुदायिक वनहरू रहेका छन् । विशेष गरी राजमार्गको उत्तरी क्षेत्रमा यी सामुदायिक वनहरू केन्द्रित रहेका छन् । जैविक विविधतायुक्त यी वनहरूमार्फत समुदायले दैनिक इन्धन आपूर्ति लगायत, निर्माण सामग्री र पशुवस्तुको लागि आहारा सङ्कलन गर्ने गरेका छन् ।

यस गाउँपालिका क्षेत्रभित्र १४ प्रकारका प्रमुख स्तनधारी वन्यजन्तुहरू पाइएका छन् जसमा कतिपय राष्ट्रिय महत्वका छन् । तर बड्दो वन अतिक्रमणका कारण कतिपय जन्तुहरू लोप हुदै गएको पनि पाइन्छ । बदेल, मृग, वादर, खरायो, दुम्सि जस्ता जनावरहरूले खेतीवालीमा हानि गर्ने गरेको देखिन्छ । यसको दीर्घकालिन समाधानको लागि वैकल्पिक उपाय अवलम्बलन गर्नु पर्ने देखिन्छ । कतिपय स्थानमा कृषि प्रणालीमा परिर्वतन पनि गर्न सकिन्छ ।

## २.१.८ ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, माटो

यस गाउँपालिकाको राप्ती नदी र गनाहा खोलाबाट वातावरणीय र पर्यावरणीय प्रभाव मूल्याङ्कन गरेर उक्त क्षेत्रमा उत्खनन्सम्बन्धी काम हुन सक्ने सम्भावना देखिन्छ । ती नदी तथा खोलाबाट गिट्टी, ढुङ्गा, बालुवा, कोइला, आदि प्रशस्त मात्रामा उत्खनन हुन सक्ने सम्भावना रहेको छ ।

### २.१.९ उपयोगको वर्तमान अवस्था

यस गाउँपालिका क्षेत्र भएर बग्ने प्रमुख नदीहरू मध्ये राप्ती नदि एक हो । त्यस नदीको विभिन्न घाटहरूबाट ढुङ्गा गिट्टी वालुवा सङ्कलन गरी बिक्री वितरण गर्नकालागि पूर्व वातावरणीय परीक्षण गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को संशोधनमा गाउँपालिकाले नदीजन्य पदार्थको दर निर्धारण गर्नुपर्ने उल्लेख गरेको छ । तर लुम्बिनी प्रदेश सरकारले प्रति घन फिट रु १२ दर निर्धारण गरेको छ। यो दरमा बोलपत्र आव्हान गर्दा दर महङ्गो भई ठेक्का नलागेको अवस्था छ।

### २.१.१० साँस्कृतिक तथा पर्यटकीय स्थल र सम्पदाहरू

विभिन्न धर्म सम्प्रदायमा आस्था एवंम विश्वास प्रकट गर्ने भिन्न भिन्न जातजातीको वसोबास रहेको यस राप्ती गाउँपालिकाक्षेत्र सांस्कृतिक रुपमा समेत विविधता पाईन्छ । ब्राह्मण, क्षेत्री, थारु, मगर, दलित, मुश्लिम समुदायको मिश्रित बसोबास रहेको यो गाउँपालिकामा जातीय मौलिक परम्परा अनुसारको संस्कृति अपनाउने गरिएको छ।

### २.१.११ प्रमुख विशेषता

थारु जातीहरूको ऐतिहासिक थलोको रुपमा यो गाउँपालिका रहेको छ । यस गाउँपालिकाका कतिपय स्थानहरूको नामावली समेत थारु भाषाबाट राखिएको छ। जाति विशेष अनुसार मनाईने हिन्दूहरूको दशै तिहार, मुश्लिमहरूको रमजान, इद,थारुहरूको माघी, गुरी, अष्टमकीर अन्य तिथि अनुसारका चाडपर्वहरू पनि मनाइने गरेको छ । यी चाडपर्व मनाउने क्रममा सांस्कृतिक पहिरन समेत लगाउने गरिएको पाईन्छ । यस गाउँपालिका क्षेत्रमा लाग्ने माघेसंक्रान्ती मेला, शिवरात्री भेला, प्रकृति पूजा, कालरात्री मेला, श्रीपंञ्चमी मेला, पूर्णिमा मेला यहाँको प्रमुख साँस्कृतिक उत्कृष्टता हुन्।

## २.२ गाउँपालिकाको मानव संशाधनको अवस्था

### २.२.१ राजश्व परिचालन सम्बन्धी स्थानीय नीति तथा कानून

यस गाउँपालिकाले राजश्व परिचालनसंग सम्बन्धित ऐन, निर्देशिका, कार्यविधि निर्माण गरेको छ । राजश्वसंग सम्बन्धित ऐन, निर्देशिका तथा कार्यविधिहरू गरी ११ वटा निर्माण गरिएका छन।

१) स्थानीय तहको आर्थिक ऐन (५ वर्षको)
२) स्थानीय तहको विनियोजन ऐन (५ वर्षको)
३) 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी निर्देशिका,२०७४
४) बजार अनुगमन निर्देशिका २०७५
५) राप्ती गाउँपालिका संघ संस्था दर्ता ऐन २०७५
६) कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७५
७) सहकारी ऐन, २०७५
८) उपभोक्ता समिति कार्य सञ्चालन कार्यविधि, २०७५
९) राप्ती गाउँपालिका वडा कार्यालयबाट हुने आर्थिक कारोबार सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७५
१०) राप्ती गाउँपालिका विविध खर्च सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७५
११) राप्ती गाउँपालिका मेसिनरी औजार सञ्चालन कार्यविधि २०७५

**राजश्व परिचानकालागि आवश्यक देखिएका कार्यविधिहरू**

- सम्पत्ति कर तथा मालपोत सङ्कलन कार्यविधि
- घर जग्गा बहाल कर कार्यविधि
- बहाल विटौरी शुल्क सङ्कलन कार्यविधि
- पार्किङ शुल्क सङ्कलन कार्यविधि
- साना सवारी साधन कर सङ्कलन कार्यविधि

## २.२.२ संगठन संरचना (महाशाखा, शाखा, उपशाखा र इकाई)

यस गाउँपालिकाको संगठन संरचना तपशिलमा उल्लेख गरिएको छ।

रासी गाउँपालिका संगठनात्मक स्वरुप




## २.२.३ राजश्व सुधार कार्ययोजना तर्जुमा कार्यदलको विवरण

यस गाउँपालिकाकाको राजश्व परिचालनको लागि नीतिगत सुझाव तथा अनुगमनका लागि उपप्रमुखको संयोजकत्वमा निजी क्षेत्रको प्रतिनिधित्व गर्ने उद्योग तथा वाणिज्यसंग सम्बन्धित संस्थाहरूको प्रतिनिधिहरू समेत रहेको ७ सदस्यीय राजश्व परामर्श समितिको गठन भै कार्यरत रहेको छ। यही समितिलाई नै राजश्व सुधार कार्ययोजना तयारीकालागि कार्यदलको रुपमा कार्य जिम्मेवारी दिइएको छ।

**तालिका नं. ४ :** राजश्व परामर्श समितिको नामावली

| क्र.सं. | नाम | पद | समिति/जिम्मेवारी |
|---|---|---|---|
| १ | श्री जगदम्बा कुमारी चौधरी | उपाध्यक्ष | संयोजक |
| २ | श्री शोभाराम रिजाल | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३ | श्री तारा बहादुर डि.सी. | वडाध्यक्ष वडा नं १ | सदस्य |
| ४ | श्री तारा कुमारी चौधरी | महिला सदस्य | सदस्य |
| ५ | श्री जगत प्रसाद पोखेल | राप्ती उद्योग वाणिज्य संघ | सदस्य |
| ६ | श्री मदन पोखेल | सिसनिया उ.वा.संघ प्रतिनिधि | सदस्य |
| ७ | श्री कुमारी अधिकारी | राप्ती च्याम्बर अफ कमर्स | सदस्य |
| ८ | श्री रेशमराज अधिकारी | सदस्य सचिव | सदस्य सचिव |

स्रोत : राप्ती गाउँकार्यपालिकाको कार्यालय २०७८

## २.२.४ कर्मचारीको विवरण

यस गाउँपालिकामा कार्यरत विभिन्न शाखा तथा उपशाखामा कार्यरत कर्मचारीहरूको विवरण देहायको तालिकामा दिईएको छ ।

**तालिका नं. ५ :** कर्मचारी सम्बन्धी विवरण

| क. स. | कर्मचारीको नामथर | पद | सेवा/समुह | श्रेणी/तह |
|---|---|---|---|---|
| १ | शोभाराम रिजाल | प्रमुख प्रशासकीय अधिकृत | प्रशासन | रा.प. तृतीय |
| २ | महेश अधिकारी | कृषि प्रसार अधिकृत | कृषि | अधिकृतस्तर आठौं |
| ३ | धन प्रसाद शर्मा | लेखा अधिकृत | प्रशासन | अधिकृतस्तर सातौ |
| ४ | विश्वास वि.क. | शाखा अधिकृत | शिक्षा | अधिकृतस्तर सातौ |
| ५ | नारायण राउत | सि.अ.हे.व. अधिकृत | स्वास्थ्य | अधिकृतस्तर छैठौ |
| ६ | बासुदेव खनाल | शिक्षा अधिकृत | शिक्षा | अधिकृतस्तर छैठौ |
| ७ | भारती सन्यासी | सि.अ.न.मी.निरीक्षक | स्वास्थ्य | अधिकृतस्तर छैठौ |
| ८ | विकास ज्ञवाली | अधिकृत | प्रशासन | अधिकृतस्तर छैठौ |
| ९ | बाल चन्द्र गुरुङ | सुचना प्रविधि अधिकृत | विविध | अधिकृतस्तर छैठौ |
| १० | तिर्थराज ज्ञवाली | सञ्चार संयोजक | सञ्चार समुह | अधिकृतस्तर छैठौ |
| ११ | अशोक बेल्वासे | ईन्जिनियर | ईन्जिनियरिङ्गसिभिल | अधिकृतस्तर छैठौ |
| १२ | पोषणराज शर्मा | जनस्वास्थ्य निरीक्षक | स्वास्थ्य | अधिकृतस्तर छैठौ |
| १३ | अनिल अधिकारी | कृषि अधिकृत | कृषि | अधिकृतस्तर छैठौ |
| १४ | शेर बहादुर हमाल रिजाल | पशु सेवा प्राविधिक | कृषि | सहायक स्तर पाचौं |
| १५ | सिमा भट्ट | प्राविधिक सहायक | कृषि | सहायक स्तर पाचौं |
| १६ | सुबास भट्टराई | कम्प्युटर अपरेटर | विविध | सहायक स्तर पाचौं |
| १७ | जीवन कुमारी जि.सी. | महिला विकास निरिक्षक | नेपाल विविध | सहायक स्तर पाचौं |
| १८ | प्रभु महतो | आन्तरिक लेखा परीक्षक | प्रशासन | सहायक स्तर पाचौं |
| १९ | वरसाती गडरिया | प्राविधिक सहायक | कृषि | सहायक स्तर पाचौं |
| २० | मनिसलाल चौधरी | अ सब(ईन्जिनियर) | ईन्जिनियरिङ्/सिभिल | सहायकस्तर चौथो |
| २१ | बिमला भट्टराई | अ सब(ईन्जिनियर) | ईन्जिनियरिङ्/सिभिल | सहायकस्तर चौथो |
| २२ | गिता चौधरी | खा.पा.स.टे. | ईन्जिनियरिङ्/स्यानिटरी | सहायकस्तर चौथो |
| २३ | रेशमराज अधिकारी | सहलेखापाल | प्रशासन र लेखा | सहायकस्तर चौथो |
| २४ | निर्मला गिरी | ना.प्रा.स | कृषि | सहायकस्तर चौथो |
| २५ | कल्पना खनाल धिताल | स म वि नि | विविध | सहायकस्तर चौथो |
| २६ | मुमाराम भुषाल | रोजगार संयोजक | प्रधानमन्त्री रोजगार | अधिकृतस्तर छैठौ |
| २७ | राजेशकुमार चौधरी | प्राविधिक सहायक | रोजगार संयोजक | सहायकस्तर पाँचौ |

| क्र. स. | कर्मचारीको नामथर | पद | सेवा/समुह | श्रेणी/तह |
|---|---|---|---|---|
| २८ | नारायण बहादुर राउत | सहायक स्तर पाँचौ | सा.सु तथा पञ्जिकरण शाखा | सहायक स्तर पाचौं |
| २९ | विष्णा गिरी खड्का | खा.पा.स.टे. | इन्जिनियरिङ | सहायकस्तर चौथो |
| ३० | प्रदिप प्रसाद बैदिक | सब(ईन्जिनियर | ईन्जिनियरिङ्ग सिभिल | सहायक स्तर पाचौं |
| ३१ | सविता चौधरी | सहायक स्तर | सा.सु तथा पञ्जिकरण शाखा | सहायकस्तर चौथो |
| ३२ | विष्णुमाया चौधरी | सहायक स्तर | सा.सु तथा पञ्जिकरण शाखा | सहायकस्तर चौथो |
| ३३ | सुनिता बस्नेत | सहायक कम्प्युटर अपरेटर | राजश्व शाखा | सहायकस्तर चौथो |
| ३४ | विनिता चौधरी | उद्यम विकास सहजकर्ता | उद्यम विकास | सहायकस्तर पाँचौ |
| ३५ | अनिता चौधरी | उद्यम विकास सहजकर्ता | उद्यम विकास | सहायकस्तर चौथो |
| ३६ | सरिता कुमारी चौधरी | कार्यालय सहायक | प्रशासन | सहायकस्तर चौथो |
| ३७ | शिवराज चौधरी | अमिन | इन्जिनियरिङ | सहायकस्तर चौथो |
| ३८ | राजेन्द्र पौडेल | सहायक स्तर | प्रशासन | सहायकस्तर चौथो |
| ३९ | शरद पुरी | अ.स.ई. | इन्जिनियरिङ | सहायकस्तर चौथो |
| ४० | सीता भण्डारी | सहायक स्तर | प्रशासन | सहायकस्तर चौथो |
| ४१ | युवक चौधरी | अ स इ | इन्जिनियरिङ | सहायकस्तर चौथो |
| ४२ | दामोदर पोखेल | सहायक स्तर पाँचौ | प्रशासन | सहायक स्तर पाचौं |
| ४३ | भगवती सुवेदी | सहायक स्तर पाँचौ | प्रशासन | सहायक स्तर पाचौं |
| ४४ | पार्वती कोसी | अ स इ | इन्जिनियरिङ | सहायकस्तर चौथो |
| ४५ | असलेक कुमार चौधरी | सहायकस्तर | प्रशासन | सहायकस्तर चौथो |
| ४६ | अनामिका चौधरी | सव इन्जिनियर | इन्जिनियरिङ | सहायकस्तर पाँचौ |
| ४७ | मंगल प्रसाद चौधरी | नायव सुव्बा | प्रशासन | सहायक स्तर पाचौं |
| ४८ | राज नारायण चौधरी | अ.स.ई. | ईन्जिनियरिङ्गरसिभिल | सहायकस्तर चौथो |
| ४९ | संजिता पौडेल | सहायक स्तर | प्रशशासन | सहायक स्तर पाचौं |
| ५० | शान्ता के.सी. | वडा सचिव | प्रशासन | सहायकस्तर चौथो |
| ५१ | लिलावती चौधरी | असिस्टेन्ट सव इन्जिनियर | ईन्जिनियरिङ्गरसिभिल | सहायकस्तर चौथो |
| ५२ | राजेन्द्र विक्रम चौधरी | सहायक स्तर पाँचौ | प्रशासन | सहायक स्तर पाचौं |
| ५३ | मान बहादुर जि.सी. | सव इन्जिनियर | इन्जिनियरिङ | सहायकस्तर चौथो |
| ५४ | कमल पुन मगर | प.स्वा.प्रा. | कृषि | सहायक स्तर पाचौं |

| क. स. | कर्मचारीको नामथर | पद | सेवा/समुह | श्रेणी/तह |
|---|---|---|---|---|
| ५५ | हिमा बस्नेत | नायव पशु स्वा. प्रा. | कृषि | सहायकस्तर चौथो |
| ५६ | प्रिति चौधरी | ना प्रा स | कृषि | सहायकस्तर चौथो |
| ५७ | रोशनी वली | ना.प.स्वा.प्रा | पशु | सहायकस्तर चौथो |
| ५८ | सन्तोषी कुमारी चपाई | कार्यालय सहायक | प्रशासन | सहायकस्तर चौथो |
| ५९ | गिरप्रसाद चौधरी | हलुका सवारी चालक | प्रशासन | श्रैणी विहिन |

स्रोत : राप्ती गाउँपीलिका प्रशासन शाखा

## गाउँपालिकाको सम्पत्ति विवरण

### २.२.५ सवारी तथा निर्माण साधन (जीप, जेसिबी, ट्रिपर, ट्रक्याक्टर आदि)

यस गाउँपालिकामा निर्माणका साधन छैनन । सवारी साधनको हकमा अफिस प्रयोजनको लागि जीप, ट्याक्टर, मोटरसाइकल, स्कुटर छन । यस सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।

**तालिका नं. ६ :** गाउपालिकामा रहेका निर्माण तथा सवारी साधन सम्बन्धी विवरण

| क.सं. | मेसिन औजार तथा अन्य उपकरण | इकाई | संख्या | हालको उपयोग | भाडा दर रु |
|---|---|---|---|---|---|
| १ | जीप | संख्या | २ | अफिस प्रयोजन | |
| २ | ट्याक्टर | संख्या | १ | भाडामा | |
| ३ | मोटरसाइकल | संख्या | १९ | अफिस प्रयोजन | |
| ४ | स्कुटर | संख्या | २ | अफिस प्रयोजन | |

*स्रोत : राप्ती गाउँपालिका कार्यालय, २०७८*

### २.२.६ खानेपानी आयोजना, सुविधा र धारा

यस गाउँपालिकमा व्यवस्थित रुपमा सञ्चालन गरिएका १९ वटा खानेपानी आयोजना रहेका छन । ती प्रमुख खानेपानी आयोजनाको नाम, स्थान तथा लाभान्वित घरधुरी सम्बन्धी विवरण देहायको तालिकामा दिइएको छ ।

**तालिका नं. ७ :** खानेपानी आयोजना सम्बन्धी विवरण

| सि.नं. | खानेपानी आयोजनाको नाम र स्थान | लाभान्वित घरधुरी |
|---|---|---|
| १ | चैते खानेपानी आयोजना | ११५ |
| २ | लालमटिया खानेपानी आयोजना | ८०० |
| ३ | वसन्तपुर खुरुहरिया खानेपानी आयोजना | २३५ |
| ४ | वसन्तपुर खानेपानी आयोजना | १६१३ |
| ५ | प्रगतीनगर साना शहरी खानेपानी आयोजना | २१५६ |
| ६ | पत्थरगडवा वृहत् खानेपानी योजना | ९४१ |
| ७ | लालमटिया खानेपानी सुधार विस्तार आयोजना | ८०० |
| ८ | नमुना आँपखोली खा.पा.आयोजना | ५२६ |
| ९ | प्रगती साना शहरि खानेपानी आयोजना | २१५६ |
| १० | भालुवाङ्ग खानेपानी योजना | १४०० |
| ११ | लालमटिया वृहद खानेपानी योजना | १००० |

| सि.नं. | खानेपानी आयोजनाको नाम र स्थान | लाभान्वित घरधुरी |
|---|---|---|
| १२ | श्रीचौर खानेपानी योजना | १३६४ |
| १३ | वसन्तपुर खुरुहरिया खानेपानी आयोजना | २३५ |
| १४ | वसन्तपुर खानेपानी योजना | |
| १५ | लामाखोला खानेपानी योजना | ३० |
| १६ | पत्थरगडवा खानेपानी योजना | ९४१ |
| १७ | माथिल्लो करङ्गे खानेपानी योजना | १०६ |
| १८ | रुपाकोट सोलार लिफ्ट खानेपानी आयोजना | ४१ |
| १९ | वराखुट्टी खानेपानी योजना | ४० |
| | जम्मा | ११५८ |

स्रोत : समूहगत छलफल २०७७

## २.२.७ बसपार्क, पार्किङ्गस्थल

यस गाउँपालिकामा सार्वजनिक बस यातायातको लागि वडा न. १ भालुवाङ्गमा बसपार्क निर्माण गरिएको छ । यहाँबाट प्यूठान, रोल्पा लगायत पूर्व पश्चिम राजमार्गको विभिन्न शहरी क्षेत्र र राजधानी सम्म दैनिक बस संञ्चालन हुने गरेको छ ।

## २.२.८ हाटबजार, पशुवधशाला

यस गाउँपालिकामा वैज्ञानिक तथा व्यबस्थित पशुबधशाला निर्माण भएको छैन । वडा १ को भालुवाङ्ग बजारको पुलचोकमा अस्थायी पशुबधशाला रहेको छ । यहाँ राँगा बध गर्ने गरिएको छ । यस बाहेक गाउँपालिकाका अन्य वडाहरूमा रहेको फ्रेस हाउसमा निजि तथा साना व्यापारिक प्रयोजनकालागि मासु काट्ने र वेचबिखन गर्ने गरेको पाईन्छ ।

## २.२.९ पार्क तथा मनोरञ्जन स्थल, भ्युटावर

यस गाउँपालिका क्षेत्रभित्र धार्मिक तथा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण स्थानहरू रहेका छन । ती स्थानहरू सम्बन्धी विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका नं. ८ :** धार्मिक तथा पर्यकीय क्षेत्रहरू सम्बन्धी विवरण

| क्र.सं. | पर्यटकीय स्थलहरू | स्थलको महत्व | दैनिक पर्यटक संख्या |
|---|---|---|---|
| १ | भद्राक्षीदेवी मन्दिर | श्री स्वस्थानी व्रतकथामा उल्लेख भएअनुसार सतिदेवीको देव्रेघुडा यसै स्थानमा पतन भएको थियो । धार्मिक पर्यटन | १०० |
| २ | रुपकोट मस्जिद, भालुवाङ मस्जिद भगवानपुर मस्जिद | सांस्कृतिक तथा ऐतिहासक स्थल | ५० |
| ३ | शीव मन्दिर | वसन्तापुर | ५० |
| ४ | गणेश, हनुमान, खड्गेश्वरी खौराहाबावा मन्दिर | भालुवाङ, भुल्के | १०० |
| ५ | बसन्तापुर पिकनिक स्थल ( स्वीजरलेण्ड) | धार्मिक पर्यटन तथा वनभोज स्थल, चिसोपानी नल्का | ५० |
| ६ | बगासोती सिमसार तथा चखेवा ताल | जैविक विविधता र पर्यटकीय वनभोज स्थला | ५० |

| क्र.सं. | पर्यटकीय स्थलहरू | स्थलको महत्व | दैनिक पर्यटक संख्या |
|---|---|---|---|
| ७ | फूलचोक माथी सामुदायिक वनमा रहेको पाक | जैविक विविधता र पर्यटकीय वनभोज स्थला | ५० |
| ८ | हर्सेडाँडा पर्यटकीय स्थल | कृतिम ताल, बनभोज स्थल | १०० |
| ९ | राप्ती तट | बनभोज स्थल, जलक्रिडा, धार्मिक सांस्कृतिक स्थल | २०० |

*स्रोत: गाउँपालिका वस्तुस्थिति विवरण २०७५*

### २.२.१० सार्वजनिक शौचालय

राप्ती गाउँपलिकामा  वडा नं १ मा ३ वटा, वडा नं २ मा २ वटा , वडा नं ५ मा १ वटा, वडा नं ७ मा १ वटा, वडा नं ८ मा १ वटा र वडा नं ९ मा १ वटा गरी जम्मा ९ वटा सञ्चालनमा ल्याइएको छ ।

### २.२.११ ल्याण्डफिल साइट

यस गाउँपालिकामा ल्याण्डफिल्ड साइटको व्यवस्था गरिएको छैन । ल्याण्डफिल्ड साइटको अभावका कारण फोहरमैला व्यवस्थापनमा कठिनाई भएको छ । घर घरबाट फोहरमैला सङ्कलन गरी व्यवस्थापन गर्न नसक्दा यसबाट सङ्कलन हुनसक्ने राजश्व सङ्कलन हुन सकेको छैन ।

## २.३ आर्थिक अवस्था

### २.३.१ उद्योग तथा कलकरखाना

यस गाउँपालिका ठूला उद्योगहरू स्थापना भएका छैनन् । मझौला तथा साना उद्योगहरू स्थापना शुरुवात भएका छन् । यी प्रायजसो उद्योगहरू निर्माण सामग्री, कृषि तथा पशुपालन आधारित छन् । यँहा उत्पादन भएको कृषि उपजहरू कच्चा रुपमानै बाहिर निकासी हुने गरेको छ । व्यबसायिक रुपमा गाईपालन, कुखुरापालन, तरकारी खेति र माहुरी पालनलाई अगाडि बढाउन शुरुवात गरिएको छ । मिनरल वाटर फ्याक्ट्री, कंक्रिट उद्योग, व्लकं उद्योग, ग्रिल लागायतका निर्माणसँग सम्बन्धित उद्योगहरूले स्थानीय बाहेक नजिकैको अन्य गाउँपालिकाहरूमा पनि सेवा दिएका छन् । गाउँपालिकामा संञ्चालन भएका उद्योगहरूको विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ९ :** उद्योग सम्बन्धी विवरण

| सि.न. | उद्योग | संख्या | प्रकार |
|---|---|---|---|
| १ | ग्रील उद्योग | २३ | घरेलु |
| २ | राधा कृष्ण कंक्रिट ब्लक उद्योग | १ | घरेलु तथा साना |
| ३ | कुटानी/तेल/ राईस मिल | १२ | घरेलु |
| ४ | वेकरी | २ | घरेलु |
| ५ | मसला उद्योग | २ | लघु |
| ६ | कपास उद्योग | १ | घरेलु |
| ७ | कापी उद्योग | १ | साना |
| ८ | काष्ठ उद्योग | १४ | घरेलु |
| ९ | माउण्टेन मिनरल वाटर उद्योग | १ | |

*स्रोत: भालुवाङ्ग उद्योग बाणिज्य संघ, २०७४*

### २.३.२ व्यापार तथा व्यवसाय

यस गाउँपालिकामा सञ्चालनमा रहेका विविध व्यवसाय सम्बन्धी विवरण तलको तालिकामा दिइएको छ । ती व्यवसयाहरू मध्ये गाउँपालिकाको कार्यालयमा दर्ता भएका व्यवसायहरूको संख्या १४७० रहेको छ ।

*तालिका नं. १० :* व्यवसाय सम्बन्धी विवरण

| क.सं. | व्यवसायको किसिम | संख्या |
|---|---|---|
| १ | हार्डवयर | ४१ |
| २ | होटल | १७२ |
| ३ | फेन्सी पसल | १४२ |
| ४ | किराना पसल गल्ला समेत | ४५० |
| ५ | कस्मेटिक | ७४ |
| ६ | ईलेक्ट्रिकल्स | ५६ |
| ७ | फलफूल तथा तरकारी | २७ |
| ८ | हेयर कटिङ्ग | ७ |
| ९ | ल्पाष्टिक तथा भाँडा | २६ |
| १० | टेलर्स | ५९ |
| ११ | कृषि फर्म | २ |
| १२ | मासु पसल | २५ |
| १३ | बेकरी | २ |
| १४ | सुन चाँदी | १२ |
| १५ | एग्रोभेट | २२ |
| १६ | फोटो स्टुडियो | १० |
| १७ | टुर एण्ड ट्राभल्स | १ |
| १८ | आर्ट | २ |
| १९ | ग्रील | १६ |
| २० | स्टेसनरी | २१ |
| २१ | मेडिकल साना क्लिनिक समेत | २५ |
| २२ | मसला उद्योग | १ |
| २३ | फिल्टर उद्योग | २ |
| २४ | आइस क्रिम उद्योग | १ |
| २५ | फुट वेयर उद्योग | १ |
| २६ | बार वयर उद्योग | १ |
| २७ | टिचिङ्ग स्कूल कोरियन भाषा | १ |
| २८ | माछा फार्म | १ |
| २९ | बाखा फर्म | ५ |
| ३० | थेरापी सेन्टर | १ |
| ३१ | कापी उद्योग | १ |
| ३२ | हस्तकला | ५ |
| ३३ | गाई पालन | ४ |
| ३४ | कुखुरा फर्म | ३० |
| ३५ | बंगुर फर्म | ४ |
| ३६ | कवाडी | ३ |
| ३७ | ढ्वानी सेवा | १ |
| ३८ | डेरी | २ |
| ३९ | साइकल स्टोर्स मर्मत समेत | १८ |
| ४० | अटो मोवाइल्स | ३ |
| ४१ | सवारी साधन मर्मत | २१ |

| क्र.सं. | व्यवसायको किसिम | संख्या |
|---|---|---|
| ४२ | फ्यूल सेन्टर | ३ |
| ४३ | मदिरा पसल | ५६ |
| ४४ | काष्ठ उद्योग | १४ |
| ४५ | निर्माण | १ |
| ४६ | सिनेमा हल | १ |
| ४७ | फलाम उद्योग | १ |
| ४८ | प्रिन्टस | १ |
| ४९ | कोल्ड स्टोस | १३ |
| ५० | इन्सिच्यूट | २ |
| ५१ | फीड सप्लायर्स | ४ |
| ५२ | फर्निचर | १८ |
| ५३ | टायल/मार्वल | ३ |
| ५४ | ग्याँस बिक्री | २ |
| ५५ | डेकोरेसन | ४ |
| ५६ | फुटपाथ व्यापारी चना चटपटे समेत | १२ |
| ५७ | टायर रिसोलिङ्ग | ५ |
| ५८ | मोवाइल/घडी | १३ |
| ५९ | रेडियो | १ |
| ६० | हस्तकला | २ |
| ६१ | म्यूजिक हाउस | २ |
| ६२ | राइस मील | १२ |
| ६३ | सिरक डसना उद्योग | १ |
| ६४ | साबुन उद्योग | १ |
| | जम्मा | १४७० |

*स्रोत : राप्ती गाउँपालिका वस्तुस्थिति विवरण २०७५*

## २.३.३ वैंक तथा वित्तीय संस्था

राप्ती गाउँपालिकामा वित्तिय कारोबार गर्ने बैंक तथा अन्य संघसंस्थाहरू उल्लेख्य मात्रामा स्थापना भएका छन् । प्रमुख वैंकहरूमा एन आई सी एसिया, बैंक अफ काठमाण्डौं, विभिन्न विकास बैंकहरू रहेका छन् । यस बाहेक वडा वडामा सञ्चालन भएका सहकारी संस्थाहरूले साना स्केलमा वित्तिय कारोबार शुरुवात गरेका छन् । गाउँ बस्तीमा छरिएर रहेका पुँजी सङ्कलन र परिचालनको लागि सहकारी संस्थाहरूको भूमिका महत्वपूर्ण देखिएको छ ।

**तालिका नं. ११ :** बैक तथा वित्तीय संस्थाहरूको विवरण

| क्र.सं. | वित्तिय संस्थाहरूको विवरण | संख्या |
|---|---|---|
| १ | वाणिज्य बैक | ३ |
| २ | विकास बैंक | ५ |
| ३ | लघु वित्त संस्था | ३ |
| ४ | सहकारी संस्था | २४ |
| | जम्मा | ३५ |

*स्रोत : राप्ती गाउँपालिका वस्तुस्थिति विवरण २०७५*

## २.३.४ बजार

यस गाउँपालिका भित्रका प्रमुख बजारहरूमा भालुवाङ सिसनिया, मौरीघाट, लालमटिया र सग्रापुर रहेका छन । ती बजारहरूमा कृषि उत्पादन, निर्माण सामग्री, दैनिक उपभोग्य बस्तु थोक तथा खुद्रा बिक्री वितरण, पशुजन्य उत्पादन लगायतका सामानहरूको किनबेच हुने गर्दछ ।

**तालिका नं. १२ :** स्थानीय बजार तथा व्यापारिक केन्द्रहरूको विवरण

| क्र.सं. | बजारको नाम | वडा नम्बर | मुख्य व्यापारिक वस्तुहरू |
|---|---|---|---|
| १ | भालुवाङ बजार | १ | कृषि उत्पादन, निर्माण सामग्री, दैनिक उपभोग्य बस्तु थोक तथा खुद्रा बिक्री वितरण, पशुजन्य उत्पादन |
| २ | सिसनिया बजार | ५ | कृषि उत्पादन, निर्माण सामग्री, दैनिक उपभोग्य बस्तु थोक तथा खुद्रा बिक्री वितरण |
| ३ | मौरीघाट | ४ | कृषि उत्पादन, निर्माण सामग्री, दैनिक उपभोग्य बस्तु थोक तथा खुद्रा बिक्री वितरण, पेट्रोलियम पदार्थ |
| ४ | पिपरी | ८ | कृषि उत्पादन, निर्माण सामग्री, दैनिक उपभोग्य बस्तु थोक तथा खुद्रा बिक्री वितरण |
| ५ | लालमटिया | २ | नगदेबाली तथा पशुजन्य उत्पादन |
| ६ | सग्रापुर | ६ | कृषि उत्पादन, निर्माण सामग्री, दैनिक उपभोग्य बस्त |

स्रोत : राप्ती गाउँपालिका वस्तुस्थिति विवरण २०७५

## २.३.५ नीजि अस्पताल, विद्यालय तथा कलेज

यस गाउँपालिकामा सामुदायिक विद्यालय तथा कलेज गरी ४ वटा र  नीजी विद्यालय १४ वटा रहेका छन । यसैगरी समुदायमा आधारित ११ वटा बालविकास केन्द्र पनि संञ्चालन गरिएको छ ।

# परिच्छेद - तीन : गाउँपालिकाको राजश्व अधिकार तथा आय सम्भाव्यता

यस परिच्छेदमा स्थानीय तहलाई प्राप्त राजश्व अधिकार र सो अधिकारको कार्यान्वयन, सम्भावना, समस्या तथा चुनौतीहरू र सुधार गर्नुपर्ने कार्यहरूको शीर्षकगत विश्लेषण गरिएको छ ।

## ३.१ स्थानीय तहको राजश्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

**नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४ तथा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४** मा स्थानीय सरकारको राजश्व अधिकार सम्बन्धीका प्रावधानहरू यस शीर्षक अन्तर्गत प्रस्तुत गरिएको छ ।

### ३.१.१ संवैधानिक व्यवस्था

**नेपालको संविधान २०७२** को अनुसूची - ८ (स्थानीय तहको अधिकार सूची) को प्रावधान अनुसार स्थानीय तहलाई निम्नानुसार राजश्व अधिकार प्रदान गरेको छ :

- सम्पत्ति कर
- भूमिकर (मालपोत)
- घर जग्गा बहाल कर
- घर जग्गा रजिष्ट्रेशन शुल्क
- सवारी साधन कर
- सेवा शुल्क, दस्तुर
- पर्यटन शुल्क
- विज्ञापन कर
- व्यवसाय कर
- दण्ड जरिवाना
- मनोरञ्जन कर
- प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी

त्यसै गरी नेपालको संविधान २०७२ मा स्थानीय तहको राजश्व अधिकार सम्बन्धी निम्न धारामा थप प्रावधान देहाय अनुसार रहेको छ :

#### धारा २२८ : कर लगाउन वा ऋण लिन नपाईने

(१) कानून बमोजिम बाहेक स्थानीय तहमा कुनै पनि किसिमको कर लगाउन, उठाउन र ऋण लगाउन पाईने छैन ।

(२) स्थानीय तहको अधिकार क्षेत्र भित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसारपसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने गरी कानून बनाई कर लगाउन सक्नेछ ।

#### धारा २३६ : अन्तर प्रदेश व्यापार

संविधानमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि एक प्रदेश वा स्थानीय तहबाट अर्को प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तार वा कुनै प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने बस्तुको ढुवानी वा सेवाको विस्तारमा कुनै किसिमको वाधा अवरोध गर्न वा कुनै कर, शुल्क, दस्तुर वा महशुल लगाउन वा त्यस्तो सेवा वा वस्तुको ढुवानी वा विस्तारमा कुनै किसिमको भेदभाव गर्न पाईने छैन ।

### ३.१.२ कानुनी व्यवस्था

संघीय कानुन (**स्थानीय सरकार संचालन ऐन (स्थाससंऐ), २०७४** को दफा ५४ देखि दफा ६३ सम्म र **अन्तर सरकारी वित्त व्यवस्थापन ऐन (असविव्यऐ), २०७४** अनुसार स्थानीय तहलाई निम्नानुसार आय सङ्कलन गर्ने अधिकार प्रदान गरिएको छ :

## (क) गाउँपालिकाको एकल अधिकार:

### अ) कर

- ***सम्पत्ति कर:*** स्थानीय सरकार संचालन ऐन, २०७४ (संशोधन) को दफा ५५ अनुसार स्थानीय तहले आफ्नो क्षेत्रभित्रको घर र जग्गामा सम्पत्ति कर लगाउन पाउने व्यवस्था गरेको छ । यसरी सम्पत्ति कर लगाउँदा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमीकर (मालपोत) लगाउनु पर्ने व्यवस्था गरेको छ । "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म पर्नेछ । घर जग्गामा सम्पत्ति कर लगाउँदा घर जग्गाको मूल्याङ्कनका आधारहरू देहाय बमोजिम हुनेछन :




(क) घर र घरजग्गाको आकार, प्रकार, बनौट र उपयोगको अवस्था,

(ख) घर र घरजग्गाको चलनचल्तीको मूल्य र घरको ह्रास मूल्य,

(ग) घर र घरजग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था

(घ) सम्पत्ति करको दर निर्धारण गर्दा नागरिकको जीवनस्तर, आर्थिकस्तर र कर तिर्न सक्ने क्षमताका आधारमा

- ***भूमिकर (मालपोत):*** सम्पत्ति कर लगाउँदा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमीकर (मालपोत) लगाउनु पर्ने **(दफा ५६)**

- ***घर जग्गा बहाल कर:*** कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा **(दफा ५७ )**

- ***व्यवसाय कर:*** व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा **(दफा ५८)**

- ***सवारी साधन कर:*** टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सामा **(दफा ६४)**

- ***जडिबुटी, कवाडी र जीवजन्तु कर:*** आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, मरेका वा मारिएका जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यवसायिक उपयोग गरे बापत **(दफा ६१)**

### आ) शुल्क

- बहाल बिटौरी शुल्क: आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत **(दफा ५९ )**

- पार्किङ शुल्क: आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत **(दफा ६०)**

### इ) सेवा शुल्क (दफा ६२)

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा ।

- आफूले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा सेवामा (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती, शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकीय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि)

- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सेवा शुल्क
- सिफारिश सम्बन्धी कुनै सेवा शुल्क

## ई) बिक्री गर्न सक्ने (दफा ६२ क)

- केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ ले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा दफा ६२ क थप गरी गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय अध्ययन तथा परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री गर्न पाउने
- आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदि ।
- नेपाल सरकारबाट जारी ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, विक्री तथा व्यस्थापन सम्बन्धी मापदण्ड, २०७७ ले स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्रीबाट संकलित राजश्व मध्ये ६० प्रतिशत स्थानीय संचित कोषमा र ४० प्रतिशत प्रदेश संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था
- मापदण्ड बमोजिम ऐनमा शंसोधन नभईसकेको अवस्था

## उ) सामुदायिक वनबाट आय प्राप्त गर्ने (दफा ६२ ख)

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने ।
- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धीत गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

***नोट : २०७६ आश्विन २७ गते प्रमाणीकरण गरिएको वन ऐन, २०७६ मा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ मा भएको प्रावधानलाई वन ऐन २०७६ दफा २२ ले यसरी प्रभावित पारेको छ ।***

## ऊ) वन विकासको लागि खर्च गर्नुपर्ने (वन ऐन २०७६ दफा २२ )

१) उपभोक्ता समूहले कार्ययोजना बमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तीमा २५ प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तीमा ५० प्रति रकम सम्बन्धित स्थानीय तहसंग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तिकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम खर्च गरी बाँकी रहेको रकम उपभोक्ता समूहको हितमा प्रयोग गरिनेछ ।

## ए) प्रचलित कानून बमोजिम गर्ने सिफारिश, दर्ता, अनुमति, नवीकरण आदिको शुल्क तथा दस्तुर

- **दर्ता, अनुमति तथा नवीकरण दस्तुर (स्थाससंऐ दफा ११ को घ को ७)**
  - स्थानीय सहकारी संस्था
  - १०० वाट सम्मको एफएम रेडियो
  - घ वर्गको ठेक्का इजाजत
  - सामुदायिक, संस्थागत, गुठी, सहकारी विद्यालय
  - प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम
  - मातृ भाषामा शिक्षा दिने विद्यालय
  - ट्युसन, कोचिङ्ग
  - औषधि पसल
  - परिवार नियोजन तथा मातृ शिशु कल्याण सम्बन्धी सेवा
  - ढुङ्गा, गिट्टी, वालुवा, माटो र स्लेट जस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग
  - स्थानीय स्तरका व्यापारिक फर्म
  - स्थानीय तहका पत्र पत्रिका

- ○ जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्था, क्लिनिक
- ○ स्थानीय स्तरका संघ संस्था
- ○ इन्टरनेट, टेली सेन्टर, केवुल तथा तार विहिन टेलिभिजन
- ○ लघु घरेलु तथा साना उद्योग (कार्य जिम्मेवारी मापदण्ड, २०७६ मा प्रदेशको अधिकारमा रहेको)

- नक्सा पास दस्तुर **(दफा ३३ को ४)**
- दण्ड जरिवाना (असविब्यऐ)

**अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४** अनुसार स्थानीय तहलाई निम्नानुसार आय सङ्कलन गर्ने अधिकार प्रदान गरिएको छ ।

## (ख) प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने (दफा ७ को अनुसूची ४):

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहहरूलाई प्रदान गरेको राजश्व अधिकार स्थानीय तहले आर्थिक ऐन मार्फत राजश्वको दर तथा सङ्कलनका अन्य आधारहरूको निर्धारण गरी सङ्कलन गर्नु पर्दछ ।

**तालिका नं. १३ :** प्राकृतिक श्रोतको रोयल्टी बाँडफाँड (प्रतिशतमा)

| क्र.सं. | श्रोतहरू | संघ | प्रदेश | स्थानीय तह |
|---|---|---|---|---|
| १ | पर्वतारोहण | ५० | २५ | २५ |
| २ | विद्युत | ५० | २५ | २५ |
| ३ | बन | ५० | २५ | २५ |
| ४ | खानी तथा खनिज | ५० | २५ | २५ |
| ५ | पानी तथा अन्य स्रोत | ५० | २५ | २५ |

*स्रोत : अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, अनुसूची ४*

## (ग) राजश्व बाँडफाँट (असविव्य, ऐनको दफा ६)

(अ) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतिय रिक्सामा सवारी साधन करको दर गाउँपालिकाले लगाउने र उठाउने

(आ) घरजग्गा रजिश्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाउँपालिकाले उठाउने ।

(इ) मनोरञ्जन करको दर प्रदेशले लगाउने र गाउँपालिकाले उठाउने

(ई) विज्ञापन करको दर गाउँपालिकाले लगाउने र उठाउने

- (आ), (इ) र (ई) बमोजिमको करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाउँपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।
- (अ) बमोजिम प्रदेशले लगाएको र उठाएको सवारी साधन कर करबाट उठेको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँट गरिने ।

(उ) नेपाल सरकारले सङ्कलन गरको मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट सङ्कलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने ।

- आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँट हुने
- स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने

(ऊ) प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टीको बबाँडफाँट आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत

- प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टी वार्षिक रुपमा प्राप्त हुने

राजश्व बाँडफाँट अन्तर्गत संघीय सरकारबाट सङ्कलन भएको मूल्य अभिवृद्धि कर, अन्तशुल्क तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी रकमको माथि उल्लेख भए बमोजिमको हिस्सा स्थानीय तहहरू बीच बबाँडफाँट हुने व्यवस्था छ । उक्त रकम संघीय सरकारले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको प्रतिशतको आधारमा स्थानीय तहहरू बीच बबाँडफाँट हुने व्यवस्था छ ।

## १) प्रदेश सरकारबाट गरिने बबाँडफाँट (दफा ६ क)

त्यसै गरी प्रदेश सरकारले सङ्कलन गरेको सवारी करबाट प्राप्त रकमको ४० प्रतिशत रकम पनि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको प्रतिशतको आधारमा सम्बन्धित स्थानीय तहहरू बीच बबाँडफाँट हुने व्यवस्था छ । यसका अतिरिक्त स्थानीय तहबाट सङ्कलन भएको कर तथा शुल्कको ४० प्रतिशत रकम सम्बन्धित प्रदेशलाई पठाउनु पर्ने व्यवस्था छ ।

**तालिका नं. १४ :** स्थानीय र प्रदेश तह वीचको राजश्व बाँडफाँड

| क.सं. | करका क्षेत्रहरू | सङ्कलन गर्ने तह | राजश्व बाँडफाँट (प्रतिशतमा) | |
|---|---|---|---|---|
| | | | प्रदेश | स्थानीय तह |
| १ | सवारी साधन कर | प्रदेश | ६० | ४० |
| २ | घरजग्गा रजिष्ट्रेशन शुल्क | स्थानीय | ४० | ६० |
| ३ | मनोरञ्जन कर | स्थानीय | ४० | ६० |
| ४ | विज्ञापन कर | स्थानीय | ४० | ६० |

*स्रोत : अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४*

## २) मूल्य अभिवृद्धि कर, अन्तःशुल्क (दफा ६)

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार मूल्य अभिबृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्तःशुल्क रकम मध्येबाट उठेको रकमलाई संघीय विभाज्य कोषमा राखी सो रकम मध्ये संघीय सरकारले ७० प्रतिशत, प्रदेशले १५ प्रतिशत र स्थानीय सरकारले १५ प्रतिशत बाडँफाँड गर्ने व्यवस्था रहेको छ ।

**तालिका नं. १५ :** मूल्य अभिवृद्धि कर, अन्तशुल्कको बाँडफाँड

| क.सं. | श्रोतहरू | संघ | प्रदेश | स्थानीय तह |
|---|---|---|---|---|
| १ | मूल्य अभिबृद्धि कर (भ्याट) | ७० | १५ | १५ |
| २ | अन्तशुल्क | ७० | १५ | १५ |

*स्रोत : अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, परिच्छेद ३ (६)*

## (घ) अनुदान (परिच्छेद ४)

संघीय तथा प्रदेश सरकारबाट प्रदान गरिने वित्तीय समानीकरण अनुदान राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको प्रतिशतको आधारमा स्थानीय तहहरू बीच बबाँडफाँट हुने व्यवस्था छ । त्यसै गरी संघीय तथा प्रदेश सरकारले आयोगले तोकेको आधार बमोजिम सशर्त अनुदान प्रदान गर्ने व्यवस्था छ । समपूरक तथा विशेष अनुदानकोलागि स्थानीय तहहरूबाट प्राप्त हुने प्रस्ताव र अनुदान वितरण कार्यविधिको आधार संघीय तथा प्रदेश सरकारले अनुदान उपलब्ध गराउन सक्ने व्यवस्था रहेको छ ।




१) ***वित्तीय समानीकरण अनुदान:*** खर्चको आवश्यकता र राजश्वको क्षमताको आधारमा आयोगको सिफारिशमा संघ र प्रदेशबाट प्राप्त **(दफा ८)**

२) ***सशर्त अनुदान:*** कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त **(दफा ९)**

३) ***समपूरक अनुदान:*** पूर्वाधार बिकास सम्बन्धि कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त **(दफा १०)**

४) ***विशेष अनुदान:*** कुनै खास उद्देश्य र योजनाको लागि संघ र प्रदेशबाट **(दफा ११)**

## (ङ) वैदेशिक सहायता तथा आन्तरिक ऋण (परिच्छेद ५)

- नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिएरमात्र वित्त आयोगले सिफारिस गरेको सिमा भित्र आन्तरिक ऋण लिन सक्ने
- नेपाल सरकारसँग मनासिब कार्यका लागि ऋण लिन सक्ने

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई ब्याख्या गरेको छ । स्थानीय तहले कानून बमोजिम वाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन् ।

| स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा गरिएको व्यवस्था | अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४) मा गरिएको व्यवस्था |
|---|---|
| • कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट संचालित परियोजनाबाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्रमा कर नलाग्ने<br>• सेवा शुल्क असुली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीबाट गर्न सक्ने ( | • कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकूल असर नहुने गरी लगाउनु पर्ने<br>• गैर करको दर निर्धारण गर्दा वस्तु वा सेवाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मान्नु पर्ने<br>• कर वा गैर कर राजश्वको प्रस्ताव तयार गर्दा वा भैरहेको कर वा गैर कर राजश्वमा परिवर्तन गर्नुपर्दा त्यसको आवश्यकता, औचित्य तथा तथा त्यसबाट पार्ने प्रभाव समेत उल्लेख गर्नु पर्ने<br>• राजश्व प्रस्ताव तयार गर्दा त्यस्तै विषयमा नेपाल सरकार, अन्य प्रदेश वा स्थानीय तहले लगाएका कर वा गैर कर र त्यसको दरसँग यथासम्भव तारतम्यता हुने गरी गर्ने |

## ३.२ आन्तरिक आय सङ्कलनका प्रमुख क्षेत्रहरूको विद्यमान अवस्था

यस भागमा गाउँपालिकाको आन्तरिक आय सङ्कलनका प्रमुख क्षेत्रहरू परिचालनको विद्यमान अवस्था, सम्भावनाको शीर्षकगत् रुपमा विश्लेषण गर्दै प्रभावकारी परिचालनका उपायहरूको खोजी गरिएको छ।

**तालिका नं. १६ :** आन्तरिक आय सङ्कलनको विद्यमान अवस्था विवरण

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण भएको/नभएको | सङ्कलन भएको/नभएको | दर निर्धारण भएको/नभएको |
|---|---|---|---|---|
| **क.** | **कर राजश्व** | | | |
| १ | सम्पत्ति कर | भएको | नभएको | नभएको |
| २ | भूमिकर (मालपोत) | भएको | भएको | भएको |
| ३ | घर जग्गा बहाल कर | भएको | भएको | भएको |
| ४ | व्यवसाय कर | भएको | भएको | भएको |
| ५ | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | भएको | नभएको | नभएको |
| ६ | जडिबुटी, कवाडी र जिवजन्तु कर | भएको | नभएको | नभएको |
| ७ | विज्ञापन कर | भएको | नभएको | भएको |
| ८ | मनोरञ्जन कर | भएको | नभएको | नभएको |
| **ख).** | **गैर कर राजश्व** | | | |
| **ख.१** | **शुल्क, सेवा शुल्क तथा महशुल** | | | |
| १ | वहाल विटौरी शुल्क | भएको | भएको | भएको |
| २ | पार्किङ्ग शुल्क | भएको | नभएको | भएको |
| ३ | पर्यटन शुल्क | भएको | नभएको | नभएको |
| ४ | परिक्षा शुल्क | भएको | भएको | भएको |
| ५ | निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवा शुल्क | नभएको | नभएको | नभएको |
| ६ | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिपफ्लायर, प्याराग्लाईडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | नभएको | नभएको | भएको |
| ७ | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | भएको | भएको | भएको |
| ८ | फोहरमैला व्यवस्थापन शुल्क | भएको | नभएको | नभएको |
| ९ | अस्पताल संचालन | भएको | नभएको | नभएको |
| १० | एम्बुलेन्स संचालन | भएको | नभएको | नभएको |
| ११ | दमकल संचालन | भएको | नभएको | नभएको |
| १२ | मूल्याङ्कन सेवा शुल्क | भएको | भएको | भएको |
| १३ | स्थानीय खानेपानी महसुल | भएको | नभएको | नभएको |
| १४ | स्थानीय विद्युत महसुल | नभएको | नभएको | नभएको |
| **ग.** | **दस्तुर** | | | |
| १ | नक्सापास दस्तुर | भएको | भएको | भएको |
| २ | सिफारिश/प्रमाणित दस्तुर | भएको | भएको | भएको |
| ३ | व्यक्तिगत घटना दर्ता दस्तुर | भएको | भएको | भएको |
| ४ | नाता प्रमाणित दस्तुर | भएको | भएको | भएको |
| ५ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर | भएको | भएको | भएको |

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण भएको/नभएको | सङ्कलन भएको/नभएको | दर निर्धारण भएको/नभएको |
|---|---|---|---|---|
| **घ.** | **बिक्री तथा अन्य आय** | | | |
| १ | स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य वस्तुको विक्री | भएको | भएको | भएको |
| २ | काठ, दाउरा, जराजुरी, दहत्तर, बहत्तर बिक्री | भएको | नभएको | नभएको |
| ३ | अन्य बिक्रीबाट प्राप्त रकम | भएको | भएको | भएको |
| ४ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | नभएको | नभएको | नभएको |
| ५ | न्यायिक दण्ड जरिवाना | भएको | भएको | भएको |
| ६ | प्रशासनिक दण्ड जरिवाना | भएको | भएको | भएको |

## ३.३ आन्तरिक आय उठाउन सक्ने तर हालसम्म नउठाएका शीर्षकहरू तथा परिचालनका उपाय :

यस गाउँपालिकाका हालसम्म सङ्कलन गर्न सक्ने शीर्षकहरू भएता पनि विविध कारणले परिचालन गर्न नसकिएका शीर्षकहरू सम्बन्धी विवरण यस प्रकार रहेका छन ।

**तालिका नं. १७ :** आन्तरिक आय शीर्षकहरू तथा परिचालनका उपाय

| क्र.सं. | सम्भावना भएतापनि हालसम्म नउठाएका आय शीर्षकहरू | लागु नहुनुका कारण | परिचालन गर्ने उपाय |
|---|---|---|---|
| १ | सम्पत्ति कर | एकिकृत सम्पत्ति कर नलगाउने भएपछि सम्पत्ति कर पनि नलगाइएको | सम्पत्ति कर सम्बन्धी कार्यविधि तयार पारेर लागु गर्ने |
| २ | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | यस शीर्षकबाट कर लिंदा इन्सोरेन्स रोड अनुमति जस्ता कुराले प्रदेशलाई उठाउन दिइएको | यस सम्बन्धी कार्यविधि बनाई आर्थिक ऐनमा दर रेट निर्धारण गर्ने |
| ३ | जडिबुटी, कवाडी र जिवजन्तु कर | उल्लेख्य मात्रामा जडीबुटी सङ्कलन गर्ने क्षेत्र नभएको | |
| ४ | विज्ञापन कर | साझा अधिकारको सूचीमा भएकाले प्रदेशले उठाउने गरेको | गाउँपालिकाले दर निर्धारण गरी ६० प्रतिशत राखेर ४० प्रदेशमा बुझाउने |
| ५ | मनोरञ्जन कर | मनोरञ्जन कर लिने क्षेत्र नभएको | |
| ६ | पार्किङ्ग शुल्क | पार्किङ्ग शूल्कको सम्भावना भएतापनि भौतिक सुविधा उपलब्ध गराउन नसकिएको | भालुवाङ्गमा बनाइएको बसपार्कमा भौतिक सुविधा उपलब्ध गराई नीति नियम कार्यविधि बनाई लागु गर्ने |
| ७ | पर्यटन शुल्क | पर्यटन पूर्वाधार नभएर | पर्यटन पूर्वाधार निर्माण गरी लागु गर्ने |
| ८ | फोहरमैला व्यवस्थापन शुल्क | ल्याण्डफिल्ड साइट निर्धारण गर्न नसकिएको | ल्याण्डफिल्ड साइट निर्धारण गरीर्थक ऐनमा शुल्क निर्धारण गरी सङ्कलन गर्ने |
| ९ | अस्पताल संचालन | अस्पताल सञ्चालन नगरिएको | |
| १० | एम्बुलेन्स संचालन | एम्बुलेन्स सञ्चालन नगरिएको | |
| ११ | दमकल संचालन | दमकल नभएको | |
| १२ | स्थानीय खानेपानी महसुल | उपभोक्ता समिति मार्फत सञ्चालन गरिएको | |
| १३ | स्थानीय विद्युत महसुल | माइक्रो हाइड्रो सञ्चालनमा नभएको | |
| १४ | काठ, दाउरा, जराजुरी, दहत्तर, बहत्तर बिक्री | अधिकारको प्रयोग नसकिएको | आर्थिक ऐनमा दर निर्धारण गरी ठेक्का मार्फत सङ्कलन गर्ने |
| १५ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | गाउँपालिकाको संरचनामा भाडामा दिने संरचना नभएको | सम्भावित स्थानमा संरचना निर्माण गरी बहालमा लगाउने |

## ३.४ आन्तरिक आय सङ्कलनका प्रमुख क्षेत्रहरूको विद्यमान अवस्था र सम्भावना विश्लेषण

यस भागमा गाउँपालिकाको आन्तरिक आय सङ्कलनका प्रमुख क्षेत्रहरू परिचालनको विद्यमान अवस्था, सम्भावनाको शीर्षकगत रुपमा विश्लेषण गर्दै प्रभावकारी परिचालनका उपायहरूको खोजी गरिएको छ । तथ्याङ्कीय विश्लेषणकोलागि कर तथा गैर करका आधार र करदाता संख्याको पहिचान गरिएको छ । त्यसैगरी प्रति इकाई कर तथा गैर करका दरको अनुमान गरी करदाता संख्याका आधारमा कुल सम्भाव्यता पहिचान गरिएको छ । राजश्व अनुमान गर्दा कुल सम्भाव्यताको सबै अंश तत्काल करको दायरामा ल्याउन संभव नहुने हुँदा दायरामा ल्याउन सकिने अंश अनुमान गरी आय प्रक्षेपण गरिएको छ ।

### ३.४.१ स्थानीय कर राजश्व

#### (क) सम्पत्ति कर

**विद्यमान अवस्था :**

स्थानीय सरकार सञ्चालन ऐनमा सम्पत्ति कर सम्बन्धी व्यवस्था गरिए पनि यस गाउँपालिकाको आर्थिक ऐनमा सम्पत्ति करको बारेमा उल्लेख गरिएको छैन । एकिकृत सम्पत्ति कर लिन नपाउने व्यवस्था भए देखि नै सम्पत्ति कर पनि लिइएको पाइएन । यस शीर्षकबाट ठूलो मात्रामा राजश्व सङ्कलन हुन नसकेको अवस्था छ ।

**संभाव्यता :**

विद्यमान कानूनी व्यवस्था अनुसार घर र घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लाग्दछ । राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक प्रतिवेदन अनुसार यस गाउँपालिकामा १०९४० घर संख्या रहेको छ । यही संख्यालाई सम्पत्ति कर तिर्ने करदाता मान्दा १०९४० घरपरिवारसँग घर तथा अन्य संरचना र जग्गा रहेको अनुमान गरिएको छ । यसको आधारमा यस अध्ययन प्रयोजनको लागि कूल सम्पत्ति करदाताको संख्या कायम गरी देहाय बमोजिम सम्पत्ति करको कूल सम्भावना रहेको देखिन्छ ।

**तालिका नं. १८ :** सम्पत्ति कर सम्बन्धी सम्भाव्यता विश्लेषण

| सम्पत्ति मूल्य विवरण | करदाता संख्या (अनुमानित) | औसत करको दर | सम्भाव्य सङ्कलन (रु. ) |
|---|---|---|---|
| रु. ५ लाख सम्म | २६०० | ३० | ७८००० |
| रु. ५ लाख १ देखि १० लाख सम्म | २४५० | १५० | ३६७५०० |
| रु. १० लाख १ देखि २० लाख सम्म | २११० | ३०० | ६३३००० |
| रु. २० लाख १ हजार देखि ५० लाख सम्म | १४०० | ४५० | ६३०००० |
| रु. ५० लाख १ देखी १ करोड सम्म | १३०० | ६०० | ७८०००० |
| रु. १ करोड १ देखि २ करोड सम्म | ७०० | ६५० | ४५५००० |
| रु. २ करोड १ देखि ५ करोड सम्म | ३५० | ८२५ | २८८७५० |
| रु. ५ करोड भन्दा बढी | ३० | १००० | ३०००० |
| **जम्मा** | १०९४० | | ३२६२२५० |

**सुझावहरू**

- जग्गालाई मालपोतको न्युनतम दर सँग सामञ्जन्यता हुने गरी मूल्याङन गरी सम्पत्ति करको दरलाई गाउँपालिकावासीको कर तिर्न सक्ने क्षमताको आधारमा निर्धारण गर्ने
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार सम्पत्ति कर सङ्कलन गरी बाँकी जग्गामा मालपोत सङ्कलन गर्ने गरी कार्यविधि तयार पारी लागु गर्नुपर्ने
- करदाताको पहिचान गरी विवरण अद्यावधिक गर्ने

## (ख) मालपोत वा भूमि कर

### विद्यमान अवस्था :

गाउँपालिकाले आर्थिक ऐन २०७८ को दफा ३ मा मालपोत सम्बन्धी व्यवस्था र अनुसूची २ मा जग्गाको उपयोगको आधारमा भूमिकर (मालपोत) को दर निर्धारण गरेको छ। वडा कार्यालयहरू मार्फत् सङ्कलन भई रहेको मालपोत करको अद्यावधिक विवरणहरू पनि गाउँपालिका कार्यालयमा अद्यावधिक गर्ने गरेको छ।

गत आ.व. २०७७/७८ मा रु. २७ लाख ६३ हजार ९ सय ९० रुपैया मालपोतबाट सङ्कलन भएको थियो। यस शीर्षकमा चालु आ.व.मा रु. ५० लाख अनुमान गरिएकोमा मंसिर मसान्तसम्ममा १८ लाख २६ हजार २ सय ३५ रुपैया सङ्कलन भएको देखिन्छ।

### संभाव्यता :

स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था गरे अनुसार घर तथा संरचनाले चर्चेको भन्दा बाहेकको जग्गामा भूमि कर (मालपोत) करको संभाव्यता अनुमान गरिएको छ। राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक प्रतिवेदन अनुसार यस गाउँपालिकाको घरपरिवार संख्या ११८३७ रहेको छ। यी सबै जनासंग जग्गाको स्वामित्व रहेको र एक परिवारमा एक जना भन्दा बढी व्यक्तिसंग पनि जग्गाको स्वामित्व हुनसक्ने कुरालाई मध्यनजर गर्दै एक तिहाई परिवारमा एक जना भन्दा बढी व्यक्तिसंग जग्गाको स्वामित्व भएको अनसमान गर्दा मालपोत कर तिर्ने करदाता १५३८८ जना भएको अनुमान गरी मालपोतको सम्भाव्यता विश्लेषण गरिएको छ। खेतीयोग्य जमिन ६९.६२ व कि.मी.कूल भूमिकर योग्य जग्गालाई सडकले छोएको तथा बजार क्षेत्र, आवास क्षेत्र र कृषि क्षेत्र खेत, कृषि क्षेत्र बारी गरी ४ क्षेत्रमा वर्गीकरण गरी जग्गाको मूल्य र उपयोगको आधारमा दर निर्धारण गर्दा भूमिकरको सम्भावना देहायअनुसार रहेको देखिन्छ।

**तालिका नं. १९ :** मालपोत कर सम्बन्धी सम्भाव्यता विश्लेषण

| जग्गा विवरण | करदाता संख्या (अनुमानित) | क्षेत्रफल कट्ठा | करको दर (रु. प्रति कट्ठा) | सम्भाव्य सङ्कलन रु. |
|---|---|---|---|---|
| सडकले छोएको तथा बजार क्षेत्र | ४२०० | ४७८१९ | २० | ९५६३८० |
| आवास क्षेत्र | ३८८८ | ४४२६७ | १८ | ७९६८०१ |
| कृषि क्षेत्र खेत | ३८०० | ४३२६५ | २० | ८६५२९६ |
| कृषि क्षेत्र पाखो | ३५०० | ३९८४९ | १५ | ५९७७३७ |
| **जम्मा** | **१५३८८** | **१७५२००** | | **३२१६२१४** |

### सुझावहरू

- मालपोतको दर निर्धारण गर्दा जग्गाको किसिमको आधारमा नगरी क्षेत्रफल र मूल्याङ्कनको आधारमा गर्ने
- बाटोले छोएको र नछोएको पत्ता लगाउन बाटोको लगत कट्टा गरी भु सूचना प्रणालीमा आवद्ध गर्ने
- मालपोत सङ्कलन कार्यविधि निर्माण गरी लागु गर्नुपर्ने

## (ग) घरजग्गा बहाल कर

### विद्यमान अवस्था:

गाउँपालिकाले आर्थिक ऐन २०७८ मा गाउँपालिका क्षेत्रभित्रको कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आशिंक रुपमा बहालमा दिइएमा बहाल रकममा अनुसूची १ अनुसार बहाल रकमको १० प्रतिशत असुल उपर गरिनेछ भनी उल्लेख गरिएको छ।

गत आ.व.२०७७/७८ मा यस शीर्षकबाट १० लाख ११ हजार ३३ रुपैया सङ्कलन भएको थियो । चालु आ.व.मा यस शीर्षकमा रु ५ लाख अनुमान गरिएकोमा मंसिर मसान्तसम्ममा रु १ लाख ७९ हजार ३२ रुपैया सङ्कलन भएको छ ।

**सम्भावना:**

गाउँपालिकाको वस्तुस्थिति विवरण अनुसार व्यक्तिगत प्रयोजनको लागि भाडामा दिने परिवार ४० र व्यवसायिक प्रयोजनको लागि ७० घर रहेको अनुमान गर्न सकिन्छ । बहाल रकमको १० प्रतिशत दर कायम गर्दा सङ्कलन हुनसक्ने रकम देहायको तालिकामा दिइएको छ ।

**तालिका नं. २० :** घरबहाल कर सम्बन्धी सम्भाव्यता विश्लेषण

| प्रयोजनका आधारमा बहाल लिने करदाता | बहालमा भएको घरजग्गा संख्या | औसत मासिक भाडा रकम | जम्मा वार्षिक भाडा असुली | प्रस्तावित करको दर | घर बहाल कर |
|---|---|---|---|---|---|
| | (क) | (ख) | (ग) | (घ) | (ङ) |
| | अनुमानित | अनुमानित | क x ख x१२ | प्रतिशत | ग को १० प्रतिशत |
| अडिट गर्ने संस्थागत प्रयोजनले व्यवसायीक फर्म, वित्तिय तथा सार्वजनिक संस्थाहरूलाई वहालमा लगाउने (औसत मासिक रु. १५००० भाडा आर्जन गर्ने) | ७० | १५,००० | १२,६००,००० | १० | १,२६०,००० |
| घरयासी प्रयोजनले बहालमा लगाउने ( औसत मासिक रु. ३००० भाडा आर्जन गर्ने) | ४० | ३००० | १,४४०,००० | १० | १४४,००० |
| **जम्मा** | ११० | | १४,०४०,००० | | १,४०४,००० |

**सुझावहरू**

- घर जग्गा बहाल असुलीको कार्यविधि निर्माण गर्ने
- बहालमा लगाइएको जग्गा तथा घरको लगत सङ्कलन गर्ने
- घरजग्गा बहाल रकम मूल्याङ्कन गर्न घर तथा संरचनाको प्रकार र स्थानको आधारमा प्रति वर्गफिटको दरले बहाल मूल्य निर्धारण गर्ने र सो बमोजिम बहाल रकम निर्धारण गरी कर सङ्कलन गर्ने

## (घ) व्यवसाय कर

**विद्यमान अवस्था:**

गाउँपालिकाले आर्थिक ऐनमा गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा व्यवसाय कर लगाई असुल उपर गरिने व्यवस्था गरेको छ । करका दरहरू अनुसूची ३ मा उल्लेख गरिएको छ ।

आ.व. २०७७/७८ मा व्यवसाय करको शीर्षकबाट रु २९ लाख ९८ हजार २ सय १५ सङ्कलन भएको थियो । चालु आ.व.मा रु २१ लाख अनुमान गरिएकोमा मंसिर मसान्तसम्म रु १७ लाख २५ हजार ४ सय ६० मात्र सङ्कलन भएको अवस्था छ ।

**सम्भावना:**

गाउँपालिकाले प्रकाशन गरेको वस्तुस्थिति विवरण अनुसार यस गाउँपालिमा १४१५ वटा विविध किसिमका व्यवसायहरू करको दायरामा आउन सक्ने अनुमान गरिएको छ । व्यवसायको प्रकार र आर्थिक ऐनमा उल्लेख गरिएको दरको आधारमा विश्लेषण गरी व्यवसाय करको देहायअनुसार सम्भाव्यता यकिन गरिएको छ :

तालिका नं. २१ : व्यवसाय कर सम्बन्धी सम्भाव्यता विश्लेषण

| क्र.सं. | व्यवसायको किसिम | संख्या | औषत दर | जम्मा रकम |
|---|---|---|---|---|
| १ | हार्डवयर | ४१ | २००० | ८२००० |
| २ | होटल | १७२ | २००० | ३४४००० |
| ३ | फेन्सी पसल | १४२ | ८०० | ११३६०० |
| ४ | किराना पसल गल्ला समेत | ४५० | ७०० | ३१५००० |
| ५ | कस्मेटिक | ७४ | ३००० | २२२००० |
| ६ | ईलेक्ट्रिकल्स | ५६ | २५०० | १४०००० |
| ७ | फलफूल तथा तरकारी | २७ | ३००० | ८१००० |
| ८ | हेयर कटिङ्ग | ७ | १००० | ७००० |
| ९ | प्लाष्टिक तथा भाँडा | २६ | १५०० | ३९००० |
| १० | टेलर्स | ५९ | १२०० | ७०८०० |
| ११ | कृषि फर्म | २ | १२०० | २४०० |
| १२ | मासु पसल | २५ | १००० | २५००० |
| १३ | बेकरी | २ | १००० | २००० |
| १४ | सुन चाँदी | १२ | ३५०० | ४२००० |
| १५ | एग्रोभेट | २२ | १२०० | २६४०० |
| १६ | फोटो स्टुडियो | १० | १५०० | १५००० |
| १७ | टुर एण्ड ट्राभल्स | १ | १५०० | १५०० |
| १८ | आर्ट | २ | १००० | २००० |
| १९ | ग्रील | १६ | १६०० | २५६०० |
| २० | स्टेसनरी | २१ | १२०० | २५२०० |
| २१ | मेडिकल साना क्लिनिक समेत | २५ | ३००० | ७५००० |
| २२ | मसला उद्योग | १ | १२०० | १२०० |
| २३ | फिल्टर उद्योग | २ | १५०० | ३००० |
| २४ | आइस क्रिम उद्योग | १ | १५०० | १५०० |
| २५ | फुट वेयर उद्योग | १ | १५०० | १५०० |
| २६ | बार वयर उद्योग | १ | १५०० | १५०० |
| २७ | टिचिङ्ग स्कूल कोरियन भाषा | १ | १००० | १००० |
| २८ | माछा फार्म | १ | १२०० | १२०० |
| २९ | बाखा फर्म | ५ | १२०० | ६००० |
| ३० | थेरापी सेन्टर | १ | १२०० | १२०० |
| ३१ | कापी उद्योग | १ | ५००० | ५००० |
| ३२ | हस्तकला | ५ | १२०० | ६००० |
| ३३ | गाई पालन | ४ | १२०० | ४८०० |
| ३४ | कुखुरा फर्म | ३० | १२०० | ३६००० |
| ३५ | बंगुर फर्म | ४ | १२०० | ४८०० |
| ३६ | कवाडी | ३ | २००० | ६००० |
| ३७ | ढुवानी सेवा | १ | २००० | २००० |
| ३८ | डेरी | २ | १००० | २००० |
| ३९ | साइकल स्टोर्स मर्मत समेत | १८ | १५०० | २७००० |
| ४० | अटो मोवाइल्स | ३ | ५००० | १५००० |
| ४१ | सवारी साधन मर्मत | २१ | १२०० | ३१५०० |
| ४२ | फ्युल सेन्टर | ३ | २००० | ६००० |
| ४३ | मदिरा पसल | ५६ | २००० | ११२००० |

| क्र.सं. | व्यवसायको किसिम | संख्या | औषत दर | जम्मा रकम |
|---|---|---|---|---|
| ४४ | काष्ठ उद्योग | १४ | ३००० | ४२००० |
| ४५ | निर्माण | १ | १०००० | १०००० |
| ४६ | सिनेमा हल | १ | १०००० | १०००० |
| ४७ | फलाम उद्योग | १ | १००० | १००० |
| ४८ | प्रिन्टस | १ | १००० | १००० |
| ४९ | कोल्ड स्टोस | १३ | २००० | २६००० |
| ५० | इन्सिच्यूट | २ | १५०० | ३००० |
| ५१ | फीड सप्लायर्स | ४ | २००० | ८००० |
| ५२ | फर्निचर | १८ | १५०० | २७००० |
| ५३ | टायल/मार्वल | ३ | २००० | ६००० |
| ५४ | ग्याँस बिक्री | २ | ४००० | ८००० |
| ५५ | डेकोरेसन | ४ | २००० | ८००० |
| ५६ | फुटपाथ व्यापारी चना चटपटे समेत | १२ | १००० | १२००० |
| ५७ | टायर रिसोलिङ्ग | ५ | १२०० | ६००० |
| ५८ | मोवाइल/घडी | १३ | १५०० | १९५०० |
| ५९ | रेडियो | १ | १५०० | १५०० |
| ६० | हस्तकला | २ | १२०० | २४०० |
| ६१ | म्यूजिक हाउस | २ | १८०० | ३६०० |
| ६२ | राइस मील | १२ | २००० | २४००० |
| ६३ | सिरक डसना उद्योग | १ | १५०० | १५०० |
| ६४ | साबुन उद्योग | १ | १५०० | १५०० |
| | **जम्मा** | १४१५ | | २०६६७०० |

## सुझावहरू

- व्यवसायको प्रकृति तथा पूँजीगत लगानीको आधारमा वर्गीकरण गर्ने र दर निर्धारण गर्ने
- गाउँपालिका क्षेत्रमा व्यवसाय गर्नका लागि गाउँकार्यपालिकाबाट व्यवसाय संचालन इजाजत लिनुपर्ने व्यवस्था गर्न राप्ती उद्योग वाणिज्यसंग सहकार्य तथा समन्वय गर्ने
- व्यवसाय कर सङ्कलनको लागि वर्षमा १ पटक व्यवसाय कर सङ्कलन अभियान सञ्चालन गर्ने
- व्यवसायीहरूले कर चुक्ता प्रमाणपत्र लिंदा व्यवसाय नवीकरण गरेको प्रमाण अनिवार्य रुपमा पेश गर्नुपर्ने नीति निर्माण गरी आन्तरिक राजश्व कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय तथा उद्योग वाणिज्य संघ कार्यालयसंग सहकार्य गर्ने

## (ङ) जडिवुटी, कवाडी, जीवजन्तु कर

## विद्यमान अवस्थाः

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, जडिबुटी, कवाडी, माल, र प्रचलित कानूनले निषेध गरेको जीवजन्तु बाहेकका अन्य मृत मारिएका जीवजन्तुहरूको हाड,, सिङ, प्वाख, छाला, जस्ता वस्तुको व्यवसायिक कारोबार गरेवापत कर लगाई असुल उपर गर्ने व्यवस्था गरेको छ । आर्थिक ऐनको दफा ५ मा कवाडिजन्य वस्तुहरूको व्यवसायिक कारोबार गर्दा लाग्ने करको व्यवस्था गरेको छ र अनुसूची ४ मा कवाडिजन्य वस्तुहरूको करको दर उल्लेख गरिएको छ ।

आ.व.मा २०७७/७८ मा यस शीर्षकबाट राजश्व सङ्कलन भएको थिएन । चालु आ.व.मा यस शीर्षकबाट २ लाख अनुमान गरिएकोमा मंसिर मसान्तसम्म रकम सङ्कलन हुन सकेको छैन ।

**सम्भावना**

यस क्षेत्रमा टिन, फलाम, बोत्तल, कागज जस्ता कवाडी सामानहरू पाइन्छन । यस्ता वस्तुहरूको व्यावसायिक कारोबार गर्ने व्यवसायीसंग आगामी वर्षहरूमा रु २ लाख ५० हजार सङ्कलन हुने अनुमान गरिएको छ ।

**सुझावहरू**

- जडीबुटी, कवाडी तथा जीवजन्तु कारोबार इजाजत दस्तुर र करको दर निर्धारण गर्ने
- यसको व्यवसायिक कारोबार गर्नेलाई इजाजत दिई कारोबारको आधारमा कर सङ्कलन गर्ने

## (च) विज्ञापन कर

**विद्यमान अवस्थाः**

गाउँपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा राखिने होर्डिङ बोर्ड, साइन बोर्ड, डिजिटल बोर्ड, ग्लो बोर्ड र स्टल आदिमा विज्ञापन कर लगाउन सक्ने व्यवस्था अनुसार गाउँपालिकाले आर्थिक ऐनमा विभिन्न किसिमका विज्ञापनका सामग्रीहरूको विज्ञापन गर्दा लाग्ने विज्ञापन करको दरहरू निर्धारण गरेको छ । यसबाट आ.व.२०७७/७८ मा यस शीर्षकमा कुनै रकम सङ्कलन भएको थिएन र यस आ.व.मा पनि यस शीर्षकमा राजश्व अनुमान गरिएको छैन ।

**सम्भावनाः**

गाउँपालिकामा सूचीकृत कम्पनी तथा छलफलको आधारमा गाउँपालिका क्षेत्रभित्र विभिन्न स्थानमा गरी करिब ४०५ वटा विभिन्न विज्ञापनका सामग्री राखिएको अनुमान गरिएको छ । सोही अनुमानका आधारमा विश्लेषण गरी विज्ञापन करको देहायअनुसार सम्भाव्यता एकिन गरिएको छ :

**तालिका नं. २२ :** विज्ञापन कर सम्बन्धी सम्भाव्यता विश्लेषण

| विज्ञापन सामग्री | विज्ञापन सामग्रीको साइज अनुसार संख्या | | | | औषत दर प्रति गोटा (रु.) | संभाव्य रकम (रु.) |
|---|---|---|---|---|---|---|
| | ठूला | मध्यम | साना | जम्मा | | |
| होर्डिङ वोर्ड, ग्लोब वोर्ड | ४५ | ६५ | १२० | २३० | २००० | ४६०००० |
| भित्तेलेखन | ३० | २० | ३५ | ८५ | ५०० | ४२५०० |
| फ्लेक्स व्यानर | ३५ | ३० | २५ | ९० | ७०० | ६३००० |
| **जम्मा** | ११० | ११५ | १८० | ४०५ | ३२०० | ५६५५०० |
| | | | | | ६०% | ३३९३०० |

**सुझावहरू**

- विज्ञापन सामग्री तथा प्रयोग भएका स्थानका सन्दर्भमा तथ्याङ्क सङ्कलन गर्ने
- संकलित विवरण अनुसार विज्ञापनको करको दर निर्धारण गर्ने
- न्युनतम सङ्कलन हुन सक्ने गरी ठेक्का अंक गणना गर्ने र ठेक्का दिने

## (छ) सवारी कर (साना सवारी)

### विद्यमान अवस्था :

विद्यमान व्यवस्था अनुसार गाउँपालिकाक्षेत्रभित्र टाँगा, रिक्सा, अटो रिक्सा, ईरिक्साको दर्ता र नवीकरण वापत सवारी कर लगाउने अधिकार रहेको छ । गाउँपालिका क्षेत्रभित्र दर्ता भएका साना सवरी साधन (टांगा, रिक्सा, अटोरिक्सा र विद्युतिय रिक्सा) अनुसूची (५) बमोजिम साना सवारी साधन कर लगाईने र असुल उपर गरिनेछ भनी स्पष्ट रुपमा उल्लेख गरिएको छ । आर्थिक ऐनमा स्पष्ट रुपमा उल्लेख गरिएको भएतापनि यी सवारी साधनको दर्ता लुम्बिनी प्रदेश सरकारलाई जिम्मा दिईएको अवस्था छ । जुन कानून सम्मत देखिदैंन । सवारी साधन कर तर्फ आ.व. २०७७/७८ मा कुनै रकम सङ्कलन भएको छैन । चालु आ.व.मा ५० हजार अनुमान गरिएकोमा मंसिर मसान्तसम्ममा कुनै रकम सङ्कलन नभएको देखिन्छ ।

### सम्भावना :

गाउँपालिका क्षेत्रमा सडक यातायातको विकास र विस्तारसँगै करिब १२० अटोरिक्साहरू संचालनमा रहेको विवरणबाट देखिन्छ । गाउँपालिकाले प्रति अटोरिक्सा दर्ता तथा नवीकरण वापत रु. २५०० साना सवारी कर निर्धारण गर्दा यसबाट वार्षिक रु.३ लाख सङ्कलन हुन सक्ने सम्भावना देखिन्छ ।

**तालिका नं. २३ :** साना सवारी कर सम्बन्धी सम्भाव्यता विश्लेषण

| सवारी साधन | अनुमानित संख्या | रजिष्ट्रेशन दस्तुर | जम्मा सम्भाव्य रकम रु |
|---|---|---|---|
| अटो रिक्सा, ई रिक्सा | १२० | २५०० | ३००००० |

## ३.४.२ गैर कर राजश्व

## (क) ढुङ्गा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु बिक्री

### विद्यमान अवस्था :

केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ ले स्थानीय सरकार सञ्चालन ऐन, २०७५ को दफा ६२ क थप गरी गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय अध्ययन तथा परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री गर्न सक्ने प्रावधान राखेको छ । स्थानीय सरकार संचालन ऐनमा भएको यस संशोधनसँगै यस शीर्षकको राजश्व स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र पर्दछ । नेपाल सरकारबाट जारी ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यस्थापन सम्बन्धी मापदण्ड, २०७७ ले स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्रीबाट संकलित राजश्व मध्ये ६० प्रतिशत स्थानीय संचित कोषमा र ४० प्रतिशत प्रदेश संचित कोषमा जम्मा गर्नु पर्ने व्यवस्था गरेको छ । तर सो अनुसार ऐनमा संशोधन भई नसकेको अवस्था छ ।

विद्यमान कानुनी व्यवस्था अनुसार वातावरण संरक्षण ऐन २०७६ र नियमावली २०७७ को व्यवस्था अनुसार संक्षिप्त वातावरण अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण र वातवरणीय प्रभाव मूल्याकंनको समेत व्यवस्था गरिएको छ र सो अनुसार अध्ययनको सिफारिशका आधारमा बिक्री दर निर्धारण गरी गाउँपालिकाले ढुङ्गा, गिट्टी, बालुवा, भरान बिक्री गर्न सक्ने कानूनी व्यवस्था रहेको छ ।

आ.व. २०७७÷०७८ मा ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल बिक्रीबाट २ करोड १४ लाख ६ हजार ५ सय २० रुपैया सङ्कलन भएको थियो । चालु आ.व.मा यस शीर्षकमा रु १ करोड ५० लाख अनुमान गरिएकोमा मंसिर मसान्तसम्म २९ लाख ९८ हजार ४ सय ८० रुपैया सङ्कलन भएको देखिन्छ ।

## सम्भावनाः

पूर्व वातावरणीय परीक्षण प्रतिवेदन अनुसार राप्ती खोला र भुल्के खोलाको विभिन्न घाटहरूबाट आँधी खोलाको विभिन्न घाटबाट २४९०५० घन मिटर नदीजन्य पदार्थ बिक्री गर्न सकिने देखिएको छ । प्रदेश सरकारको सिफारिसमा गाउँकार्यपालिकाले निर्धारण गरेको प्रति घन मीटर रु २८० को दरमा बिक्री गर्दा कुल राजश्व ६ करोड,९७ लाख ३४ हजार सङ्कलन हुन सक्ने देखिन्छ । उक्त रकम प्रदेश सरकारसंग बाँडफाँट गर्दा ४ करोड १८ लाख ४० हजार ४ सय गाउँपालिकाले प्राप्त गर्ने देखिन्छ ।

**तालिका नं. २४ :** वातावरणीय अध्ययन गरिएका उत्खनन स्थलहरू नदीजन्य पदार्थ बिक्री सम्भावना

| क्र.सं. | नदीको नाम | उत्खनन गर्ने घाट | सङ्कलन गर्ने | | वार्षिक उत्खनन् योग्य परिमाण (घ.मि) | बिक्री दर प्रति घ.मी. | सम्भाव्य बिक्री रकम (रु.) | बाँडफाँटबाट प्राप्त (६० प्रतिशत) |
|---|---|---|---|---|---|---|---|---|
| | | | पदार्थ | प्रतिशत | | | | |
| १ | राप्ती नदी | खुरुरीया घाट | ढुङ्गा | १० | ८१००० | २८० | २२६८०००० | १३६०८००० |
| | | | गिट्टी | ६० | | | | |
| | | | वालुवा | ३० | | | | |
| २ | राप्ती नदी | कठाहा घाट | ढुङ्गा | १० | ८१००० | २८० | २२६८०००० | १३६०८००० |
| | | | गिट्टी | ७० | | | | |
| | | | वालुवा | २० | | | | |
| ३ | भुल्केखोला | भुल्के खोलाको बगर | ढुङ्गा | ९० | १६००० | २८० | ४४८०००० | २६८८००० |
| | | | गिट्टी | १० | | | | |
| | | | वालुवा | ० | | | | |
| ४ | राप्ती | बसन्तपुर घाट | ढुङ्गा | १० | ५४०० | २८० | १५१२००० | ९०७२०० |
| | | | गिट्टी | ५० | | | | |
| | | | वालुवा | ४० | | | | |
| ५ | राप्ती | भानपुर घाट | ढुङ्गा | १० | ६२५०० | २८० | १७५००००० | १०५००००० |
| | | | गिट्टी | ५० | | | | |
| | | | वालुवा | ४० | | | | |
| ६ | राप्ती | अर्नहानपुर घाट | ढुङ्गा | १० | ५४०० | २८० | १५१२००० | ९०७२०० |
| | | | गिट्टी | ६० | | | | |
| | | | वालुवा | ३० | | | | |
| ७ | राप्ती | बगरापुर क | ढुङ्गा | १० | १३५०० | २८० | ३७८०००० | २२६८००० |
| | | | गिट्टी | ७० | | | | |
| | | | वालुवा | २० | | | | |
| ८ | राप्ती | बगरापुर ख | ढुङ्गा | १० | ९००० | २८० | २५२०००० | १५१२००० |
| | | | गिट्टी | ७० | | | | |
| | | | वालुवा | २० | | | | |
| ९ | राप्ती | बार्राबास घाट | ढुङ्गा | १० | २०२५० | २८० | ५६७०००० | ३४०२००० |
| | | | गिट्टी | ७० | | | | |
| | | | वालुवा | २० | | | | |
| १० | राप्ती | तीन सिमाना बगर | ढुङ्गा | १० | ३६००० | २८० | १००८०००० | ६०४८००० |
| | | | गिट्टी | ६० | | | | |
| | | | वालुवा | ३० | | | | |
| **जम्मा** | | | | | | | ६९७३४००० | ४१८४०४०० |

उक्त रकम नेपाल सरकारबाट जारी ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ बमोजिम प्रदेश सरकारसँग ४० प्रतिशत रकम बाँडफाँट गर्नु पर्ने व्यवस्था गरिएको छ।

## (ख) काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर विक्री

### विद्यमान अवस्था :

गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको वन क्षेत्र वाहेक **सार्वजनिक तथा ऐलानी जग्गामा रहेको** काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको विक्री गर्न सक्ने र सो बाट प्राप्त आम्दानी स्थानीय संचित कोषमा जम्मा हुने स्थानीय सरकार संचालन ऐन २०७४ (संशोधन) व्यवस्था रहेको छ। यस अनुसार वन क्षेत्र वाहेक सार्वजनिक प्रति जग्गामा रहेका काठ, दाउरा, जराजुरी, दहत्तर वहत्तरको विक्रीको लागि गाउँपालिकाले विक्री कर निर्धारण गरेको विक्रीको लागि ठेक्का लगाएको र रकम सङ्कलन गरेको छैन।

### सम्भावना :

यस गाउँपालिका क्षेत्रमा विशेष गरी कमला रापती खोलामा बगेर आउने रुख तथा काठ दाउरा आउने र सोको अनाधिकृत रुपमा प्रयोग भईरहेको छ। यसलाई सङ्कलन गरी विक्री गर्न गाउँपालिकाले यसबाट आम्दानी गर्न सक्ने सभावना रहेको छ। राप्ती नदीले बगाएर ल्याउने रुखहरूबाट वार्षिक कम्तीमा १००० क्यूविक फिट जति सङ्कलन हुने सक्ने र प्रति क्यूविक फिट रु. ४०० दरले विक्री गर्दा वार्षिक रु **४ लाख** आयको सम्भावना रहेको देखिन्छ।

## (ग) नक्सा पास दस्तुर

### विद्यमान अवस्था :

स्थानीय सरकारले आफ्नो क्षेत्र भित्र नयाँ घर तथा भवन निर्माण गर्दा वस्ती विकास तथा भवन निर्माण आधारभूत मापदण्ड २०७२ र स्थानीय सरकारले निर्माण गरेको भवन निर्माण मापदण्ड अनुसार नक्सा पास गर्नुपर्ने व्यवस्था गरेको छ। यो नियम लागु हुनु पूर्व निर्माण भएका भवनको अभिलेखिकरण वापत दस्तुर लिन सक्ने कानूनी व्यवस्था रहेको छ। *आर्थिक ऐन २०७८ को दफामा नक्सापास सम्बन्धी शीर्षक समावेश गरिएको छैन तर यसको दस्तुर सम्बन्धी विवरण अनुसूची ९ मा उल्लेख गरिएको देखिन्छ।*

आ.व.२०७७/७८ मा घरको १०६ नक्सापासबाट रु ६ लाख १ हजार ९ सय ९० रुपैया सङ्कलन भएको थियो। चालु आ.व.को मंसिर मसान्तसम्ममा २६९ वटा घरको नक्सापासबाट रु २१ लाख अनुमान गरिएकोमा मंसिर मसान्तसम्ममा रु ८ लाख ९६ हजार ६ सय ५४ रुपैया सङ्कलन भएको देखिन्छ।

### सम्भावना:

यस गाउँपालिका क्षेत्रमा हालका दिनमा आवासीय र व्यापारिक दुवै वर्गका भवन निर्माणमा विस्तारै बढ्दै जाने अनुमान गरिएको छ। आगामी आ.व.मा गाउँपालिका क्षेत्रमा करिब १२० वटा भवन निर्माण मापदण्ड २०७२ अनुसार बन्ने, १००० वटा घरहरू अभिलेखीकरण गरिने, ३० वटा कच्ची घरहरू निर्माण हुने अनुमान गर्दा तपशिल बमोजिमको दस्तुर सङ्कलन हुने सम्भावना रहेको छ :

**तालिका नं. २५ :** नक्सा पास दस्तुरको सम्भाव्यता विश्लेषण

| भवनको किसिम र बनोट | आगामी आ.व.को अनुमान | दर प्रति वर्ग फिट | औषत क्षेत्रफल | कूल सम्भावना रकम (रु.) |
|---|---|---|---|---|
| भवन निर्माण मापदण्ड २०७२ अनुसार बनेका घर | १२० | ७.५ | १२०० | १०८०००० |
| अभिलेखीकरण | १०० | ७.५ | १२०० | ९००००० |

| भवनको किसिम र बनोट | आगामी आ.व.को अनुमान | दर प्रति वर्ग फिट | औषत क्षेत्रफल | कूल सम्भावना रकम (रु.) |
|---|---|---|---|---|
| कच्ची घर | ३० | | १५०० | ४५००० |
| जम्मा | २५० | १५ | | 2025000 |

## (घ) व्यवसाय रजिष्ट्रेशन दस्तुर (दर्ता तथा अनुमति दस्तुर)

### विद्यमान अवस्था :

स्थानीय सरकारले एफएम रेडियो संचालन, घ वर्गको निर्माण व्यवसाय इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग, ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग आदि कार्य गर्नको लागि अनुमति दिन र सो बापत दस्तुर सङ्कलन गर्न सक्ने प्रावधान छ । गाउँपालिकाले ***"घ" वर्गका निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५*** तयार गरी सोही अनुरुप इजाजत पत्र दिने प्रावधान आर्थिक ऐनका दफामा उल्लेख गरिएको छैन तर यसको दर सम्बन्धी व्यवस्था अनुसूची ९ मा गरिएको छ ।

आ.व.२०७७/७८ मा यस शीर्षकबाट कुनै पनि रकम सङ्कलन नभएको र चालु आ.व.मा रु ५ लाख अनुमान गरिएको र चालु आ.व. मा अनुमान नगरिएको र मंसिर मसान्त सम्म कुनै रकम सङ्कलन भएको देखिदैन ।

### सम्भावना:

गाउँपालिका क्षेत्रमा संचालनमा रहेका स्थानीय स्तरका ब्यापारिक फर्म, "घ" वर्गको निर्माण इजाजत पत्र, सहकारी, विद्यालय आदि अनुमति प्रमाणपत्र दिई नियमित गर्नुपर्ने तथा नयाँ संचालनमा आउन चाहनेलाई इजाजत दिने कानूनी व्यवस्था रहेको छ । यस अध्ययनको क्रममा गरिएको छलफलमा हाल १०८ वटा व्यवसायिक फर्महरू रहेको अनुमान गरिएको छ । त्यस्ता संस्थाहरूलाई दर्ता तथा अनुमति प्रदान गर्दा व्यवसाय रजिष्ट्रेशन दस्तुर सङ्कलनको सम्भावना देहाय अनुसार रहेको देखिन्छ ।

**तालिका नं. २६ :** व्यवसाय रजिष्ट्रेशन दस्तुरको सम्भाव्यता विश्लेषण

| क्र.सं. | व्यवसायको प्रकार | संख्या | औषत दर | कूल संभावना रकम (रु.) |
|---|---|---|---|---|
| १ | घ वर्गका निर्माण व्यवसाय | २० | १५००० | ३००००० |
| २ | फार्मेसी, निजी विद्यालय, तालिम प्रदायक संस्था | २५ | १००० | २५००० |
| ३ | स्थानीय व्यवसायिक फर्म | ४० | १५०० | ६०००० |
| ४ | सहकारी | २३ | १००० | २३००० |
| | जम्मा | १०८ | | ४०८००० |

### सुझावहरू

- यसमा एफएम, रेडियो, विद्यालय स्थापना, व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधी पसल, प्लटिङ, ढुङ्गा गिट्टी सर्वेक्षण, उत्खनन्, उपयोग गरे वापतको अनुमति दिन र दस्तुर सङ्कलन गर्न सक्ने ।
- आर्थिक ऐनमै दर्ता अनुमति दस्तुर दर निर्धारण गरी सङ्कलन गर्ने
- अनुमति नलिई सञ्चालन गरेमा दण्ड जरिवानाको व्यवस्था गर्ने
- डकर्मी, सिकर्मी, कालिगड, मिस्त्री, इलेक्ट्रिसियन सीपयुक्त पेशाका लाइसेन्स प्रणाली लागू गरी लाइसेन्स प्राप्त व्यक्तिले मात्र कार्य गर्न पाउने भएमा योगको गुणस्तर बढाउने र यसबाट पटके दस्तुर बढ्ने

## (ङ) सेवा शुल्क

### १ सम्पत्ति तथा आयश्रोत मूल्याङ्कन सेवा शुल्क (अन्य प्रशासनिक सेवा शुल्क)

**विद्यमान अवस्था :**

गाउँपालिकाले आर्थिक ऐन २०७८ मा घर, जग्गा लगायत अन्य अचल सम्पत्ति र आयस्रोत मूल्याङ्कन गरी दिए वापत मूल्याङ्कन अंकको ०.१० प्रतिशत सेवा शुल्क लिन पाउने व्यवस्था गरेको छ ।

आ.व.२०७७/७८ मा सम्पत्ति मूल्याङ्कन वापत कुनै रकम सङ्कलन भएको नदेखिएको र  चालु आ.व. मा यस शीर्षकमा ४ लाख अनुमान गरिएकोमा मंसिर मसान्त सम्ममा रु ८१ हजार सङ्कलन भएको देखिन्छ ।

**सम्भावना :**

गाउँपालिकाले प्रदान गर्ने घरजग्गा लगायत सम्पत्तिको मुल्याङ्कन र आयश्रोत मूल्याङ्कन सम्बन्धी सेवा वार्षिक ३०० घरपरिवारले उपयोग गर्ने र सो वापत रु. २००० शुल्क निर्धारण गर्दा आगामी आ.व.मा सम्पत्ति तथा मूल्याङ्कन सेवा शुल्कबाट करिब रु.६ लाख सेवा शुल्क सङ्कलन हुने अनुमान गरिएको छ ।

## (च) सिफारिश तथा प्रमाणित दस्तुर

**विद्यमान अवस्था:**

गाउँपालिकाले विभिन्न किसिमका सिफारिश तथा प्रमाणित दस्तुरको दर आर्थिक ऐन मार्फत निर्धारण गरी कार्यपालिकाको कार्यालय तथा वडाबाट सङ्कलन गरी आएको छ । आ.व. २०७७÷०७८ मा सिफारिस तथा प्रमाणित दस्तुरबाट रु ४८ लाख ७ हजार ६ सय ८१ रकम सङ्कलन भएको थियो । व्यक्तिगत घटना दस्तुरबाट ९८ हजार १० रुपैया, नाता प्रमाणितबाट ४३ हजार ७ सय ४० रुपैया, र अन्य दस्तुरबाट १५ लाख ५० हजार सङ्कलन भएको थियो । चालु आ.व.को मंसिर मसान्तसम्म सिफारिस वापत ९ लाख ६६ हजार ३ सय १, व्यक्तिगत घटना दस्तुरबाट ८७ हजार ६ सय ३१, नाता प्रमाणित दस्तुरबाट २९ हजार २ सय ३० र अन्य दस्तुरबाट २ लाख ६६ हजार ६ सय ७५ सङ्कलन भइसकेको छ ।

**सम्भावना:**

गाउँकार्यपालिका कार्यालय र वडा कार्यलयहरूबाट वार्षिक रुपमा हुने सिफारिस घटना दर्ता दस्तुर, नाता प्रमाणित दस्तुर, र अन्य दस्तुर गरी जम्मा १०९४० वटा सिफारिस हुने अनुमान गरिएको छ। शीर्षकगत रुपमा भन्दा सिफारिस वापत रु ५० लाख, व्यक्तिगत घटना दस्तुरबाट ८० हजार, नाता प्रमाणित दस्तुर रु ५० हजार र अन्य दस्तुरबाट रु १ लाख ५४ हजार सङ्कलन हुन सक्ने अनुमान गरिएको छ । सिफारिश तथा प्रमाणित दस्तुर मध्ये सिफारिश दस्तुर, व्यक्तिगत घटना विलम्ब दस्तुर, नाता प्रमाणित दस्तुर र अन्य दस्तुर गरी जम्मा ५२ लाख ८४ हजार सङ्कलन हुन सक्ने अनुमान गरिएको छ ।

**तालिका नं. २७ :** सिफारिश तथा प्रमाणित दस्तुरको सम्भाव्यता विश्लेषण

| क्र.सं. | सिफारिश प्रमाणीकरणको विवरण | संख्या आगामी आ.व.को अनुमान | औषत दर (रु.) | कूल सम्भावना रकम (रु.) |
|---|---|---|---|---|
| १ | सिफारिश दस्तुर | १०००० | ५०० | ५०००००० |
| २ | घटना दर्ता दस्तुर | ४०० | २०० | ८०००० |
| ३ | नाता प्रमाणित दस्तुर | १०० | ५०० | ५०००० |
| ४ | अन्य दस्तुर | ४४० | ३५० | १५४००० |
| | **जम्मा** | १०९४० | | ५२८४००० |

## (छ) फोहरमैला व्यवस्थापन शुल्क

**विद्यमान अवस्था :**

गाउँपालिकाले फोहोरमैला सङ्कलन तथा व्यवस्थापन सेवा दिए वापत शुल्क लिन सक्ने कानूनी व्यवस्था रहेको छ । हाल यस गाउँपालिकाको आर्थिक ऐनको दर्फा तथा अनुसूचीमा फोहरमैला व्यवस्थापन सम्बन्धी कुनै व्यवस्था गरिएको छैन । ल्याण्डफिल्ड साइटको व्यवस्था नहुँदा यस शीर्षकमा शुल्क लिन नसकिएको अवस्था देखिन्छ । ल्याण्डफिल्ड साइटको खोजी कार्य भइरहेको छ। यस अवस्थामा यस शीर्षकमा राजश्व सङ्कलन हुन सकेको छैन।

**सम्भावना :**

उपलब्ध तथ्याङ्क तथा अध्ययनको चालु आगामी आ.व.देखि प्रति घर रु १०० सेवा शुल्क लिँदा २००० घरहरूबाट रु २ लाख सङ्कलन हुने देखिन्छ।

## (ज) पार्किङ्ग शुल्क

**विद्यमान अवस्था :**

विद्यमान कानून अनुसार गाउँपालिकाले आफुले निर्माण गरी संचालन तथा व्यवस्थापन गरेको पार्किङ स्थलहरूमा सवारी साधनहरूलाई पार्किङ सेवा उपलब्ध गराए वापत पार्किङ शुल्क लिन पाउने व्यवस्था रहेको छ। गाउँपालिकाले बस पार्क र जीप पार्किङ स्थल निर्माण, संचालन र व्यवस्थापनका लागि पार्किङ व्यवस्थापन कार्यविधि विधि तयार गरी स्वीकृत गर्नुपर्दछ। हालसम्म गाउँपालिकाले पार्किङ्ग शुल्क वापत आय आर्जन गरेको छैन। आर्थिक ऐन, २०७८ दफा १० मा पार्किङ शुल्कको व्यवस्था र अनुसूची ८ मा यसको दर निर्धारण गरेको छ।

**सम्भावना :**

गाउँपालिकाको बजार र सार्वजनिक क्षेत्रमा पार्किङस्थल बस बिसौनी, पार्किङ स्थल लगायतका पूर्वाधारहरू सुविधा उपलब्ध नहुँदा अनाधिकृत रुपमा सडक तथा पेटीमा सवारी साधन पार्किङको समस्या देखिएको छ । गाउँपालिकाले बसपार्क तथा जीप पार्किङ्ग स्थलमा सवारी साधन धुने सहितको सुविधा उपलब्ध गराई आय आर्जन गर्न सक्ने सम्भावना रहेको छ।

**तालिका नं. २८ :** पार्किङ शुल्कको सम्भाव्यता विवरण

| क.सं. | बसपार्क वा पार्किङ रहेको स्थान | सवारी साधनको संख्या | पार्किङ शुल्कको दर (रु.) | | कूल संभाव्य रकम (रु.) |
|---|---|---|---|---|---|
| | | | दैनिक | वार्षिक | |
| १. | भालुवाङ बसपार्क | २५ | ३० | १०९५० | २७३७५० |
| | **जम्मा** | २५ | ३० | | २७३७५० |

**सुझावहरू**

- पार्किङ्ग स्थलमा सवारी साधन धुने तथा शौचालयको समेत व्यवस्था गरी पार्किङ्ग स्थलको निर्माण गर्ने
- पार्किङ्ग शुल्क सङ्कलन गर्दा सार्वजनिक नीजी साझेदारी पद्धतिबाट गर्दा प्रभावकारी हुने ।

## (ज) महशुल

### १. खानेपानी महशुल

**विद्यमान अवस्था :**

गाउँपालिकामा खानेपानी तथा सरसफाई अभियान अन्तर्गत एक घर एक धारा कार्यक्रमका लागि १० भन्दा बढी खानेपानी तथा सरसफाई आयोजनाहरू स्थानीय उपभोक्ता समिति मार्फत संचालन भईरहेका छन् । उपरोक्त

आयोजनामा संघ/प्रदेश र गाउँपालिकाले ठूलो लगानी गरेको छ । तथापि यसबाट महशुल वापत हालसम्म कुनै आम्दानी गरेको छैन । यसका लागि गाउँपालिकाले महशुलको दर र सङ्कलन प्रक्रिया समेत आर्थिक ऐनमा निर्धारण गरेको छैन । गत आ.व. खानेपानी महशुल रकम सङ्कलन नभएको चालु आ.व.मा रकम अनुमान नगरेको देखिन्छ ।

**सम्भावना** :

गाउँपालिकाले महशुल निर्धारण गरी संचालित खानेपानी तथा सरसफाई आयोजनाबाट महशुल वापत आय सङ्कलन गर्ने सम्भावना रहेको छ । एक घर एक धारा अभियान अन्तर्गत करिब ११५८ घरधुरीबाट उपभोक्ता समिति वा साझेदार संस्थासँगको साझेदारीमा महशुल सङ्कलनको संभावना रहेको छ । खानेपानीको महशुल सङ्कलनको संभाव्यता देहायअनुसारको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २९ :** खानेपानी महशुलको सम्भाव्यता विवरण

| सि.नं. | खानेपानी आयोजनाको नाम र स्थान | लाभान्वित घरधुरी | मासिक महशुल दर (औषत) | कुल रकम (रु) | गाउँपालिकाको शुल्क प्रतिशत | सम्भावना रकम (रु.) |
|---|---|---|---|---|---|---|
| १ | चैते खानेपानी आयोजना | ११५ | १०० | ११५०० | १० | ११५० |
| २ | लालमटिया खानेपानी आयोजना | ८०० | १०० | ८०००० | १० | ८००० |
| ३ | वसन्तपुर खुरुहरिया खानेपानी आयोजना | २३५ | १०० | २३५०० | १० | २३५० |
| ४ | वसन्तपुर खानेपानी आयोजना | १६१३ | १०० | १६१३०० | १० | १६१३० |
| ५ | प्रगतीनगर साना शहरी खानेपानी आयोजना | २१५६ | १०० | २१५६०० | १० | २१५६० |
| ६ | पत्थरगडवा वृहत् खानेपानी योजना | ९४१ | १०० | ९४१०० | १० | ९४१० |
| ७ | लालमटिया खानेपानी सुधार विस्तार आयोजना | ८०० | १०० | ८०००० | १० | ८००० |
| ८ | नमुना आँपखोली खा.पा.आयोजना | ५२६ | १०० | ५२६०० | १० | ५२६० |
| ९ | प्रगती साना शहरि खानेपानी आयोजना | २१५६ | १०० | २१५६०० | १० | २१५६० |
| १० | भालुवाङ्ग खानेपानी योजना | १४०० | १०० | १४०००० | १० | १४००० |
| ११ | लालमटिया वृहद खानेपानी योजना | १००० | १०० | १००००० | १० | १०००० |
| १२ | श्रीचौर खानेपानी योजना | १३६४ | १०० | १३६४०० | १० | १३६४० |
| १३ | वसन्तपुर खुरुहरिया खानेपानी आयोजना | २३५ | १०० | २३५०० | १० | २३५० |
| १४ | वसन्तपुर खानेपानी योजना | | १०० | ० | १० | ० |
| १५ | लामाखोला खानेपानी योजना | ३० | १०० | ३००० | १० | ३०० |
| १६ | पत्थरगडवा खानेपानी | ९४१ | १०० | ९४१०० | १० | ९४१० |

| सि.नं. | खानेपानी आयोजनाको नाम र स्थान | लाभान्वित घरधुरी | मासिक महशुल दर (औषत) | कुल रकम (रु) | गाउँपालिकाको शुल्क प्रतिशत | सम्भावना रकम (रु.) |
|---|---|---|---|---|---|---|
| | योजना | | | | | |
| १७ | माथिल्लो करङ्गे खानेपानी योजना | १०६ | १०० | १०६०० | १० | १०६० |
| १८ | रुपाकोट सोलार लिफ्ट खानेपानी आयोजना | ४१ | १०० | ४१०० | १० | ४१० |
| १९ | वराखुट्टी खानेपानी योजना | ४० | १०० | ४००० | १० | ४०० |
| | जम्मा | ११५८ | | १४४९९०० | | १४४९९० |

# परिच्छेद – चार : आय सङ्कलनको संस्थागत क्षमता तथा सङ्कलन अवस्था

## ४.१ राजश्व परिचालन संस्थागत तथा नीति विश्लेषण

गाँउपालिकाले राजश्व परिचालनको अवस्थामा सुधार ल्याउनकोलागि लिन सक्ने नीतिगत व्यवस्था यस प्रकार रहेको छ :

१. गाउँपालिका भित्रका विभिन्न वडाहरूमा हाटबजार निर्माणको लागि सम्भाव्यता अध्ययन गरी स्थान छनौट गरिनेछ ।
२. गाउँपालिका भित्रका बजार क्षेत्रमा जैविक तथा अजैविक फोहरमैला व्यवस्थापन गर्न फोहरमैला व्यवस्थापन कार्यविधि तयार गरी फोहर व्यवस्थापनका लागि ठोस कार्य अघि बढाइने छ ।
३. निर्धारित समय भन्दा ढिलो कर तिर्नेलाई जरिवाना तथा छिटो तिर्नेलाई प्रोत्साहनको व्यवस्था गरिनेछ ।
४. विज्ञापन कर सम्बन्धी सम्भाव्यता अध्ययन गरी न्यूनतम ठेक्का अंक कायम गरिनेछ ।
५. जडिबुटी, कवाडी र जिवजन्तु कर सम्बन्धी संभाब्यता अध्ययन गरी न्यूनतम ठेक्का अंक कायम गरिनेछ ।
६. साना सवारी साधनको लगत सङ्कलन गरी गाउँपालिकामै कर सङ्कलन गर्ने व्यवस्था मिलाइने छ ।
७. विभिन्न कर दस्तुरहरूको बारेमा स्थानीय संचार माध्यम मार्फत प्रचार प्रसार गर्ने गरिनेछ ।
८. स्थानीय सञ्चार माध्यमको अधिकतम् प्रयोग गरी करदाताहरूलाई कर तिर्न सुसुचित गरिनेछ ।
९. गाउँकार्यपालिकाको कार्यालय र वडा कार्यालयहरू र बजार क्षेत्रमा करबाट सङ्कलन भएको रकम खर्च हुने शीर्षक समावेश गरी फ्लेक्स प्रिन्ट बनाई टाँसिनेछ ।
१०. गाउँपालिकाको आम्दानी र खर्च (विशेष गरी आन्तरिक राजश्व तथा तिनको उपयोग) नियमित रुपमा सार्वजनिक गरिनेछ ।
११. कर सङ्कलनमा हुन सक्ने चुहावटलाई ध्यानमा राखी अनुगमनलाई थप प्रभावकारी बनाउने छ ।
१२. राजश्व इकाईमा कार्यरत कर्मचारीहरू र वडा सचिवहरूलाई राजश्व संकेत अनुसार राजश्व सङ्कलन गर्न आवश्यक तालिम उपलब्ध गराइनेछ ।
१३. बहाल बिटौरी शुल्कको लागि ऐलानी जग्गामा बनेका घर टहराहरूको लगत सङ्कलन गरी करको दायरामा ल्याइनेछ ।

## ४.२ राजश्व सुधारका लागि गर्नुपर्ने कार्यको पहिचान

संकलित सूचनाको अध्ययन तथा विश्लेषण र छलफल कार्यक्रमबाट प्राप्त सुझावको आधारमा पहिचान भएका यस गाउँपालिकाको राजश्व सुधारको लागि गर्नुपर्ने प्रमुख कार्यहरू देहायअनुसार प्रस्तुत गरिएको छ :

- व्यवसायीहरूलाई गाउँपालिका कार्यालयमा दर्ता गराउने
- व्यवसायीहरूलाई उनीहरूले तिर्नुपर्ने राजश्वको जानकारी गराई कर समयमै तिर्नेलाई पुरस्कार र नतिर्नेलाई जरिवानाको व्यवस्था गर्ने
- अनुगमन समिति गठन गरी राजश्व तिरे नतिरेको एकिन गरी नतिरेका भए फोनबाट जानकारी गराउने
- करदाताको दायरा पहिचान गरी दायरा अभिवृद्धि गर्ने
- करदाताहरूलाई राजश्व सम्बन्धी जानकारी गराई करदातालाई कर तिर्नु हाम्रो दायित्व हो भन्ने बोध गराउनु
- वडा कार्यालयले करदाताको अभिलेख चुस्त दुरुस्त राख्ने र बैंक मार्फत कर सङ्कलनको व्यवस्था मिलाउने
- सरोकारवालासंग अन्तरक्रिया तथा छलफल गर्ने

## ४.३ आय सङ्कलनको संस्थागत क्षमता

### ४.३.१ राजश्व प्रशासन तथा परिचालनको व्यवस्था

राजश्व सङ्कलनकोलागि राजश्व इकाईमा कार्यरत कर्मचारी, राजश्व सङ्कलन स्थलको भौतिक अवस्था, फर्निचर, कम्प्यूटर, प्रिन्टर, यातायातका साधन तथा अन्य भौतिक सुविधाहरू, राजश्व सङ्कलनको प्रक्रिया तथा सङ्कलन भएको राजश्वको बैंकमा दाखिला गर्ने विधि, राजश्व सम्बन्धी डाटावेस, राजश्व प्रशासनमा सफ्टवेयर र सोको प्रयोग, विलिङ्ग सम्बन्धी व्यवस्था, राजश्व सम्बन्धी डाटावेस, राजश्व प्रशासनमा सफ्टवेयर सम्बन्धी विवरण यस प्रकार रहेको छ।

#### *क) राजश्व शाखामा कार्यरत कर्मचारीहरूको विवरण*

यस गाउँपालिकामा राजश्व इकाईको स्थापना गरिएको छ। यस अन्तर्गत सहायकस्तर चौथो तहको एक जना कर्मचारीलाई राजश्व सङ्कलनको जिम्मेवारी दिईएको छ। ती कर्मचारीबाट गाउँपालिकाबाट सङ्कलन गर्न सकिने राजश्व सङ्कलन गर्ने गरिएको छ।

#### *ख) वडा कार्यालयको राजश्व परिचालनको जिम्मेवारी, भौतिक अवस्था र कर्मचारी*

यस गाउँपालिकाको ९ वटा वडा कार्यालयहरूबाट मालपोत, सिफारिस दस्तुर जस्ता शिर्षकबाट राजश्व सङ्कलन गरिदै आएको छ। वडा कार्यालयबाट सङ्कलन गरिने राजश्व आर्थिक प्रशासन अन्तर्गत राखिएको गाउँपालिकाको राजश्व इकाईबाट पनि गरिदै आएको छ। राजश्व इकाईमा २ वटा टेबल, २ वटा ल्यापटप, १ दराज राखिएका छन। गाउँपालिकाले सबै वडाहरूबाट सफ्टवेयरका माध्यमबाट राजश्व सङ्कलन गर्दै आएको छ। सबै वडाहरूबाट अनलाइन प्रविधिबाट राजश्व सङ्कलन गर्ने व्यवस्था गरिएकाले दिनभरि कति सङ्कलन भयो थाहा पाउन सकिने व्यवस्था गरिएको छ। सङ्कलन भएको रकम सुगमका वडाहरूबाट १/२ दिन भित्रमा र वडा नं ९ जस्ता बैंक टाढा रहेका वडाहरूबाट हप्ता दिनभित्रमा सङ्कलन गर्ने बैंकमा जम्मा गर्ने व्यवस्था गरिएको छ।

#### *ग) कार्यकक्ष तथा कार्य स्थलको प्रर्याप्तता*

राजश्व इकाईको लागि १ वटा कोठाको व्यवस्था गरिएको छ। सबै वडाहरूमा सफ्टवेयर जडान गरी राजश्व सङ्कलन गर्ने गरिएको छ।

#### *घ) फर्निचर, कम्प्यूटर, प्रिन्टर, यातायातका साधन तथा अन्य भौतिक सुविधाहरू*

यस इकाईमा २ वटा कम्प्युटर, १ वटा प्रिन्टर, र १ वटा स्क्यानर २ वटा टेबल र १ वटा दराजको व्यवस्था गरिएको छ।

#### *ङ) राजश्व परिचालन सम्बन्धी प्रक्रियागत र प्रशासनिक व्यवस्था*

स्थलगत अवलोकन तथा विभिन्न सूचनाका आधारमा हेर्दा हाल गाउँपालिकाको राजश्व परिचालनको प्रशासनिक व्यवस्था देहायअनुसार रहेको छ :

- राजश्व उवशाखाका लागि बेग्लै कार्यकक्षको व्यवस्था गरी कम्प्युटर, प्रिन्टर, सफटवेयर तथा फर्निचरको व्यवस्था गरिएको छ।
- इकाईमा विगत आ.व.मा सङ्कलन भएका राजश्व सम्बन्धी तथ्याङ्क, विभिन्न आर्थिक वर्षहरूको राजश्व बजेट, विभिन्न ठेक्का प्रक्रियाका दस्तावेजहरू, राजश्व परिचालनसंग सम्बन्धित ऐन, कानुन तथा कार्यविधिहरू जस्ता आवश्यक तथ्याङ्क तथा दस्तावेजहरू व्यवस्थित रुपमा राखिएको छ।
- गाउँपालिकाको राजश्व इकाई तथा ९ वटै वडा कार्यालयहरूमा उक्त सफ्टवेयर जडान गरी कम्प्युटरको प्रयोग गरी बिल काटिंदै आएको छ।

- राजश्व सफ्टवेयर संचालन सम्बन्धी वडा कार्यालयका सम्बन्धित कर्मचारीहरू तथा राजश्व इकाईका कर्मचारीहरूलाई राजश्व सम्बन्धी ज्ञानको कमी रहेको देखिन्छ ।
- सफ्टवेयरमा राजश्वका शीर्षकहरू हाल नेपाल सरकारले व्यवस्था गरेको राजश्व कोड तथा शीर्षक अनुसार पुरा नभएकाले सङ्कलन गरिएको राजश्वका शीर्षकहरू नमिल्दा अन्य करमा रकम काटिने गरेको छ ।

गाउँकार्यपालिका कार्यालयबाट देहायका शीर्षकमा राजश्व सङ्कलन हुने गरेको छ :

- ठेक्का बन्दोवस्त भई सङ्कलन हुने आय
- नक्सापास दस्तुर
- बोलपत्र बिक्री
- घ वर्गको निर्माण व्यवसाय इजाजत दस्तुर
- स्कुलको सिफारिश तथा अनुमती दस्तुर
- वडा कार्यालयबाट सङ्कलन गर्न नमिल्ने विविध सिफारीश दस्तुरहरू
- दण्ड तथा जरिवाना आदि ।

माथि उल्लेखित बाहेकका निम्नलिखित राजश्व वडा कार्यालयले नै सङ्कलन गर्ने गरेको छ :

- मालपोत करको
- सम्पत्ति कर
- घटना दर्ता विलम्ब दस्तुर
- चार किल्ला प्रमाणित
- घरबाटो सिफारिस
- जग्गा नामसारी सिफारिस
- जाति सिफारिस
- आय स्रोत प्रमाणित
- कर चुक्ता सिफारिस
- नाता प्रमाणित दस्तुर
- विद्युत जडान तथा नाम सारी सिफारिस
- बहाल कर
- नक्सापास सिफारिस
- कृषि फर्म सिफारिस
- व्यवसाय कर
- घरजग्गा बहाल कर
- जरिवाना आदि ।

- वडा कार्यालयहरूबाट संकलित राजश्व अनलाइन प्रविधिबाट बिल काट्ने र उठेको रकम दैनिक/साप्ताहिक/मासिक रुपमा बैंक दाखिला गर्ने गरिएको छ ।
- आर्थिक ऐनमा कर, शुल्क र दस्तुर राजश्व अधिकारका सबै शीर्षकहरूमा दर निर्धारण नभएको तथा उपयुक्त शीर्षकमा आम्दानी प्रविष्ट नगरिएको ।
- राजश्वको अनुमान र यथार्थ सङ्कलन बीचको तालमेल कमी रहेको छ ।
- मालपोत करको शुरुवात आगामी वर्ष देखि गर्नुपर्ने, र वहाल विटौरी शुल्कको शुरुवात गर्नुपर्ने देखिएको छ ।
- घरले चर्चेको नम्बरी जग्गामा सम्पत्ति कर र त्यसभन्दा बाहेकको जग्गामा मालपोत कर र ऐलानी जग्गा तथा त्यस जग्गामा बनेको घरमा बहाल विटौरी शुल्क लिनुपर्ने
- सम्पत्ति कर व्यवस्थापन कार्यविधि बनाई लागु गर्नुपर्ने

गाउँपालिकाले राजश्व परिचालनलाई प्रभावकारी बनाउने उद्देश्यका साथ देहाय अनुसारका प्रयासहरू भएका छन

- *राजश्व इकाई र ९ वटै वडामा राजश्व सङ्कलन सफ्टवेयरको प्रयोग गरिएको*
- *राजश्व इकाईको लागि अलग्गै कोठाको व्यवस्था गरी कम्प्युटरबाट बिल काट्ने प्रणालीको विकास भएको*

### च) राजश्व सम्बन्धी डाटावेस, राजश्व प्रशासनमा सफ्टवेयर र सोको प्रयोग

राजश्व सङ्कलनको लागि शहरी विकास मन्त्रालयबाट निर्माण गरिएको इन्फोटेक सफ्टवेयर प्रयोग गरिएको छ । यस सफ्टवेयरमा आर्थिक ऐनमा व्यवस्था गरिएका करका दरहरू प्रविष्ट गरिएका छन । सबै सेवाग्राहीको विवरण यस सफ्टवेयरमा प्रविष्ट गरिएको छ । कुनै सेवाग्राहीको नामबाट खोजी गरेपछि नीजले तिर्नुपर्ने राजश्व रकम देखा पर्दछ र कम्प्युटर विलिङ्ग सिष्टमबाट विल उपलब्ध गराइन्छ ।

### छ) कप्यूटर विलिङ्ग प्रणालीको प्रयोग

आर्थिक ऐनमा उल्लेख गरिएका विभिन्न विषयका कर तथा गैर करका दरहरू सफ्टवेयरमा सेट गरिएको छ । कुन शीर्षकको राजश्व हो सोही अनुसार कम्प्युटरमा प्रविष्ट गर्नासाथ नीजले तिर्नुपर्ने शुल्क देखिन्छ । सबै वडामा यस किसिमको सफ्टवेयरको व्यवस्था गरिएको छ । वडाबाट सङ्कलन नगरिने घर नक्सा पास तथा घ वर्गको इजाजत पत्रको लागि गाउँपालिकाको राजश्व इकाईबाट सङ्कलन हुने गर्दछ ।

### ज) नगद सङ्कलन र वैंक दाखिला र अभिलेख व्यवस्थापन

राजश्व सङ्कलनको लागि ९ वटै वडा तथा गाउँकार्यपालिकाको कार्यालयबाट सङ्कलन गर्न सकिने व्यवस्था गरिएको छ । वडाबाट सङ्कलन भएको रकम दैनिक रुपमा बैंक खातामा जम्मा गर्दै आइएको छ ।

## गाउँपालिकाको आन्तरिक आय परिचालन

गाउँपालिकाको विगत तीन आर्थिक वर्षको यथार्थ आय, चालु आ.व. २०७८/७९ को संशोधित अनुमान र मंसिर मसान्तसम्मको संकलित आयलाई तुलनात्मक रुपमा तलको तालिकामा देखाइएको छ। गत ३ आ.व.को यथार्थ आयको आधारमा वृद्धिदर पत्ता लगाइएको छ । विगतको तथ्याङ्कको आधारमा वृद्धिदर गणना गर्दा एक्सलमा LOGEST फर्मुलाको प्रयोग गरिएको छ ।

**तालिका नं. ३० :** विगतको ३ आ.व.को यथार्थ र चालु आ.व.को अनुमान र प्राप्तिको अवस्था

| क.सं | विवरण | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | वृद्धिदर | २०७८/७९ | |
|---|---|---|---|---|---|---|---|
| | | यथार्थ | यथार्थ | यथार्थ | | अनुमान | मंसिर मसान्त सम्मको |
| क) | कर तथा गैर कर राजश्व | ९९,३३१ | ४१,००४ | ३९,५६८ | -३७ | ३४,४९० | ९,२२६ |
| १ | कर | ६,९७१ | १५,३०९ | ६,७७३ | -१ | ८,१२० | ३,७३३ |
| ११३१३ | सम्पत्ति कर | | ३,००० | ० | ० | ० | ० |
| ११३१४ | भूमी कर (मालपोत) | ४,६८८ | ७,००० | २,७६४ | -२३ | ५,००० | १,८२६ |
| ११३२१ | घर बहाल कर | २,१०७ | ६२४ | १,०११ | -३१ | ५०० | १७९ |
| ११४५१ | सवारी साधन कर | १७६ | ३५ | ० | ० | ५० | ० |
| ११४५२ | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | | | ० | ० | ५० | ० |
| ११४७० | विज्ञापन कर | | | ० | ० | ० | ० |
| ११६३२ | जडिबुटी तथा कवाडी कर | | | ० | ० | २०० | ० |
| ११३२२ | बहाल विटौरी शुल्क | | २,५०० | ० | ० | २० | ३ |

| क.सं | विवरण | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | वृद्धिदर | २०७८/७९ | |
|---|---|---|---|---|---|---|---|
| | | यथार्थ | यथार्थ | यथार्थ | | अनुमान | मंसिर मसान्त सम्मको |
| ११४७९ | अन्य मनोरञ्जन कर | | १५० | ० | ० | १०० | ० |
| ११६९१ | अन्य कर | | | ० | ० | १०० | ० |
| १४६११ | व्यवसाय कर | | २,००० | २,९९८ | ० | २,१०० | १,७२५ |
| २ | **गैर कर** | **९२,३६०** | **२५,६९५** | **३२,७९५** | **-४०** | **२६,३७०** | **५,४९३** |
| ११६१३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ९४४ | | ० | ० | | |
| १४१५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | | | ० | ० | १२० | ० |
| १४२१२ | सरकारी सम्पत्ति बिक्रिबाट प्राप्त रकम | | | ० | ० | ५०० | ० |
| १४२१३ | अन्य बिक्रिबाट प्राप्त रकम | | | ६१ | ० | २०० | ६३ |
| १४२१६ | नीजि धारा वापतको महशुल | | | | | | |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | | | ० | ० | ४०० | ८१ |
| | *ढुङ्गा, गिट्टी, बालुवा बिक्री* | | | २१,४०७ | ० | १५,००० | २,९९८ |
| | *दहत्तर वहत्तर बिक्री* | | | | | | |
| | *फोहरमैला व्यवस्थापन सेवा शुल्क* | | | ० | ० | ० | ० |
| १४२२१ | न्यायिक दस्तुर | | | ३ | ० | ५० | ६ |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | | | १४५ | ० | १,००० | १४ |
| १४२२४ | परिक्षा शुल्क | | | ४५ | ० | ५०० | ० |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क (सम्पत्ति मूल्याङ्कन सेवा शुल्क आदि) | | | ० | ० | | |
| १४२४१ | पार्किङ्ग शुल्क | | ५० | ० | ० | | |
| १४२४२ | नक्सापास दस्तुर | १,५८२ | २,००० | ६०२ | -३८ | २,१०० | ८९७ |
| १४२४३ | सिफारिश दस्तुर | ६,६२४ | २,००० | ४,८०८ | -१५ | ४,००० | ९६६ |
| १४२४४ | ब्यक्तिगत घटना दर्ता दस्तुर | २८ | ५० | ९८ | ८७ | ५० | ८८ |
| १४२४५ | नाता प्रमाणित दस्तुर | ४२ | ५० | ४४ | २ | ० | २९ |
| १४२४९ | अन्य दस्तुर (दर्ता, अनुमति, इजाजत आदि) | ३,८४४ | १,५२० | 4919 | १३ | १,५५० | २६७ |
| १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | | ० | ३५४ | ० | ३०० | ० |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | १ | २५ | ० | ० | ५०० | ८४ |
| १४५२९ | अन्य राजश्व | ८०,२३९ | २०,००० | ३०९ | -९४ | १०० | ० |
| **ख.** | **राजश्व बाँडफाँट** | **८०,२३९** | **११०,५३४** | **९६,३००** | **१०** | **१०९,४५१** | **७३,४५३** |
| ***ख.१*** | ***नेपाल सरकार*** | **८०,२३९** | **१०३,४१९** | **८५,१६६** | **३** | **९७,५१९** | **७३,४५३** |
| १४४११ | बबाँडफाँट भई प्राप्त हुने मु.अ.कर | ८०,२३९ | १०३,४०० | ८५,१६६ | ३ | ४७,२५९ | १८,१६१ |
| १४४२१ | बबाँडफाँट भई प्राप्त हुने अन्त:शुल्क | | | ० | ० | ४७,२६० | ५५,२९२ |
| १४१५३ | बबाँडफाँट भई प्राप्त वन रोयल्टी | | १९ | ० | ० | ३,००० | ० |
| | खानी तथा खनिज सम्बन्धी रोयल्टी | | | ० | ० | ३,००० | ० |

| क.सं | विवरण | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | वृद्धिदर | २०७८/७९ | |
|---|---|---|---|---|---|---|---|
| | | यथार्थ | यथार्थ | यथार्थ | | अनुमान | मंसिर मसान्त सम्मको |
| | अन्य स्रोतबाट प्राप्त रोयल्टी | | | ० | ० | १,००० | ४४४ |
| ११४७२ | बबाँडफाँटबाट प्राप्त हुने विज्ञापन कर | | | ० | ० | ० | ० |
| ख.२ | प्रदेश सरकार | ० | ७,११५ | ११,१३४ | ० | ११,९३२ | ० |
| ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | | | २,४०८ | ० | ३,००० | ० |
| ११४५६ | बबाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | | ७,११५ | ८,७२६ | ० | ८,७३२ | ० |
| ११४७१ | बबाँडफाँटबाट प्राप्त हुने मनोरञ्जन कर | | | ० | ० | २०० | ० |
| ११४७२ | बबाँडफाँटबाट प्राप्त हुने विज्ञापन कर | | | ० | ० | ० | ० |
| ग. | अनुदान तथा वित्तीय हस्तान्तरण | ४८१,७३५ | ४०६,७७१ | ३७१,१६३ | -१२ | ३८५,७६९ | ८७,४६३ |
| ग.१ | नेपाल सरकार | ४४१,५२२ | ३४१,२६८ | ३२६,८५३ | -१४ | ३४१,४३९ | ७६,७६८ |
| १३३११ | समानीकरण अनुदान | १२८,६४० | १३१,४०० | १३०,३०० | १ | १३९,६०० | ३४,९०० |
| १३३१२ | ससर्त अनुदान चालु | ११७,१४७ | २०९,८६८ | १९१,५५३ | २८ | १७६,३३९ | ४१,८६८ |
| १३३१३ | ससर्त अनुदान पूँजीगत | | | ० | ० | २५,५०० | ० |
| १३३१४ | विशेष अनुदान चालु | | | ० | ० | ० | ० |
| १३३१५ | विशेष अनुदान पूँजीगत | | | ० | ० | ० | ० |
| १३३१६ | समपुरक अनुदान चालु | | | ५,००० | ० | ० | ० |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | २३,१४७ | | ० | ० | ० | ० |
| १३३१८ | अन्य अनुदान चालु (सामाजिक सुरक्षा समेत) | ४८,४८८ | | ० | ० | ० | ० |
| १३३१९ | अन्य अनुदान पूँजीगत | १२४,१०० | | ० | ० | ० | ० |
| ग.२ | प्रदेश सरकार | ४०,२१३ | ३५,५०३ | ४४,२०२ | ५ | ३६,१६२ | १०,६९५ |
| १३३११ | समानीकरण अनुदान | ४,५४० | ४,५५३ | ५,४८० | १० | ६,६१८ | ३,३०९ |
| १३३१२ | ससर्त अनुदान चालु | ९,६०० | ११,५०० | १४,८५० | २४ | ८,५४४ | २,१३६ |
| १३३१३ | ससर्त अनुदान पूँजीगत | | | | ० | | |
| १३३१४ | विशेष अनुदान चालु | | ८,२०० | ८,८७२ | ० | ६,००० | १,५०० |
| १३३१५ | विशेष अनुदान पूँजीगत | | | | ० | ० | ० |
| १३३१६ | समपुरक अनुदान चालु | ४,८८९ | ११,२५० | १५,००० | ७५ | | |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | | | | ० | १५,००० | ३,७५० |
| १३३१८ | अन्य अनुदान चालु | २१,१८४ | | | ० | | |
| १३३१९ | अन्य अनुदान पूँजीगत | | | | ० | | |
| ग.३ | अन्य आन्तरिक अनुदान | ० | ३०,००० | १०८ | ० | ८,१६८ | ० |
| १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान | | ३०,००० | १०८ | ० | ८,१६८ | ० |
| १३४१२ | अन्य व्यक्तिगत आन्तरिक अनुदान | | | | ० | | |
| | कूल जम्मा | ६६१,३०५ | ५५८,३०९ | ५०७,०३१ | -१२ | ५२९,७१० | १७०,१४२ |

### ४.३.२ आन्तरिक राजश्व संरचनाको अवस्था

गाउँपालिकाको विगत ३ आ.व.को यथार्थ आन्तरिक आयको स्रोत अनुसारको संरचना तथा तिनको कूल आन्तरिक आयमा रहेको योगदान तलको तालिकामा देखाइएको छ।

**तालिका नं. ३१ :** कूल राजश्वमा शीर्षकगत योगदान (रु. हजारमा)

| आय शीर्षक | २०७५/७६ को यथार्थ आय | २०७६/७७ को यथार्थ आय | २०७७/७८ को यथार्थ आय | वृद्धिदर | आ.व.२०७८/७९ को | |
|---|---|---|---|---|---|---|
| | | | | | अनुमान | मंसिर मसान्त सम्मको आय |
| आन्तरिक आय | ९९,३३१ | ४१,००४ | ३९,५६८ | -३७ | ३४,४९० | ९,२२६ |
| राजश्व बबाँडफाँटबाट प्राप्त आय | ८०,२३९ | ११०,४३४ | ९६,३०० | १० | १०९,४५१ | ७३,४५३ |
| वित्तीय हस्तान्तरण तथा अन्य अनुदान | ४८१,७३५ | ४०६,७७१ | ३७१,१६३ | -१२ | ३८५,७६९ | ८७,४६३ |
| **कूल आय** | ६६१,३०५ | ५५८,३०९ | ५०७,०३१ | -१२ | ५२९,७१० | १७०,१४२ |

## ४.४ राजश्व परिचालनमा रहेका सवालहरू

राप्ती गाउँपालिका दाङ्ग जिल्लाको तराई क्षेत्रमा रहेको गाउँपालिका भएता पनि यहाँ राजश्व प्रशासनकालागि सबै प्रकारका प्रणालीको व्यवस्थापन गर्न सकिएको छैन। राजश्व परिचालनसंग सम्बन्धित मूल सवालहरूलाई यहाँ प्रस्तुत गरिएको छ।

(१) **तथ्याङ्क प्रणाली व्यवस्थीत गर्न नसक्नु :** यस गाउँपालिकामा नविन प्रविधिको प्रयोग गरेर हाल सम्म गाउँ वस्तुस्थिति विवरण तयार गरिएको छैन। गाउँ वस्तुस्थिति विवरणको अभावमा गाउँपालिकाको वास्तविक अवस्था चित्रण गर्न नसकिने भएकोले गाउँ वस्तुस्थिति विवरण व्यवस्थीत गर्नु पर्ने देखिन्छ।

(२) **करयोग्य क्षेत्र र करदाताको स्पष्ट विवरण नहुनु :** गाउँपालिकामा भएका करदाताको खण्डिकृत तथ्याङ्क राखिएको छैन। गाउँपालिकाको गाउँ वस्तुस्थिति विवरण तयार गरी करदाताहरूको खण्डिकृत तथ्याङ्क राख्ने र सोको आधारमा करको दायार फराकिलो पार्नुपर्ने अर्को थप सवालको रुपमा रहेको छ।

(३) **कर सङ्कलन प्रविधिको प्रयोग :** कर सङ्कलनको लागि सफट्वेयर प्रणाली स्थापना गरिएको छैन। सफट्वेयर प्रणालीमा वडा स्तरका करदाताहरूको विवरण राख्ने र वडा स्तरबाटै कर सङ्कलन गर्ने अभ्यासलाई थप शसक्त पार्नुपर्ने देखिन्छ।

(४) **करदाता शिक्षा र सुनुवाई प्रणाली:** करदाता शिक्षालाई थप प्रभावकारी बनाउन, एसएमएस र हेल्प डेस्कलाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ।

(५) **राजश्वका नयाँ क्षेत्रको पहिचान:** राजश्व अभिबृद्धि गर्ने नयाँ क्षेत्रहरू जस्तै, पर्यटन, फोहरमैला प्रसोधन, सम्पत्ति कर आदि हुन सक्छन्।

(६) **बहाल विटौरी शुल्क :** भालुवाङ्ग बजारमा बनेका घरहरू ऐलानी जग्गामा बनेका हुनाले ती घरबाट मालपोत सम्पत्ति कर तथा बहाल विटौरी शुल्क सङ्कलन गर्न सकिएको छैन।

(७) **साना सवारी कर** : साना सवारी साधनको दर्ता तथा नवीकरण गर्ने अधिकार गाउँपालिकाको भएकोले दर्ता तथा नवीकरण गर्ने जिम्मा प्रदेश सरकारलाई दिइएकोमा गाउँपालिकाले नै गर्नुपर्ने देखिन्छ।

# परिच्छेद - पाँच : राजश्व सुधार कार्ययोजना

यस परिच्छेदमा सूचना विश्लेषण तथा सहभागितामूलक छलफलबाट तयार पारिएको गाउँपालिकाको राजश्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ । यस कार्ययोजनालाई कार्यपालिकाबाट स्वीकृत एवं बजेट व्यवस्था गरी कार्यान्वयनमा ल्याइनेछ ।

## ५.१ राजश्व सुधारका क्षेत्रहरू

राजश्व सुधारका लागि अपनाउनु पर्ने क्रियाकलापहरू तपशिलमा उल्लेख गरिएको छ । राजश्व सुधार कार्ययोजना तर्जुमाको क्रममा प्रक्षेपित आय तथा हाल असुल भएको यथार्थ आय अवस्थाको फरक विश्लेषण गरी सुधारकोलागि उपायहरूको पहिचान गरिएको छ ।

**दायरा** :

राजश्व सुधारको लागि संविधान तथा कानूनले व्यवस्था गरे अनुसार गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने राजश्वको शीर्षकको छनौट गरिएको छ । गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने राजश्व शीर्षकको सङ्कलन तथा परिचालन गर्ने सम्भावना के कस्तो छ सो को पहिचान गरिएको छ । करको आधार (सम्पत्ति, आय, वस्तु तथा सेवाको परिमाण, मूल्य र उपयोग)को पहिचान गरिएको छ । करदाता, उपभोगकर्ता,र सेवाग्राहीको पहिचान पश्चात तीनीहरूको एकिन तथ्याङ्क पत्ता लगाई त्यसको दायरा एकिन गरिएको छ ।

**दर :**

करदाताको पहिचान पश्चात गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने करदातालाई करदाताको सामर्थ्यका आधारमा न्यायोचित ढंगबाट करको दर निर्धारण गर्दा गाउँपालिकाको विगतका आर्थिक ऐनको सहायता लिइएको छ । करको दर निर्धारण गर्दा समान दर, प्रगतिशिल वा अनुदारवादी के कस्तो छ सो को समिक्षा गरी सम्पत्ति करमा प्रगतिशिल करको आधारमा सम्भावना विश्लेषण गरिएको छ । करको दर निर्धारण गर्दा तपशिलमा उल्लेखित विषयमा ध्यान दिइएको छ ।

- छिमेकी स्थानीय सरकारको करको दरसँग तुलना गरिएको छ ।
- नयाँ क्षेत्रको लागि शुरुमा करको दायरामा ल्याउनको लागि न्यून दरबाट विश्लेषण गरिएको छ ।
- सम्पत्ति करलाई प्रगतिशिल करको दर अनुसार सम्भावना विश्लेषण गरिएको छ ।
- सेवाको लागत असुली हुने गरी शुल्कको दर निर्धारण गरिएको छ ।
- करदाताको कर तिर्न सक्ने क्षमता तथा सुविधाको स्तरको आधारमा करको दर निर्धारण गरिएको छ ।
- विगत आ.व.मा लगाइएको कर तथा शुल्कको दरको आधारमा राजश्वका दरहरू निर्धारण गरी सम्भावना विश्लेषण गरिएको छ ।
- प्रशासनिक सहजताको आधारमा करको दायरा निर्धारण गरी राजश्वको सम्भावना विश्लेषण गरिएको छ ।
- सङ्कलन लागत भन्दा बढी असुली हुन सक्ने क्षेत्रको मात्र सम्भावना विश्लेषण गरिएको छ ।
- व्यवसायलाई प्रतिकूल प्रभाव नपार्ने गरी करको कर निर्धारण गरिएको छ ।
- करको दर निर्धारण गर्दा सम्पत्ति, आय, वस्तु तथा सेवाका आधारमा गरिएको छ ।
- सेवा तथा दस्तुरको लागतका आधारमा करका दरहरू निर्धारण गरिएको छ ।
- राजश्व सङ्कलनको अवस्थालाई विश्लेषण गरी करका दर निर्धारण गरिएको छ ।
- सम्पत्तिको मूल्य तथा उपयोगको आधारमा करका दरहरूको निर्धारण गरी सम्भावना विश्लेषण गरिएको छ ।

**पुँजीगत लगानी र आर्थिक कारोबार व्यवस्थापन :**

करदाताको पहिचान, संख्या निर्धारण तथा दायरा निश्चित गरी करका दरहरू न्यायोचित ढंगबाट निर्धारण पश्चात राजश्व प्रशासनमा सुधार ल्याउन नीतिगत व्यवस्था, संगठन संरचनामा सुधार भौतिक सुविधा, मानव संशाधन, प्रविधि र सफ्टवयर, सूचना तथा अभिलेख राख्नुपर्दछ । राजश्वको सुधारको लागि हरेक तथ्याङ्कको अभिलेख राखि राजश्व चुहावट हुन नदिन अनुगमन गर्ने पद्धतिको सिफारिस गरिएको छ ।

## ५.२ राजश्व सुधार कार्ययोजना तर्जुमा

राजश्व सुधार कार्ययोजनामा समाबेश भएका कतिपय क्रियाकलापहरूका लागि बजेट आवश्यक पर्ने हुन्छ । क्रियाकलाप गर्दा समय मै बजेटको व्यबस्था नभए प्रस्तावित क्रियाकलापसम्पन्न गर्न नसकिने हुँदा क्रियाकलाप छनौट गर्दा स्रोतको उपलब्धतालाई पनि ध्यान दिइएको छ । साथै बजेटको उपलब्धता अनुसार क्रियाकलापसम्पन्न हुने हुँदा समयअवधि निर्धारण गर्दा बजेटको उपलब्धतासँग पनि तालमेल हुने गरी निर्धारण गरिएको छ । यस परिच्छेदमा गाउँपालिकाबाट उपलब्ध भएका र सहभागितामुलक छलफलबाट प्राप्त सूचनाहरूका आधारमा तयार पारिएको गाउँपालिकाको राजश्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३२ :** राजश्व सुधार कार्ययोजना

| सुधारका क्षेत्रहरू | सुधारका क्रियाकलापहरू | समयावधि | आवश्यक बजेट रु ००० | जिम्मेवारी |
|---|---|---|---|---|
| | **(क) कर राजश्व** | | | |
| सम्पत्ति कर | - सम्पत्ति कर सङ्कलनकालागि कार्यविधि निर्माण गरी कार्यान्वयन गर्ने | - २०७९ असार मसान्त | ५०० | - राजश्व उप शाखा<br>- राजश्व परामर्श समिति |
| भूमीकर (मालपोत) | - घुम्ती सेवा सञ्चालन गर्ने | २०८० असार मसान्त | २० | - राजश्व इकाई<br>- राजश्व परामर्श समिति |
| घरजग्गा वहाल कर | - घरजग्गा बहाल कर सङ्कलन कार्यविधि निर्माण गर्ने<br>- घर तथा जग्गा वहालमा लगाउने घरधनीहरूको लगत सङ्कलन गर्ने । | २०७९ भाद्र मसान्त | २०० | - राजश्व परामर्श समिति<br>- राजश्व इकाई<br>- लेखा शाखा<br>- जिन्सी शाखा |
| व्यवसाय कर | - गाउँपालिकाभित्र रहेका व्यवसायीहरूको स्थलगत दर्ता र नवीकरण अभियान सञ्चालन गर्ने | २०७९ मंसिर मसान्त भित्र | ५० | - प्रमुख प्रशासकीय अधिकृत<br>- वडा सचिवहरू<br>- राजश्व इकाई |
| | - करको दायरामा नआएका व्यवसायीलाई गाउँपालिकामा दर्ताको लागि सार्वजनिक सञ्चार माध्यम मार्फत आव्हान गर्ने<br>- घरदैलो कार्यक्रम मार्फत व्यवसाय दर्ता प्रमाणपत्र दिने तथा कर असुली गर्ने | प्रत्येक आर्थिक वर्ष भरी नियमित रुपमा | २० | - राजश्व इकाई<br>- लेखा शाखा<br>- वडा सचिवहरू |

| सुधारका क्षेत्रहरू | सुधारका क्रियाकलापहरू | समयावधि | आवश्यक बजेट रु ००० | जिम्मेवारी |
|---|---|---|---|---|
| | - निर्धारित समय भन्दा ढिलो कर तिर्नेलाई जरिवाना तथा छिटो तिर्नेलाई प्रोत्साहनको व्यवस्था गर्ने | प्रत्येक आर्थिक वर्ष भरी नियमित रुपमा | ० | - गाउँपालिका<br>- राजश्व परामर्श समिति<br>- राजश्व इकाई |
| | - उद्योग बाणिज्य संघ राप्तीका प्रतिनिधिहरूसँग नियमित छलफल र अन्तरक्रिया गर्ने | निरन्तर | ० | - राजश्व परामर्श समिति<br>- राजश्व इकाई |
| विज्ञापन कर | - सम्भाव्यता अध्ययन गरी न्यूनतम ठेक्का अंक कायम गर्ने | आ.व. २०७९/०८० भित्र | २० | - राजश्व परामर्श समिति<br>- राजश्व इकाई |
| साना सवारी साधन | - ई-रिक्सा, टांगा, ठेलाको दर्ता गाउँपालिकामा गराई दर्ता तथा नवीकरण गर्ने व्यवस्था मिलाउने | आवश्यकतानुसार | ० | राजश्व इकाई |
| जडिबुटी, कवाडी र जिवजन्तु कर | - संभाव्यता अध्ययन गरी न्यूनतम ठेक्का अंक कायम गर्ने | आ.व. २०७९/ ०८० भित्र | २० | - राजश्व परामर्श समिति<br>- राजश्व शाखा |
| **(ख) गैरकर राजश्व** | | | | |
| स्थानीय पूर्वाधार उपयोग सेवा | - भालुवाङ्गमा बस तथा जीप पार्क निर्माण गरी पार्किङ शुल्क सङ्कलन गर्ने<br>- फोहरमैला व्यवस्थापनकालागि ल्याण्डफिल्ड साइटको व्यवस्था गरी फोहर सङ्कलन सबै वडासम्म पुऱ्याएर सेवा शुल्क लगाउने | आ.व. २०७८/०७९ भित्र | ० | - गाउँसभा, गाउँपालिका<br>- राजश्व परामर्श समिति<br>- राजश्व इकाई |
| नक्सापास दस्तुर | - ग्रामिण क्षेत्र लगायत शहरी क्षेत्रमा नक्सापास अनिवार्य गराउने र अभिलेखीकरण तथा नियमित कार्यलाई तिब्रता दिने | आ.व. २०७९/०८० भित्र | ० | - राजश्व परामर्श समिति<br>- प्राविधिक शाखा<br>- गाउँकार्यपालिका |
| अन्य दस्तुर तथा सेवा शुल्क | - गाउँपालिकामा बुझाउनु पर्ने विभिन्न कर दस्तुरहरूको बारेमा स्थानीय संचार माध्यम मार्फत प्रचार प्रसार गर्ने | आ.व. २०७८/०७९ भित्र | २० | - गाउँकार्यपालिका<br>- लेखा शाखा<br>- राजश्व इकाई |
| **(ग) राजश्व प्रशासन** | | | | |
| राजश्व सङ्कलन तथा अभिलेख | - राजश्वका सबै क्षेत्र समेट्ने गरी सफ्टवेयरमा करका दर अद्यावधिक गर्ने र करदाताको विवरण सोही सफ्टवेयरमा प्रविष्ट गर्ने | आ.व.०७९ श्रावण भित्र | ५० | - गाउँकार्यपालिका<br>- राजश्व इकाई |
| सूचना तथा | - स्थानीय सञ्चार माध्यमको | मासिक रुपमा | १५ | - गाउँकार्यपालिका |

| सुधारका क्षेत्रहरू | सुधारका क्रियाकलापहरू | समयावधि | आवश्यक बजेट रु ००० | जिम्मेवारी |
|---|---|---|---|---|
| पारदर्शिता | अधिकतम् प्रयोग गरी करदाताहरूलाई कर तिर्न सुसुचित गर्ने ।<br>- गाउँकार्यपालिकाको कार्यालय र वडा कार्यालयहरू र बजार क्षेत्रमा करबाट सङ्कलन भएको रकम खर्च हुने शीर्षक समावेश गरी फ्लेक्स प्रिन्ट बनाई टास्ने<br>- गाउँपालिकाको आम्दानी र खर्च (विशेष गरी आन्तरिक राजश्व तथा तिनको उपयोग) नियमित रुपमा सार्वजनिक गर्ने | | | - प्रमुख प्रशासकीय अधिकृत<br>- लेखा शाखा<br>- राजश्व इकाई<br>- वडा सचिवहरू<br>- सूचना प्रविधि शाखा<br>- सूचना अधिकारी |
| अनुगमन | - करदाताहरूको विवरण अद्यावधिक गर्ने छुटेका करदातालाई करदाताको सूचिमा समावेश गर्ने ।<br>- राजश्व अनुगमन कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउने<br>- कर सङ्कलनमा हुन सक्ने चुहावटलाई ध्यानमा राखी अनुगमनलाई थप प्रभावकारी बनाउने | - आ.व.०७८/०७९ भित्र<br>- अनुगमन प्रत्येक तीन महिनामा | ५० | - राजश्व परामर्श समिति<br>- राजश्व इकाई |
| करदाता तथा कर्मचारी प्रोत्साहन कार्यक्रम | - बढी कर तिर्ने वा अन्य किसिमका उत्कृष्ट करदातालाई सम्मान गर्ने<br>- कार्यसम्पादन मूल्याङ्कनको आधारमा कर्मचारीहरूलाई पुरस्कृत गर्ने | वार्षिक रुपमा ( गाउँ सभा गर्ने दिनमा) | ५० | - प्रमुख प्रशासकिय अधिकृत<br>- कार्यपालिका |
| | एकिकृत कर सङ्कलन प्रणाली portal को निर्माण गरी सञ्चालन गर्ने | २०७९ भाद्र मसान्त सम्म | १०० | राजश्व इकाई र सफ्टवेयर प्रदायक संस्था |
| | जम्मा | | १११५ | |

*स्रोत: गाउँपालिका स्तरीय कार्यशाला, २०७८*

## ५.३ बजेट अनुमान

राजश्व सुधार कार्ययोजनामा उल्लेख गरिएका क्रियाकलापहरू मध्ये कतिपय कार्यालय सञ्चालन गर्दा नियमित रुपमा गर्न सकिने छ। केही क्रियाकलापहरू गाउँपालिकाको दैनिक कार्य सूचीमा पर्दैनन । दैनिक कार्य सञ्चालनमा नपरेका क्रियाकलापहरूलाई कामको अतिरिक्त भार पर्ने भएकाले त्यस्ता क्रियाकलापहरूकालागि बजेटको व्यवस्था गरिएको छ। यस कार्ययोजनामा सिफारिस गरिएका क्रियाकलापहरू सम्पन्न गर्न रु ११ लाख १५ हजार बजेटको आवश्यकता पर्ने अनुमान गरिएको छ।

# परिच्छेद-छ : आगामी ३ वर्षको आय प्रक्षेपण

यस परिच्छेदमा आगामी तीन आर्थिक वर्षहरूका लागि गाउँपालिकाको राजश्व प्रक्षेपण गरिएको छ । राजश्व प्रक्षेपण गर्दा महालेखा परिक्षकले स्वीकृत गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ उल्लिखित शीर्षकगत रुपमा गरिएको छ । गाउँपालिकाको राजश्व अधिकार, हालको आय सङ्कलन अवस्था तथा राजश्व सुधार कार्ययोजना कार्यान्वयन पश्चात आय सङ्कलनमा पार्ने प्रभाव समेतलाई मध्यनजर गर्दै आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ । यस प्रक्षेपणले गाउँपालिकाको आय बजेट तर्जुमा गर्न सहयोग पुग्नेछ ।

## ६.१ राजश्व प्रक्षेपणका विधिहरू

राजश्व प्रक्षेपणका आधार अनुसार राजश्व सुधार योजनामा कम्तिमा आगामी तीन वर्षको लागि राजश्व प्रक्षेपण गरिएको छ । राजश्वका स्रोतहरूलाई एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ (संशोधन सहित) मा तोकिएको ढाँचा अनुसार आय प्रक्षेपण गरिएको छ । आय प्रक्षेपण गर्दा बस्तुगत विश्लेषण समेतका आधारमा सकेसम्म वास्तविकतासँग मेल खाने गरी गरिएको छ ।

**राजश्व प्रक्षेपण गर्दा तपशिलमा उल्लेखित विधिहरू प्रयागे गरिएको छ :**

**तथ्यांकिय आधार :** करदाताको संख्या, करको दर र विद्यमान दायरा सम्बनधी सूचना उपलब्ध भएको शीर्षकमा करदाता संख्या × करको औसत दर × दायरामा ल्याउन सक्ने प्रतिशतबाट प्रक्षेपण गरिएको छ । जस्तै : सम्पत्ति कर, भुमिकर, ब्यवसाय कर, वहाल कर आदि ।

**विगतको राजश्व बृद्धिदर (Trend) को आधार** : करदाता संख्या सम्वन्धी सूचना प्राप्त हुन नसक्ने र समयानुकुल करका दर परिमार्जन हुँदै आएका स्रोतहरूमा विगतको राजश्वको वृद्धिदरलाई आधारमा प्रक्षेपण गरिएको छ । जस्तै : *नक्सापास, सिफारिस दस्तुर आदि ।*

**संभ्कौताको आधार :** कुनै शीर्षकमा आम्दानी प्राप्त हुने गरी विगतमा संभ्कौता भएको अवस्थामा सोही सम्भ्कौतालाई आधार मानी राजश्व प्रक्षेपण गरिएको छ । ज*स्तै :विज्ञापन कर, ढुङ्गा, गिट्टी, वालुवा विक्री, बहाल विटोरी शुल्क (हाट बजार) आदि ।*

**लमसम बृद्धिदर :** स्थानीय तहको नियन्त्रणमा नभएका र संभ्कौता पनि नभएका स्रोतहरू र राजश्व शीर्षक प्राप्तीको अवस्था हेरी केही अनुमानित प्रतिशतमा बृद्धि हुने देखिएमा अनुमानमा प्रक्षेपण गरिएको छ । मुल्य वृद्धि तथा जनसंख्या वृद्धिको योग करिव १० प्रतिशत भएकोले सोलाई आधार मानी गत वर्ष प्राप्त आयमा सोही अनुपातमा बृद्धि गरी आय अनुमान गरिएको छ । उदाहरण : नेपाल सरकार, प्रदेश सरकार तथा अन्य संघसंस्थावाट प्राप्त हुने अनुदान, राजश्व वबाँडफाँट आदि ।

**अनुमान :** कुनै आय स्रोत सम्बन्धी सूचना नभएको र विल्कुलै नयाँ स्रोतको हकमा अनुमानको आधारमा प्रक्षेपण गरिएको छ ।

**शुन्य प्रक्षेपण :** कुनै सम्भावना नभएका आयका स्रोतहरू तथा राजश्व प्राप्त हुने एकीन नभएका स्रोतहरूको प्रक्षेपण गरिएको छैन ।

## ६.२ राजश्व सङ्कलनमा पर्ने असरको प्रारम्भिक आँकलन

राजश्वको शीर्षकहरूको पहिचान गरी दायरा वृद्धि गर्दै जाँदा गाउँपालिकाको आन्तरिक आयमा उल्लेख्य रुपमा प्रभाव पार्ने देखिन्छ । विगतका आ.व.मा दायरामा नआएका राजश्वका शीर्षकहरूको पहिचान गरी करका दायरामा ल्याउँदा राजश्वमा उल्लेख्य मात्रामा वृद्धि हुने आकलन गरिएको छ । आगामी आ.व.मा आन्तरिक आयमा समावेश हुने प्रमुख शीर्षकहरू विश्लेषण तपशिलमा उल्लेख गरिएको छ :

### क) व्यवसाय कर :

व्यवसाय करबाट यस गाउँपालिकाले राम्रो आम्दानी गर्दै आएको छ । गाउँपालिका भए पनि अधिकांश भाग गाउँले भरिएको यस गाउँपालिकामा आउँदा दिनमा बाटोघाटो लगायत अन्य पूर्वाधारको विकासले गाउँपालिकाको ग्रामिण क्षेत्रमा पनि विभिन्न किसिमका व्यवसायहरूको शुरुवात हुँदै गएको पाइन्छ । सबै व्यवसायीहरूलाई करको दायरामा ल्याउँदा व्यवसाय करमा उल्लेख्य मात्रामा आय सङ्कलन हुन सक्ने अनुमान गरिएको छ ।

### ख) घरजग्गा बहाल कर :

यस गाउँपालिकामा घरजग्गा बहाल कर विगतका आ.व.मा पनि सङ्कलन भई आएको छ । यो कर बढी मात्रामा व्यवसायिक प्रयोजन तथा संस्थागत रुपमा भाडामा दिने घरधनीबाट प्राप्त गरिँदै आएको छ । व्यक्तिगत प्रयोजनकोलागि भाडामा लगाइएका घरधनीसँग पनि १० प्रतिशत सङ्कलन गर्दा करको दायरामा वृद्धि हुनेछ र आगामी आर्थिक वर्षमा बहाल कर पनि वृद्धि हुँदै जाने अनुमान गरिएको छ ।

### ग) नक्सा पास दस्तुर :

विगतका आ.व.मा देखि नै नक्सापास दस्तुरको शुरुवात गरिएको छ । यस गाउँपालिकामा बाटोघाटो लगायत अन्य पूर्वाधारको विकास संगै पक्की घर तथा भवनहरूको निर्माण हुँदै गएको पाइन्छ । बस्ती विकास शहरी योजना तथा भवन निमार्ण सम्बन्धी आधारभुत निर्माण मापदण्ड २०७२ अनुसार गाउँपालिकाबाट अनुमति नलिई निर्माण गरिएका घरहरूको घर नक्सा नियमित गर्दा, घरको अभिलेखीकरण गर्दा यस शीर्षकमा उल्लेख्य मात्रामा आय आर्जन हुने सम्भावना रहेको छ ।

### घ) घरजग्गा रजिश्ट्रेशन दस्तुर :

घरजग्गा रजिष्ट्रेशन दस्तुर कोभिड १९ को कारणले थला परेको भएता पनि गत आर्थिक वर्षमा उल्लेख्य मात्रामा सङ्कलन भएकोले आगामी वर्षहरूमा पनि घरजग्गा रजिष्ट्रेशनबाट उल्लेख्य मात्रामा आय वृद्धि हुदैं जाने आंकलन गरिएको छ ।

### ङ) बहाल बिटौरी शुल्क :

यस गाउँपालिकामा विगतका आ.व.मा यस शीर्षकबाट राजश्व सङ्कलन नभएकोमा आगामी आ.व. देखि यस शीर्षकलाई पनि दायरामा ल्याउँदा आन्तरिक आयमा उल्लेख्य मात्रामा वृद्धि हुने आंकलन गरिएको छ ।

## ६.३ राजश्व सुधार कार्ययोजनाका आधारमा राजश्व प्रक्षेपण

राजश्व सुधार कार्ययोजनाको कार्यान्वयन पश्चात्को आगामी तीन वर्ष (आ.व.२०७९/८० देखि २०८१/८२) को लागि राजश्व प्रक्षेपण गरिएको छ । राजश्वको प्रक्षेपण गर्दा विगतका ३ आ.व. को राजश्व वृद्धिदर, चालु आ.व. मा गरिएको अनुमान र चालु आ.व.को मंसिर मसान्तसम्म सङ्कलन भएको आयका आधारमा गरिएको छ । गत आ.व.मा नसमेटिएका आयका शीर्षकहरूको हकमा राजश्व सुधार कार्ययोजनामा उल्लेख गरिएका कार्यक्रमले पार्ने प्रभावलाई मध्येनजर गरी तथ्याङ्कमा आधारित भएर गरिएको छ । स्थानीय तहको आय बृद्धिदर कम्तिमा पनि मूल्य बृद्धि, जनसंख्या बृद्धि र सेवाग्राहीको संख्यामा हुने बृद्धिसंग मिल्दोजुल्दो हुने गरी गरिएको छ । आय प्रक्षेपणका आधारहरूलाई शीर्षकगत रुपमा देहायअनुसार व्याख्या गरिएको छ ।

**तालिका नं. ३३ :** आगामी आ.व.हरूका लागि राजश्व प्रक्षेपाका आधारहरू (रु. हजारमा)

| राजश्व संकेत | राजश्व शीर्षक | २०७८/८९ कुल संभाव्यता | आगामी आ.व.हरूको लागि प्रक्षेपणको आधार |
|---|---|---|---|
| **क.** | **आन्तरिक आय तर्फ** | ६४११५ | |
| ११३१३ | सम्पत्ति कर | ३२६२ | आ.व. २०७९/८० मा कुल सम्भावनाको ८५ प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११३१४ | भूमिकर (मालपोत) | ३२१६ | आ.व. २०७९/८० मा कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११३२१ | घर बहाल कर | १४०४ | आ.व. २०७९/८० मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११४५१ | सवारी साधन कर | ३०० | आ.व. २०७९/८० मा कुल सम्भावनाका ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११४५२ | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ० | अनुमान नगरिएको |
| ११४७० | विज्ञापन कर | ३३९ | आ.व. २०७९/८० मा कूल सम्भावनाको ७० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११६३२ | जडिबुटी तथा कवाडी कर | २५० | आ.व. २०७९/८० मा कूल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११३२२ | बहाल विटौरी शुल्क | ० | अनुमान नगरिएको |
| ११४७९ | अन्य मनोरञ्जन कर | १०० | आ.व. २०७९/८० मा कूल सम्भावनाको ६० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११६९१ | अन्य कर | १०० | आ.व. २०७९/८० मा कूल सम्भावनाको ६० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४६११ | व्यवसाय कर | २०६७ | आ.व. २०७९/८० मा ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११६१३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | २५८ | आ.व.२०७९/८० मा ८० प्रतिशत र त्यसपछिका वर्षहरूमा १० प्रतिशतले बढ्दै जाने |
| १४१५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | ५०० | आ.व. २०७९/८० मा ब्याकहो लोडर, एक्साभेटर, लोडर, रोलर, पानी ट्यांकी, टिप्पर भाडाबाट प्राप्त हुने रकमको ९० प्रतिशत र त्यसपछिका वर्षहरूमा १० प्रतिशतले बढ्दै जाने |
| १४२१२ | सरकारी सम्पत्ति बिक्रिबाट प्राप्त रकम | ५०० | आ.व. २०७९/८० मा फाराम, पुस्तक, नक्सा जस्ता सामग्रीहरूको बिक्रीवाट ७० प्रतिशत सङ्कलन हुने र त्यसपछि वार्षिक १० प्रतिशत बृद्धि हुँदै जाने |
| १४२१३ | अन्य बिक्रिबाट प्राप्त रकम | १०० | कूल सम्भावनाको ६० प्रतिशत त्यस पछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने |

| राजश्व संकेत | राजश्व शीर्षक | २०७८/७९ कुल संभाव्यता | आगामी आ.व.हरूको लागि प्रक्षेपणको आधार |
|---|---|---|---|
| १४२१६ | नीजि धारा वापतको महशुल | १४५ | कूल सम्भावनाको १०० प्रतिशत त्यस पछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | ४०० | कूल सम्भावनाको ७० प्रतिशत त्यस पछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने |
| ० | ढुङ्गा, गिट्टी, बालुवा विक्री | ४१८४० | आ.व.२०७९/८० मा ८० प्रतिशत र त्यसपछिका वर्षहरूमा १० प्रतिशतले बढ्दै जाने |
| ० | *दहत्तर वहत्तर विक्री* | ४०० | आ.व. २०७९/८० मा कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
